सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ कात्तिक २०८१, आइतबार (20 Oct 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १८६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बाढीपहिरोले खानेपानीका १६१६ आयोजनामा क्षति

६ अर्बबराबरको नोक्सानी, २५ लाख जनसंख्या प्रभावित



११ र १२ असोजमा परेको अविरल वर्षापछि आएको बाढीपहिरोले मकवानपुरको थाहा नगरपालिकामा क्षति पुऱ्याएको खानेपानीको पाइप। २६ आयोजनामा १ करोड ६३ लाखबराबरको क्षति भएको नगरपालिकाले जनाएको छ। तस्बिर : **पोष्टराज अधिकारी**/नयाँ पत्रिका

पुनर्निर्माणको तयारी गरिरहेका छौं



● **रमाकान्त दुवाडी**
सहसचिव, खानेपानी मन्त्रालय

खानेपानी नागरिकको आधारभूत आवश्यकता भएकाले क्षति पुगेको खानेपानीको आयोजना पुनर्निर्माणका लागि तयारी गरिरहेका छौं। सानातिना आयोजनाका पुनर्निर्माणका काम सुरुसमेत भइसकेको छ। ठुला आयोजनाको हकमा मन्त्रालयअन्तर्गत खानेपानी विभागले पुनर्निर्माणको काम गर्छ। मझौलाको हकमा केही प्रदेशसँग समन्वय गरेर काम गर्छौं। साना आयोजनाको हकमा स्थानीय तहमा बजेट पठाएर प्राविधिक सहयोग गरेर काम गर्छौं। सबै विवरण यकिन भएपछि तीनै तह समन्वय गरेर अगाडि बढ्छौं।

शान्ति तामाङ/नयाँ पत्रिका

गत १० देखि १२ असोजसम्म परेको अविरल वर्षाका कारण खानेपानी आयोजनामा करिब ६ अर्बबराबरको क्षति पुगेको छ। बाढी र पहिरोले पाँच लाख घरका करिब २५ लाख जनसंख्या प्रभावित भएको खानेपानी मन्त्रालयले प्रारम्भिक अनुमान गरेको छ।

क्षतिग्रस्त ठुला आयोजना पुनर्निर्माण गर्न एक वर्षसम्म लाग्न सक्ने

मन्त्रालयका अनुसार बाढी, पहिरो र डुबानले देशका एक हजार ६१६ खानेपानी आयोजनामा क्षति पुगेको छ। खानेपानीका इन्टेक, पम्पवेल, पाइपलाइन, पानीट्यांकी, प्रशोधन प्लान्ट र अन्य महत्त्वपूर्ण संरचनामा धेरै क्षति पुगेको हो। बाढीले जिआई पाइप, एचडिपिई पाइपलगायतमा

» पृष्ठ २ मा क्रमशः

कुन प्रदेशमा कति क्षति ?

कोशी
क्षतिग्रस्त आयोजना **२६१**
क्षति लागत : **१ अर्ब ११ करोड २२ लाख २ हजार**

मधेश
क्षतिग्रस्त आयोजना **७२**
क्षति लागत : **८८ करोड ९ लाख ५५ हजार**

बागमती
क्षतिग्रस्त आयोजना **८७५**
क्षति लागत : **२ अर्ब ८५ करोड ८४ लाख ६७ हजार**

गण्डकी
क्षतिग्रस्त आयोजना **२०३**
क्षति लागत : **७३ करोड ९७ लाख १५ हजार**

लुम्बिनी
क्षतिग्रस्त आयोजना **५९**
क्षति लागत : **१६ करोड १५ लाख ३० हजार**

कर्णाली
क्षतिग्रस्त आयोजना **१२**
क्षति लागत : **१ करोड ६५ लाख**

सुदूरपश्चिम
क्षतिग्रस्त आयोजना **१३४**
क्षति लागत : **१८ करोड १७ लाख ८९ हजार**

ओली प्रधानमन्त्री भएपछिका तीन महिनामा बढ्यो ८९ अर्ब सार्वजनिक ऋण

लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेको सरकारले पहिलो त्रैमासमै उठायो ३४.८५% आन्तरिक ऋण, तीन महिनामा एक खर्ब ३६ अर्ब ऋण उठाउँदा पुँजीगत खर्च भने २९ अर्ब मात्रै

राजस्व बढ्न नसक्दा ऋण बढाउन दबाब परेको देखिन्छ



● **डा. चन्द्रमणि अधिकारी**, अर्थविद्

अहिले सरकारको आम्दानीभन्दा खर्च धेरै (बजेट घाटा) छ। खर्च धान्नका लागि पनि ऋण परिचालन बढाउन दबाब भएको देखिन्छ। विदेशी ऋण परियोजनामा आउने हुन्। तर, पुँजीगत कार्य नहुँदा वैदेशिक ऋण परिचालन बढ्न सकेको छैन। चालू खर्च बढी भएको छ, तर राजस्व संकलन कमजोर भएको छ। त्यसले गर्दा ऋण प्राप्ति बढाउन दबाब भएको देखिन्छ। समग्रमा स्रोत अभावकै कारण ऋण प्राप्ति बढाउन परेको देखिन्छ।



यसरी पहिलो त्रैमासमा ऋण बढी परिचालन गरेको अवस्थामा आर्थिक वर्षान्तमा स्रोत व्यवस्थापनमा चुनौती हुन सक्छ। लक्ष्यअनुसार राजस्व संकलन नभएको अवस्थामा त्यो चुनौती आउने पक्का छ।

कृष्ण रिजाल/नयाँ पत्रिका

केपी ओली नेतृत्वको सरकार सय दिन पूरा गर्ने सम्मुखमा छ। उनी प्रधानमन्त्री भएको तीन महिना (साउन-असोज)मा मात्रै देशको सार्वजनिक ऋण ८८ अर्ब ९४ करोड रुपैयाँले बढेको छ। योसँगै असोज मसान्तसम्म सरकारको थाप्लोमा २५ अर्ब २३ अर्ब तीन करोड सार्वजनिक ऋण पुगेको छ। यसअघि ०८०/८१ को अन्त्यसम्म २४ खर्ब ३४ अर्ब नौ करोड ऋण थियो। ओली ३० असारमा प्रधानमन्त्री भएका थिए।

पछिल्लो तीन महिनामा सरकारले एक खर्ब ३६ अर्ब रुपैयाँ ऋण उठाएको छ भने ६९ अर्ब सावाँ भुक्तानी गरेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार असोज मसान्तसम्ममा सरकारले तिर्न बाँकी ऋण आन्तरिकतर्फ १२ खर्ब ३६ अर्ब ३० करोड र बाह्यतर्फ १२ खर्ब ८६ अर्ब ७३ करोड पुगेको छ। देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को तुलनामा सार्वजनिक ऋण ४४.२३ प्रतिशतबराबर पुगेको छ।

» पृष्ठ २ मा क्रमशः

पहिलो त्रैमासमै २५ प्रतिशत ऋण उठाएको सरकारले राजस्व भने साढे १७ प्रतिशत मात्रै संकलन

सरकारले पहिलो त्रैमासमै वार्षिक लक्ष्यको २४.९२ प्रतिशत ऋण उठाएको छ। तर, राजस्व भने वार्षिक लक्ष्यको १७.४९ प्रतिशत मात्रै संकलन गर्न सकेको छ। सरकारले चालू आर्थिक वर्षमा पाँच खर्ब ४७ अर्ब ऋण परिचालन गर्ने लक्ष्य राखेकोमा असोज मसान्तसम्म एक खर्ब ३६ अर्ब ऋण उठाइसकेको छ। त्यस्तै, यस आवमा १४ खर्ब १९ अर्ब राजस्व संकलनको लक्ष्य लिएको थियो। असोज मसान्तसम्म तीन खर्ब नौ अर्ब ९२ करोड राजश्व उठाउने लक्ष्य थियो। तर, दुई खर्ब ४८ अर्ब मात्रै संकलन गरेको छ। अझ जति ऋण उठाएको छ त्यसको एकचौथाइ पनि पुँजीगत खर्च गर्न सकेको छैन। असोज मसान्तसम्ममा पुँजीगत खर्च वार्षिक लक्ष्यको ८.३४ प्रतिशत अर्थात् २९ अर्ब ३७ करोड गरेको हो। यसरी पहिलो त्रैमासमा ऋण बढी परिचालन गरेको अवस्थामा आर्थिक वर्षान्तमा स्रोत व्यवस्थापनमा चुनौती हुन सक्ने अर्थशास्त्री प्रा.डा. चन्द्रमणि अधिकारी बताउँछन्।

■ तीनवर्षे अघिल्लो कार्यकालमा पनि दोब्बरले बढेको थियो ऋण

ओली प्रधानमन्त्री बन्दा नौ खर्ब १७ अर्ब ३१ करोड रहेको देशको ऋण उनी सत्ताबाट बाहिरिँदा १७ खर्ब २९ अर्ब ४२ करोड पुगेको थियो

केपी ओली अघिल्लोपटक प्रधानमन्त्री हुँदा (३ फागुन ०७४ देखि २९ असार ०७८ सम्म) पनि सार्वजनिक ऋण अस्वाभाविक रूपमा बढेको थियो। उनी प्रधानमन्त्री हुँदा ०७४/७५ मा नौ खर्ब १७ अर्ब ३१ करोड रहेको ऋण उनी सत्ताबाट बाहिरिँदा ०७७/७८ मा १७ खर्ब २९ अर्ब ४२ करोड पुगेको थियो। प्रधानमन्त्री रोजगार कार्यक्रम, सांसद विकास कोषजस्ता अनुत्पादक र वितरणमुखी कार्यमा बजेट सकेको आरोप उनीमाथि लाग्दै आएको छ। तर, ओलीले भने भूकम्पपछिको पुनर्निर्माण र कोभिड महामारीविरुद्धको लडाइँमा ऋण बढेको दाबी गर्दै आएको छ।

त्यतिखेर राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले ओली सरकारलाई भावी पुस्तालाई असहज नहुने गरी ऋण परिचालन गर्न सुझाव दिएको थियो। ऋण उच्च रूपमा बढेको तथा सावाँ भुक्तानी नियमित नभएको आयोगले औंल्याएको थियो। १५ वैशाख ०७७ मा सरकारलाई आर्थिक वर्ष ०७७/७८ को बजेटमा आन्तरिक ऋण परिचालनका लागि दिएको सुझावमा भनिएको छ, 'पछि फिर्ता दिने-लिने सर्तमा आन्तरिक ऋण लिइने हुँदा भविष्यमा प्रतिफलसहित सो ऋणको भुक्तानी गर्नुपर्ने हुन्छ। तसर्थ, आन्तरिक ऋण लिँदा त्यसको उपयोग तथा त्यसले अर्थतन्त्रमा पार्ने प्रभावबारे राम्ररी विचार गरेर मात्र ऋण लिनुपर्छ। ऋणको भुक्तानी गर्दा अतिरिक्त बोझ महसुस गर्नु नपर्ने गरी र भावी पुस्ताले समेत भुक्तानी गर्नुपर्दा पनि असहजता महसुस गर्न नपर्ने गरी आन्तरिक ऋणको परिचालन तथा उपयोग गर्नुपर्छ। आर्थिक विकासका लागि आवश्यक योजनाहरूको कार्यान्वयनमा सहयोग पुग्ने गरी आन्तरिक ऋणको उपयोग गर्नुपर्छ। आन्तरिक ऋणको उपयोग अनुत्पादक क्षेत्रमा हुन नपाओस् भन्ने विषयमा त्यतिकै सजग हुनुपर्छ।' त्यस्तै, महालेखाले पनि आफ्नो ५८औँ वार्षिक प्रतिवेदनमा ऋण लिएर पनि उपयोग नगर्दा ऋण लागत बढेको औंल्याएको थियो।

रविलाई पक्राउ गर्न राज्यको हतारो, बोलाइएका थिए बिदामा बस्न खोजेका न्यायाधीश

नयाँ पत्रिका

घटस्थापनाको दिनदेखि नै बन्द रहेको कास्की जिल्ला अदालत शुक्रबार मात्रै खुलेको थियो। सात न्यायाधीश कार्यरत उक्त अदालतमा शुक्रबार कोही पनि उपस्थित थिएनन्। तर, न्यायाधीश कृष्णजंग शाहलाई अपराह्नतिर हतार-हतार अदालत बोलाइयो। कार्यालय समय सकिएपछि करिब साढे २ बजेतिर अदालत पुगेर उनले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई पक्राउ गर्न अनुमति दिए।



न्यायाधीश कृष्णजंग शाह

स्रोतका अनुसार शुक्रबार ६ न्यायाधीश बिदामै थिए। शाह पनि बिदामा बस्न खोजेका थिए। तर, लामिछानेलाई शुक्रबारै पक्राउ गर्ने सरकारको योजनाअनुसार नै उनलाई हतारमा बोलाएर पक्राउ अनुमति लिइएको थियो। दसैँ बिदामा नेपालगन्जस्थित घरमा रहेका उनलाई जसरी पनि शुक्रबार हाजिर हुन माथिल्लो तहबाट खबर

» पृष्ठ २ मा क्रमशः

■ रवि पक्राउको विरोधमा काठमाडौं, पोखरादेखि महेन्द्रनगरसम्म प्रदर्शन



सभापति रवि लामिछाने पक्राउको विरोधमा माइतीघर मण्डलमा प्रदर्शन गर्दै रास्वपा कार्यकर्ता। माइतीघरसहित चितवनको चौबिसकोठी, वीरगन्जको घण्टाघर, महोत्तरीको बर्दीवास, कञ्चनपुरको महेन्द्रनगरलगायत विभिन्न जिल्लामा प्रदर्शन भएको छ। (**विस्तृत समाचार पृष्ठ ३**)

दलित आन्दोलनका नाममा



अग्रलेख

● सञ्जीव कार्की

खण्डीकरण, दलीयकरण र बहिष्करणले गर्दा दलित आन्दोलन यस समुदायको एकीकृत तागत बन्न सकिरहेको छैन

(लेख पृष्ठ ४)

द्वन्द्वग्रस्त क्षेत्रमा यसकारण जलवायु कार्य अपरिहार्य



बहस

● ओथमान बेल्बेसी

आगामी वर्षमा खडेरी, पानीको कमी र चरम मौसमी घटनाले विस्थापन दरमा तीव्र वृद्धि ल्याउनुका साथै कमजोर सार्वजनिक प्रणालीमा थप दबाब दिने र लाखौंको जीवन अवस्था बिग्रने सम्भावना

(पृष्ठ ५)

माथिल्लो तामाकोशी बन्द हुँदा असोजमा मात्रै ८५ करोड नोक्सानी



तीन हप्ताभित्र आंशिक सञ्चालनमा ल्याइने

(विस्तृत पृष्ठ ६)



■ सिजन २०२४/२५

धेरै कमाउने फुटबल खेलाडी

(समाचार पृष्ठ ८)

मन्त्री क्वार्टरको ढल स्थानीयको घरअगाडि सडकमा

क्वार्टरभित्रको ढल सडकमै बग्दा आसपासका क्षेत्र दुर्गन्धित भएपछि जनता आक्रोशित, कालो सिसाका गाडीमा हिँड्ने मन्त्रीहरू बेपरवाह

● **विजया कुँवर**, स्थानीय



मन्त्रीहरू बस्नका लागि बनाइएको क्वार्टर व्यवस्थित छ। तर, बाहिर सडकमा ढल छाडिएको छ। मन्त्री आउँदा-जाँदा यहाँका समस्या देख्दैनन्। पटक-पटक सडक र ढल व्यवस्थापन गर्न आग्रह गर्दा पनि मन्त्रीज्यूहरूले सुन्नुभएन।

शिवहरि घिमिरे/नयाँ पत्रिका

कालो सिसा भएका गाडीमा हिँड्ने मन्त्रीहरू बाहिरको दुनियाँसँग कतिसम्म बेपरवाह हुन्छन् भन्ने उदाहरण हेर्न भैंसेपाटीस्थित नवनिर्मित मन्त्री क्वार्टर पुग्दा थाहा हुन्छ। चमकधमकसहितको मन्त्री क्वार्टरको ढल सडकमै खुला रूपमा छाडिएको छ। क्वार्टरभित्रकै ढल सडकमै बग्दा गनाएर बसिनसक्नु छ। तर, झन्डा फहराउँदै कालो सिसामा हिँड्ने मन्त्रीहरू न ढल देख्छन्, न त बिग्रिएको सडक नै।

मन्त्री क्वार्टरको दिसापिसाबसहितको ढल सडकमा छाडिएपछि आसपासमा दुर्गन्ध फैलिएको छ। घरअगाडि तथा सडकमा क्वार्टरको ढल तथा फोहोर पानी बगेपछि स्थानीय आजित र असन्तुष्ट छन्। तर,

» पृष्ठ २ मा क्रमशः





भैंसेपाटीस्थित नवनिर्मित मन्त्री क्वार्टरको पूर्व, उत्तर र दक्षिणतर्फ वाल लगाइए पनि पश्चिमतर्फ भने अस्तव्यस्त छ। टहराले मन्त्री क्वार्टर परिसर छुट्याएको छ। वरिपरिको ढल निकास छैन। मन्त्री क्वार्टरबाट आउने सबै ढल सडक तथा स्थानीयको घरअगाडि बग्ने गर्छ। जसका कारण दुर्गन्ध फैलिएको स्थानीय बताउँछन्। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ २७ वटा भवनको ढल सडकमा, समस्या के हो ?

नयाँ मन्त्री क्वार्टरमा २७ वटा भवन छन् र ती सबैको ढल सडकमा बग्छ। बाहिरबाट भवन टल्लक टल्किएका देखिन्छन्। कम्पाउन्डभित्रका सबै सडक, बर्गैंचा, खानेपानीको पाइपलाइन र ढल व्यवस्थित छ। तर, कम्पाउन्डबाहिर समस्या छ। व्यवस्थित क्वार्टरको ढल भने जनताको घरअगाडि र सडकमा बग्छ। योजनाअनुसार क्वार्टरभित्रको ढल नक्खु खोलासम्म जोड्नुपर्ने हो। तर, सहरी विकास तथा भवन निर्माण विभागले सडक विवाद देखाएर ढल सडकमै छाडिदिएको छ। विभागका महानिर्देशक मचाकाजी महर्जनले क्वार्टरबाहिरको ढल र सडक व्यवस्थापन हुन नसक्नुको कारण सडकको चौडाइसम्बन्धी विवाद हो। विवाद टुंग्याउन नसकेको विभाग ढल निकास र सडक अलपत्र पारेर बसेको छ। हाल क्वार्टरको पश्चिमतर्फको सडकको चौडाइ पाँच मिटर छ। स्थानीयले ११ मिटर बनाउनुपर्ने र त्यसका लागि मन्त्री क्वार्टरले जग्गा छाड्नुपर्ने माग राखेका छन्। तर, विभागले सडक फराकिलो पार्न जग्गा दिन मानेको छैन। सडक विभाग जनताको जग्गामा मन्त्री क्वार्टरको ढल बनाउन चाहिरहेको छ। 'ढल र सडक व्यवस्थापन गर्न खोजेका हौं। तर, स्थानीयले सडक चौडा पार्न मन्त्री क्वार्टर क्षेत्रको जग्गा छाड्नुपर्ने अडान राख्नुभएको छ,' उनले भने, 'मन्त्री क्वार्टरभित्रको जग्गा सडकलाई दिँदा क्याबिनेटको निर्णय चाहिन्छ। तर, यो विषय क्याबिनेट पुगेको छैन।' उनका अनुसार उक्त ढल निकासका लागि आथिक वर्ष ०८१/८२ मा एक करोड ५३ लाख छुट्याइएको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ओली...

पृष्ठ १ बाट क्रमशः

सरकारले चालू आर्थिक वर्षमा पाँच खर्ब ४७ अर्ब ऋण परिचालन गर्ने लक्ष्य राखेको छ। असोज मसान्तसम्ममा एक खर्ब १५ अर्ब रुपैयाँ आन्तरिक ऋण र २१ अर्ब ३१ करोड बाह्य ऋण प्राप्त गरेको छ। यस अवधिमा ५९ अर्ब ६० करोड आन्तरिक ऋणको सावाँ र नौ अर्ब ४३ करोड बाह्य ऋणको सावाँ भुक्तानी गरेको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति २४.९२ प्रतिशत छ। जसमध्ये आन्तरिक ऋण ३४.८५ प्रतिशत र बाह्य ऋण प्राप्ति ९.८२ प्रतिशत छ।

अर्थविद् डा. चन्द्रमणि अधिकारी सरकारको आम्दानीभन्दा खर्च धेरै हुँदा ऋण परिचालन बढाउन दबाब भएको बताउँछन्। 'अहिले सरकारको आम्दानीभन्दा खर्च धेरै (बजेट घाटा) छ। खर्च धान्नका लागि पनि ऋण परिचालन बढाउन दबाब भएको देखिन्छ। विदेशी ऋण परियोजनामा आउने हुन्। तर, पुँजीगत कार्य नहुँदा वैदेशिक ऋण परिचालन बढ्न सकेको छैन। चालू खर्च बढी भएको छ, तर राजस्व संकलन कमजोर भएको छ। त्यसले गर्दा ऋण प्राप्ति बढाउन दबाब भएको देखिन्छ,' उनले भने, 'समग्रमा स्रोत अभावकै कारण ऋण प्राप्ति बढाउन परेको देखिन्छ। यसरी पहिलो त्रैमासमा ऋण बढी परिचालन गरेको अवस्थामा आर्थिक वर्षान्तमा स्रोत व्यवस्थापनमा चुनौती हुन सक्छ।'

ब्याजमै भयो १४ अर्ब खर्च

सार्वजनिक ऋण बढ्दै जाँदा ऋण भुक्तानीमा हुने खर्चसमेत बढेको देखिन्छ। चालू आवको तीन महिनामा सरकारले ऋणको सावाँ-ब्याज भुक्तानीमा ८३ अर्ब सात करोड खर्च गरेको छ। यस अवधिमा ६९ अर्ब तीन करोड सावाँ फिर्ता गरेको सरकारले ब्याजमा १४ अर्ब चार करोड खर्चिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक छ। तीन महिनामा आन्तरिक ऋणको ब्याज ११ अर्ब ८५ करोड र बाह्य ऋणको ब्याज दुई अर्ब १९ करोड भुक्तानी गरेको हो।

चालू आर्थिक वर्ष ०८१/८२ मा ऋण सेवा खर्चमा चार खर्ब दुई अर्ब वार्षिक बजेट विनियोजन गरिएको थियो। असोज मसान्तसम्ममा वार्षिक विनियोजनको २०.६२ प्रतिशत ऋण सेवामा खर्च भएको छ। कुल गार्हस्थ्य उत्पादनका आधारमा असोज मसान्तसम्ममा कुल ऋण सेवा खर्च १.४६ प्रतिशत छ।

रविलाई...

पृष्ठ १ बाट क्रमशः

पठाइएको स्रोत बताउँछ।

लामिछानेलाई पक्राउ पुर्जी अनुमतिका लागि जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुखसहितको टोली अदालत गएका थिए। उनीहरू अदालत पुग्दा अदालतमा कोही पनि न्यायाधीश थिएनन्। लामिछानेकै मुद्दामा धेरै न्यायाधीश पन्छिन खोजेर पनि बिदामा बसेको जिल्ला अदालतका एक कर्मचारी बताउँछन्। न्यायाधीश शाह साढे २ बजे कार्यालय पुगेपछि कास्कीका एसपी श्यामबाबु ओलिया र डिएसपी वसन्त शर्माले पक्राउ पुर्जी लिएका थिए। प्रहरीले अपराह्न करिब ४ बजे मात्रै पक्राउ अनुमति पाएको थियो। न्यायाधीश शाह गत १५ साउनमा अर्घाखाँचीबाट कास्की सरुवा भएका थिए। उनी कांग्रेसनिकट मानिन्छन्।

बाढीपहिरोले...

पृष्ठ १ बाट क्रमशः

समेत क्षति पुगेको छ। फोहोर पानी प्रशोधन प्लान्टहरूको संरचना र घरायसी तथा संस्थागत शौचालयमा समेत क्षति पुगेको मन्त्रालयले जनाएको छ।

प्राकृतिक विपत्तिले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) अन्तर्गत करिब एक अर्ब रुपैयाँबराबरको क्षति पुगेको छ। काभ्रेस्थित तेमाल खानेपानी आयोजनामा मात्र करिब १० करोडको क्षति पुगेको मन्त्रालयको प्रारम्भिक अनुमान छ। मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर वीरेन्द्र कँडेलका अनुसार काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, उदयपुर, सुनसरीलगायत ५८ जिल्लाका खानेपानीका संरचनामा क्षति पुगेको छ। प्रारम्भिक तथ्यांक भएकाले यसमा थपघट हुन सक्ने उनको भनाइ छ। 'यो प्रारम्भिक तथ्यांक हो। विपत्को यो वेलामा कतिपयले पहिले नै विभिन्न कारण क्षति भएका आयोजनालाई पनि अहिले नै समेटेर पठाएको हुन सक्छन्। कतिपय अवस्थामा जति संरचनामा क्षति पुगेको हो, त्यसअनुसारको विवरण प्राप्त नभएको हुन पनि सक्छ,' कँडेलले भने।

क्षतिग्रस्त ठुला आयोजना पुनर्निर्माण गर्न एक वर्षसम्म लाग्न सक्ने

खानेपानी मन्त्रालयका अनुसार ठुला आयोजनाको पुनर्निर्माण र पुनर्स्थापनाका लागि एक वर्षसम्म समय लाग्न सक्नेछ। मन्त्रालयका सहसचिव रमाकान्त दुवाडीले साना आयोजनाको पुनर्निर्माणका लागि दुई-चार हप्ता, मझौला आयोजनाको पुनर्निर्माण गर्न चार-पाँच महिना र ठुला आयोजना पुनर्निर्माणका लागि एक वर्षसम्म लाग्न सक्ने बताए। 'खानेपानी नागरिकको आधारभूत आवश्यकता भएकाले क्षति पुगेको खानेपानीको आयोजना पुनर्निर्माणका लागि तयारी गरिरहेका छौं। सानातिना आयोजनाका पुनर्निर्माणका काम सुरुसमेत भइसकेको छ,' उनले भने।

मन्त्रालयले क्षति पुगेका खानेपानी आयोजनाका पुनर्निर्माणका लागि वित्तीय स्रोत जुटाउनेलगायत काम गरिरहेको जनाएको छ। 'क्षति पुगेका खानेपानी आयोजनाको यकिन भइसकेपछि जहाँ क्षति पुगेको हो, त्यहाँको स्थानीयस्तरमा प्रहरीको मुचुल्कासहित सम्बन्धित पालिकाबाट प्रमाणीकरण भएपछि हाम्रा २० वटा संघीय आयोजनाका कार्यालयले मन्त्रालयमा विस्तृत विवरण पठाउनुहुन्छ। आयोजना सम्पन्न नभएकाको हकमा बिमा रकम दाबी गर्छौं,' उनले भने, 'ठुला आयोजनाको हकमा मन्त्रालयअन्तर्गत खानेपानी विभागले पुनर्निर्माणको काम गर्छ। मझौलाको हकमा केही प्रदेशसँग समन्वय गरेर काम गर्छौं। साना आयोजनाको हकमा स्थानीय तहमा बजेट पठाएर प्राविधिक सहयोग गरेर काम गर्छौं। सबै विवरण यकिन भएपछि तीनै तह समन्वय गरेर अगाडि बढ्छौं।'

खानेपानी मन्त्रालयका अनुसार बाढीपहिरोले देशका धेरै ठाउँमा मेसिनरी, मुहान, ट्रान्समिसन, पम्पलगायत ध्वस्त बनाएको थियो। दक्षिणकाली, नख्खु, काभ्रेको पनौती, महोत्तरीलगायत ठाउँमा खानेपानीका संरचनामा धेरै क्षति पुगेको खानेपानीमन्त्री प्रदीप यादवले जानकारी दिए। 'केही ठाउँमा दुई किलोमिटरसम्म पाइप बगाएको छ,' उनले भने। क्षतिग्रस्त संरचना निर्माणका लागि विपत् कोषबाट बजेट माग्गिएको उनले बताए। 'संरचना पुनर्निर्माणको काम थालेका छौं। नियमित बजेटमा बन्न सक्ने अवस्था छैन। विपत् व्यवस्थापन कोषबाट माग गरेका छौं,' उनले भने। पछिल्लो बाढीपहिरोपछि काठमाडौं उपत्यकामा खानेपानी अभाव हुने चिन्ता गरिएको भन्दै उनले तीनै तहको सरकार मिलेर समाधान गर्नुपर्ने बताए।

उपत्यकामा दैनिक ४३ करोड लिटर खानेपानी माग, वितरण २५ करोड लिटर मात्र

केयुकेएलका अनुसार उपत्यकामा दैनिक ४३ करोड लिटर खानेपानीको माग छ। तर, केयुकेएलले करिब १८ करोड लिटर वितरण गर्दै आएको थियो। बाढी र पहिरोका कारण यसमा पनि करिब आठ करोड लिटरमा सीमित छ। केयुकेएलका अनुसार अझै पनि १८ करोड लिटर पानी अभावको अवस्था छ। 'बाढी र पहिरोले क्षति पुगेको वितरण सञ्जाल, मुहान क्षेत्रलगायत मर्मत गर्दै पानी वितरण गर्दै अघि बढिरहेका छौं,' केयुकेएलका प्रवक्ता प्रकाश राईले भने, 'सामान्य समयमा यो वेला तीनदेखि चार दिन बिराएर पानी वितरण गर्थ्यौं। तर, अहिले सातदेखि आठ दिन बिराएर पानी वितरण गर्दै आएका छौं।' दसैंअगाडि नै मेलम्चीबाट ल्याइएको करिब १७ करोड लिटर पानी राजधानीमा वितरण भइरहेको छ।

मकवानपुरको थाहा नगरपालिकाको विभिन्न खानेपानी आयोजनामा बाढीपहिरोले डेढ करोडभन्दा बढीको क्षति पुऱ्याएको छ। कुल २६ वटा खानेपानी आयोजनामा करिब एक करोड ६३ लाख रुपैयाँबराबरको क्षति भएको नगरपालिकाले जनाएको छ। नगरपालिकाका सूचना अधिकारी सुरज भुजेलले बाढीपहिरोले खानेपानी आयोजनाका १८ वटा इन्टेकमा क्षति पुगेको जानकारी दिए। उनका अनुसार २४ वटा खानेपानीको रिजर्भ ट्यांकी, विभिन्न साइजका १६ हजार १७० मिटर पोलिथिन पाइप र एक हजार ३२४ मिटर जिआई पाइपमा क्षति पुगेको छ।

ललितपुरका दक्षिण भेगका तीन गाउँपालिकामा खानेपानीको समस्या

नयाँ पत्रिका

१२ असोजमा आएको बाढीले ललितपुरको पहाडी तथा ग्रामीण क्षेत्र पर्ने दक्षिण ललितपुर धेरै प्रभावित बन्यो। बाढीका कारण झन्डै एक सातासम्म सडक र टेलिफोन सेवा ठप्प थियो। ठाउँठाउँमा पहिरो जानुका साथै अधिकांश बस्ती डुबानमा परे। बागमती, महांकाल र कोन्ज्योसोम गाउँपालिकाका आठ सय घरधुरीमा क्षति पुगेको थियो। बाढीपहिरोकै कारण यस क्षेत्रमा मूल मुहान र पानीका जरुवामा क्षति पुग्यो। बाढीपहिरोपछि अधिकांश मुहान सुकेका छन्। बाढीपहिरोका कारण महांकाल गाउँपालिकामा १३, कोन्ज्योसोम र बागमती गाउँपालिकामा तीन-तीनजनाको ज्यान गएको थियो। तीनजना अझै बेवत्ता छन्।

कृषि तथा पशुपालनका लागि उर्वर मानिने दक्षिण ललितपुर क्षेत्रका ३० भन्दा बढी गाईगोठ बगाएको छ। बाढीपहिरोका कारण तीन गाउँपालिकाका घर पूर्ण क्षति भएर चार दर्जनभन्दा बढी परिवार टहरामा बस्दै आएको जिल्ला प्रशासन कार्यालय ललितपुरले जनाएको छ। कतिपय स्थानीय छिमेकीको घर, स्कुल र सामूहिक रूपमा आश्रय लिइरहेका छन्। महांकाल गाउँपालिकाको गोटीखेलमा सबैभन्दा बढी खानेपानीको समस्या देखिएको छ। मानीखेल, ठोट्नेखोला आसपासका बस्तीमा पनि खानेपानीको हाहाकार छ। महांकाल गाउँपालिकाभित्र रहेका आठ स्थानमा खानेपानी संरचना भत्किएका छन्।

बागमती गाउँपालिकाका प्रमुख वीरबहादुर लोप्चनले खानेपानीको हाहाकार भइरहेको ठाउँमा सामूहिक रूपमा खानेपानीको व्यवस्था मिलाएको बताए। कोन्ज्योसोम गाउँपालिकाका उपाध्यक्ष राजनप्रसाद घिमिरेले खानेपानीलाई प्राथमिकता दिएर काम गरेको बताए। तर, गाउँपालिकामा बाढीका कारण विस्थापित हुने अवस्थामा पुगेका परिवारका लागि बसोवासको व्यवस्था भने पालिकाले गर्न सकेका छैनन्।

मन्त्री क्वार्टरको...

पृष्ठ १ बाट क्रमशः

यी सबै समस्यामा मन्त्रीहरूलाई चासो छैन। राज्यका माथिल्लो तप्काका पदाधिकारी नजिकै सरेपछि सबै कुरा व्यवस्थित हुने अपेक्षा गरेका स्थानीयले उल्टै ढलको दुर्गन्धको सामना गर्नुपरेको छ।

मुख्यतः मन्त्री क्वार्टरको पश्चिमतर्फको सडकमा समस्या छ। पुरानो ढल तथा नाली जीर्ण बनेपछि मन्त्री क्वार्टरपछाडि पर्ने बस्तीको ढलको निकास रोकिएको छ। आफ्नो घर क्षेत्रको ढलको निकास नभइरहेको अवस्थामा फेरि मन्त्री क्वार्टरको ढलसमेत सडकमै बग्न थालेपछि स्थानीय चिन्तित छन्। कतिपय स्थानीयको घरको ढलसमेत सडकमै बगेको छ। एकातर्फ अप्ठेरो सडक र त्यसमाथि ढलसहितको पानी बग्दा आवतजावत नै अस्तव्यस्त छ। सडकवरिपरिको ढल पनि व्यवस्थापन भएको छैन।

उच्च ओहदाका व्यक्तिले आफूहरूको समस्या नजरअन्दाज गरेको स्थानीयको गुनासो छ। मन्त्री क्वार्टरनजिकै घर भएका स्थानीयवासी अशोक राईले लामो समयदेखि ढल फुटेर सडकमा आउँदा पनि व्यवस्थापन नभएको बताए। 'क्वार्टर नबन्दा बरु ठिकै थियो, बनेपछि ढल नै सडकतिर आउन थाल्यो,' उनले भने, 'दिसापिसाबसहितको ढल सडकमा मिसिएको छ। दुर्गन्धले बसिनसक्नु भएको छ।'

स्थानीय राजेश पन्तको परिवार पनि मन्त्री क्वार्टरबाट निस्किने ढल गनाएर हैरानीमा छ। मन्त्रीहरू बस्ने ठाउँमा विकास आउला भन्दा थप समस्या आएको, तर मन्त्रीहरूले अस्तव्यस्त सडक र दुर्गन्ध फैलिएको ढल नदेखेको बताए। 'यहाँको खानेपानीको पाइपमा ढल मिसिएको छ, धाराको पानीमा ढल आउन थालेको छ, क्वार्टरभित्र चमकधमक छ, तर बाहिरको समस्या भित्र बस्नेले देखेनन्,' उनले भने।

मन्त्री क्वार्टरको पूर्व, उत्तर र दक्षिणतर्फ वाल लगाए पनि पश्चिमतर्फ भने अस्तव्यस्त छ। टहराले मन्त्री क्वार्टर परिसर छुट्याएको छ। वरिपरिको ढल निकास छैन। मन्त्री क्वार्टरबाट आउने सबै ढल सडक तथा स्थानीयको घरअगाडि बग्ने गर्छ। जसका कारण दुर्गन्ध फैलिएको स्थानीय बताउँछन्।

मन्त्री क्वार्टरवरिपरि पर्खाल लगाउने, सडक बनाउने र ढल निकास गरिदिने काम पनि सहरी विकास मन्त्रालयकै हो। तर, मन्त्रालयले हतारहतार मन्त्री क्वार्टर तयार पारेर मन्त्रीलाई भैंसेपाटीमा सारे पनि वरिपरिको अस्तव्यस्तता हटाउन सकेको छैन।

स्थानीय विनोद कुँवरले मन्त्री क्वार्टर भैंसेपाटीमा सरेपछि विकासको अपेक्षा गरेका छन्। उनका अनुसार बाहिरको ढल व्यवस्थापन हुन नसकिरहेका वेला क्वार्टरभित्रको ढल पनि सडकमा बगेर डुडडुङ गनाउन थालेको छ। वरिपरिका सडक थप खाल्टाखुल्टीमा परिणत भएका छन्। मन्त्री क्वार्टरमा पानी लैजान पाइपलाइन बिछ्याउँदा पुरानो पाइपलाइन बिग्रिएको छ। खानेपानीको ट्यांकी तथा पाइपमा ढल पसेको छ।

स्थानीय विजया कुँवरले पनि मन्त्री क्वार्टर सरेपछि स्थानीयलाई थप सास्ती र हैरानी भएको बताइन्। 'मन्त्रीहरू बस्नका लागि बनाइएको क्वार्टर व्यवस्थित छ। तर, बाहिर सडकमा ढल छाडिएको छ। मन्त्री आउँदा-जाँदा यहाँका समस्या देख्दैनन्,' उनले भनिन्, 'पटक-पटक सडक र ढल व्यवस्थापन गर्न आग्रह गर्दा पनि मन्त्रीज्यूहरूले सुन्नुभएन। यो समस्या ललितपुर महानगरलाई पनि भनेका थियौं। तर, महानगरले पनि यहाँको सडक, खानेपानीको समस्या र ढल व्यवस्थापनमा चासो दिएन।'

गत वैशाखदेखि मन्त्रीहरू भैंसेपाटीको क्वार्टरमा सरेका थिए। मन्त्रीहरू बस्नका लागि भित्री सबै संरचना व्यवस्थित भए पनि ढल व्यवस्थापन र सडक मर्मतको काम बाँकी छ। जिम्मेवार निकाय सहरी विकास मन्त्रालयका सहायक प्रवक्ता चन्द्रकाजी गुरुङ यसबारे मन्त्रालयका पदाधिकारीलाई थाहा नभएको बताए। 'यस विषयमा इन्जिनियरलाई थाहा होला। हामीलाई थाहा छैन। सहसचिव तथा सचिवज्यूलाई पनि यो समस्याबारे थाहा छैन,' उनले भने।





Gandaki Rural Municipality
Office of Rural Municipal Executive
Bhulmichok, Gorkha
Gandaki Province, Nepal

Notice for Opening of Price Bids

Date of publication: 2081/07/04

Pursuant of clause 31 (nga), Sub clause 5 of Public Procurement Regulation, 2064 (including amendments), this is to notify all the concerned bidders, participated in the bidding of contract invited through IFB no: **GRM/WORKS/NCB/01/2081/82** published on Naya Patrika National Daily dated **2081/05/11 (27th August, 2024)**. The technical bids of following listed bidders for contracts are qualified. All the qualified bidders are notified to participate in opening of price bids scheduled on **2081/07/11 (27th October, 2024) 13:00 hours** at the **Gandaki Rural Municipality Office, Gorkha**.

S.N	Contract ID/Project Name	Name and Address of Qualified Bidders
1	GRM/WORKS/NCB/01/2081/82 Upgrading of Phisling – Bhairabi Road (Phase-II)	Ethical – Shubha Bihani JV, Kathmandu
		O.S. Engineering/Dhading Nilkantha JV, Dhading
		Siraichuli- A- One JV, Chitwan
		Grand Infrastructure Nepal Pvt.Ltd., Kathmandu

Chief Administrative Officer

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Bhairahawa Lumbini Groundwater Irrigation Management Office
Siddharthanagar Municipality-9, Anchalpur, Rupandehi

Invitation for Bids

Date of Publication: 2081/07/04

Bhairahawa Lumbini Groundwater Irrigation Management Office invites electronic bids from Nepalese eligible bidders for the following works under NCB bidding procedure. Bidder may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

Contract No.	Description and Location of Work	Estimated Amount (Including VAT and Insurance) NRs.	Bid Security Amount (NRs)
BLGWIMO/TMGWIP/NCB/DTW/081/82-01	Construction of 250/150 mm dia Deep Tubewell and Pump Test Work in Kapilvastu Na.Pa. 11, Kapilvastu Na.Pa. 10 (Pipara), Krishnanagar Na.Pa. 12 (Bhagawanpur), Suddhodhan Ga.Pa. 3 (Asuraina), Mayadevi Ga.Pa. 4 (Pipara) of Kapilvastu District	15594405.45	**400000**
BLGWIMO/TMGWIP/NCB/DTW/081/82-02	Construction of 250/150 mm dia Deep Tubewell and Pump Test Work in Bijayanagar Ga.Pa. 6 (Baddor and Jutpaniya) of Kapilvastu District	7448722.53	**190000**
BLGWIMO/TMGWIP/NCB/DTW/081/82-03	Construction of 250/150 mm dia Deep Tubewell and Pump Test Work in Tilottma Na.Pa. 8 (Suryapura), Devdaha Na.Pa. 8(Bishalnagar), Lumbini Sanskritik Na.Pa. 12(Bajrahi) & Mayadevi Ga.Pa. 4(Sundi) of Rupandehi District	13346167.79	**350000**

Office Chief

श्री विष्णु जनज्योति माध्यमिक विद्यालय
SHREE BISHNU JANAJYOTI SECONDARY SCHOOL
खाँडादेवी-६, माकादुम, रामेछाप, बागमती प्रदेश
(Khandadevi-6, Makadum, Ramechhap, Bagmati Province)
स्था.: बि.सं. २०४४ (Estd.: 1987 A.D.)

बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०७/०४

यस खाँडादेवी गाउँपालिकाको आ. व. २०८१/८२ का लागि स्वीकृत नीति तथा कार्यक्रम बमोजिम तपशिल बमोजिमको कार्य यस विष्णु जनज्योति मा.वि. ले विद्युतीय बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा इजाजत प्राप्त निर्माण व्यवसायीहरू सबैमा यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे भित्र E-BID मार्फत पेस गर्नहुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

क्र. स.	ठेक्का नं.	ठेक्काको विवरण	लागत अनुमान अंक रु. (पि.एस., मु.अ.क. र कन्टिन्जेन्सी सहित)	बोलपत्र फारम दस्तुर रु.	बोलपत्र जमानत बापतको रकम	बोलपत्रको मान्य अवधि (बोलपत्र खोलेको मिति बाट)
१	MS-KRM-NCB-WORKS- 01-081-082	Kendrabat Chhanaut Bhayeka Namuna Bidyalaya, Bishesh Bidyalayako Swikrit Guru-yojana anurup Bhautik Purbadhar Bikas Anudan.	१,०२,५३,२९१।२५	३,०००।००	२,५०,०००।००	९० दिन

१. यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी www.bolpatra.gov.np बाट खरिद गर्न सकिनेछ।
२. बोलपत्र सम्बन्धित अन्य कुरा बुझ्नु परेमा www.bolpatra.gov.np मा हेर्न सकिनेछ अथवा कार्यालय समयभित्र सम्पर्क नं. ९८६००७५५२५, ९८४१५०१८१२ मा सम्पर्क राख्न सकिनेछ।
३. यस सुचनामा उल्लेख भएकोमा सोहि बमोजिम र अन्य बिषयको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ।
४. बोलपत्र पूर्ण या आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

प्रधानाध्यापक

रवि पक्राउको विरोधमा जिल्ला-जिल्लामा प्रदर्शन

सहकारीमा प्रत्यक्ष नजोडिए पनि राजनीतिक प्रतिशोध साँध्न रविलाई पक्राउ गरिएको भन्दै काठमाडौं, वीरगन्ज, भरतपुर, पोखरा र महेन्द्रनगरमा प्रदर्शन



शनिबार पोखरास्थित मानव अधिकार चोकमा कोणसभामा सहभागी भएका रास्वपा कार्यकर्ता र समर्थक ।



रास्वपाका समर्थक बिजुलीबजारदेखि माइतीघर मण्डलासम्म प्रदर्शन गर्दै । **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

रवि लामिछाने पक्राउको संसद्लाई जानकारी, तत्काल निलम्बन नहुने



रास्वपा सांसद रवि लामिछाने पक्राउ परेको जानकारी सभामुख देवराज घिमिरेलाई गराइएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीले सभामुखलाई त्यससम्बन्धी जानकारी लेखी पठाएको संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले शनिबार सूचना जारी गरी जानकारी गराएका हुन् । सूचनामा चितवन २ बाट निर्वाचित लामिछानेलाई कास्की जिल्ला अदालतको पक्राउ अनुमतिबमोजिम फौजदारी कसुरको अनुसन्धानका क्रममा पक्राउ गरिएको उल्लेख छ । संसद्लाई पक्राउको जानकारी दिए पनि उनको पद तत्काल निलम्बनमा पर्नेछैन । 'तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पुर्पक्षका लागि थुनामा रहेको अवधिभर सदस्यको हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुनेछैन,' प्रतिनिधिसभा नियमावलीमा छ, 'त्यस्तो अवधिभर निज निलम्बनमा रहने र पारिश्रमिक, सेवा-सुविधासमेत स्थगित हुनेछ ।' फौजदारी अभियोगमा कुनै सदस्यलाई पक्राउ गर्न सभामुखको अनुमति लिनुपर्दैन ।

पोखरामा **रोहितराज पराजुली**
काठमाडौंमा **केशवराज पाण्डे**

सभापति रवि लामिछाने पक्राउको विरोधमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), उसका समर्थक र शुभचिन्तकहरू देशव्यापी रूपमै आन्दोलित भएका छन् । शनिबार पोखरा, काठमाडौं, भरतपुर, वीरगन्ज, बर्दिवास, महेन्द्रनगरलगायत सहरमा प्रदर्शन भएको हो । लामिछानेलाई जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखिएकाले ठुलो प्रदर्शन पोखरामा भएको छ । रास्वपाका सबैजसो शीर्ष नेताहरू पोखरा पुगेका छन् । पोखराको महेन्द्रपुलमा जम्मा भएर निकालिएको विरोध ऱ्याली पाँच सय मिटर पर मानव अधिकार चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

सहभागीहरूले 'राजनीतिक प्रतिशोध बन्द गर', 'सहकारी पीडितलाई न्या दे', 'नडराऊ रवि दाइ', 'भ्रष्ट सरकार मुर्दावाद'जस्ता प्लेकार्ड बोकेर प्रदर्शन गरे । सहकारी घोटालामा आफ्ना पार्टीका नेतालाई जोगाउन तथा राजनीतिक प्रतिशोध साध्न लामिछानेलाई पक्रिएको भन्दै उनीहरूले नाराबाजी गरे । सहकारीको रकम ठगीमा मुछिएका कांग्रेस नेता धनराज गुरुङ, एमाले नेता ऋषिकेश पोखरेलपत्नीलगायत नेता कार्यकर्ता जोगाउन सरकार लागेको उनीहरूको आरोप थियो ।

रास्वपा उपसभापति डा.स्वर्णिम वाग्लेले सरकारले प्रतिशोध साध्न लामिछानेलाई पक्राउ गरेको आरोप लगाए । 'संसदीय छानबिन विशेष समितिले क्लिन चिट दिएर निर्दोष साबित गरेका सभापतिलाई दोषी देखाएर सरकारले सहकारी ठगीमा प्रत्यक्ष जोडिएका कांग्रेसका धनराज गुरुङ र एमालेका ऋषिकेश पोखरेललाई बचाउनतर्फ लाग्यो । तत्कालीन गृहमन्त्री लामिछानेले विभिन्न काण्डमा मुछिएकालाई पक्राउ गर्ने तयारी गरेपछि डराएको कांग्रेस र एमालेले रातारात समीकरण परिवर्तन गरेर त्यसपछि बनेको केपी ओली नेतृत्वको सरकारले आफ्नो कुशासन, भ्रष्टाचार र अक्षमतासँगै अन्य कमजोरी लुकाउन लामिछानेलाई पक्राउ गऱ्यो । पार्टी सभापतिको सेखी झार्ने र उनलाई फसाउनेसँगै रास्वपालाई सिध्याउने सरकारको उद्देश्य पूरा हुँदैन,' उनले भने ।

रास्वपाका अर्का उपसभापति डिपी अर्यालले लामिछाने निर्दोष रहेको बताए । 'पार्टी सभापति निर्दोष छन् भन्नेमा सिंगो पार्टी ढुक्क छ । सभापतिलाई झुटा मुद्दा लगाएर फसाउने योजनासहित सरकार अघि बढेको छ, सरकारले नियत ठिक भएन । तर पनि आवश्यक अनुसन्धानका लागि न्यायालयलाई सहयोग गर्न हामी तयार छौं । न्यायालयले निष्पक्ष तरिकाले फैसला गर्छ भन्नेमा आशावादी छौं,' उनले भने ।

रास्वपा प्रवक्ता मनीष झाले पार्टी सहकारी अनियमिततामा निर्दोष रहेका पार्टी सभापति लामिछानेलाई फसाउन सरकार लागेको बताए । 'सत्तारूढ दलहरूले अन्तिम हतियारको रूपमा प्रयोग गरेकाले उनीहरूका लागि यो अन्तिम भोज हो । रास्वपाले अब नयाँ यात्रा सुरु गर्दै राजनीति कस्तो हुन्छ भनेर पुराना दलहरूलाई देखाउनेछ,' उनले भने ।

रास्वपा सांसद विराजभक्त श्रेष्ठले सहकारी ठगीमा प्रत्यक्ष जोडिएका आफ्ना पार्टीका नेतालाई समातेर कारबाही गर्नुको साटो उनीहरूलाई बचाउन निर्दोष रहेका लामिछानेलाई पक्राउ गरेको बताए । 'संसदीय छानबिन विशेष समितिले निर्दोष भनेर क्लिन चिट दिएका सभापतिलाई समातेर सरकारले अन्यायपूर्ण काम गऱ्यो । यसविरुद्ध पार्टीले निरन्तर प्रदर्शन गर्नेछ,' उनले भने ।

अर्की सांसद डा. तोषिमा कार्कीले वर्तमान सरकारलाई बिचौलियाको भएको आरोप लगाइन् । 'बाढीपीडितलाई राहत उपलब्ध गराउनेमा सरकारको ध्यान जानुपर्नेमा आफ्नो कमीकमजोरी लुकाउन निर्दोष व्यक्ति फसाउने काममा सरकार लाग्यो । सरकारले फसाउन खोजे पनि अदालतले निष्पक्ष फैसला गर्नेमा ढुक्क छौं,' उनले भनिन् ।

रास्वपाका अर्का सांसद हरि ढकालले नयाँ दलसँग पुराना दल डराएको बताए । '३४ वर्षसम्म देश लुटेर टाट पल्टाएका दलहरू नयाँ पार्टीको पनि उदय भएपछि ०८४ लाई सम्झेर डराएका छन् । नयाँ उदय भएकालाई पाखा लगाउने उद्देश्यसहित सभापति लामिछानेलाई पक्राउ गरियो । सरकारले गलत नियतले पक्राउ गरे पनि न्यायालयप्रति हाम्रो विश्वास छ । पार्टी सभापतिले न्याय पाउँछन्,' उनले भने ।

■ काठमाडौंमा रास्वपाको प्रदर्शन

लामिछानेलाई राजनीतिक प्रतिशोधका आधारमा पक्राउ गरिएको भन्दै काठमाडौंसहित विभिन्न जिल्लामा प्रदर्शन भएको छ । काठमाडौंको माइतीघरमा रास्वपाका कार्यकर्ता तथा समर्थकहरूले सरकारविरुद्ध नाराबाजी गरे । रास्वपा जारी जिल्ला अधिवेशनलगायत पार्टीका आन्तरिक गतिविधि रोकेर विरोधका कार्यक्रममा केन्द्रित भएको छ । बिहीबारबाट रास्वपाको जिल्ला भेला सुरु भएको थियो । सभापति लामिछानेको पक्राउपछि तत्कालका लागि अधिवेशन स्थगित गरिएको रास्वपाले जनाएको छ ।

रास्वपाले शनिबार माइतीघर मण्डलाआसपासमा विरोध प्रदर्शन गरेको छ । प्रदर्शनपछि माइतीघरमा आयोजित कोणसभामा नेताहरूले नीलो क्रान्तिको सुरुवात भएको दाबी गरेका छन् । सरकारको कदम निन्दनीय र प्रतिशोधपूर्ण रहेको उनीहरूले बताएका छन् । रास्वपा कार्यकर्ताले माइतीघर मण्डलाबाट बिजुलीबजार हुँदै पुनः माइतीघर मण्डलासम्म ऱ्याली निकालेर विरोध प्रदर्शन गरेका थिए । रास्वपा सांसद तथा सहकारी छानबिन संसदीय समितिका सदस्य शिशिर खनालले राज्यले प्रतिशोधको रूपमा लामिछानेलाई पक्राउ गरेको बताए ।

रवि पक्राउको विरोधमा ऐक्यबद्धता जनाउन चितवनबाट समर्थकहरू पोखरा पुगेका छन् भने चितवनमा पनि प्रदर्शन भएको छ । शुक्रबारै चितवनका विभिन्न ठाउँबाट समर्थकहरू मुग्लिन पुगेका थिए । तीमध्ये एक सयभन्दा धेरै त्यतैबाट पोखरा गएका थिए । शनिबार थप डेढ सय मानिसहरू पोखरा गएको रास्वपा चितवनका युवा नेता विशाल कोइरालाले जानकारी दिए । शनिबार भरतपुरमा पनि प्रदर्शन भएको रास्वपा जिल्ला नेता प्रशान्तविक्रम सापकोटाले बताए ।

कञ्चनपुरको महेन्द्रनगर बजारमा भएको प्रदर्शनमा उपस्थितहरूले रविलाई नडराउन ढाडस दिएका छन् । कांग्रेस र एमालेकै नेताहरू मुछिएको सहकारी काण्ड, नक्कली भुटानी शरणार्थी काण्ड, प्रधानमन्त्री केपी ओली नै मुछिएको गिरीबन्धु टी इस्टेट काण्डलगायत सामसुम पार्न रविलाई पक्राउ गरिएको उनीहरूको आरोप छ । रास्वपा जिल्ला सभापति पदमबहादुर विष्टले सत्ताधारी पार्टीले राजनीतिक प्रतिशोध साँधेको भन्दै नीलो क्रान्तिको सुरुवात भएको बताए ।

रवि पक्राउको विरोधमा पर्साको वीरगन्जको घण्टाघरमा पनि प्रदर्शन भएको छ । भेला भएकाहरूले सरकार राजनीतिक प्रतिशोधमा उत्रिएर रविलाई पक्राउ गरेको आरोप लगाएका छन् । उनीहरूले प्रधानमन्त्री केपी ओलीविरुद्ध पनि प्रदर्शन गरे । 'प्रतिशोधको राजनीति बन्द गर, नडराऊ रवि दाइ, जनता तिम्रो साथमा छ'जस्ता नारा लगाएका थिए । महोत्तरीको बर्दिवासमा पनि रवि पक्राउको विरोधमा पार्टी नेता-कार्यकर्ता तथा समर्थकहरूले प्रदर्शन गरेका छन् ।

लामिछानेलाई स्वास्थ्य परीक्षणपछि जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखिएको छ । प्रतिनिधिसभाले गठन गरेको सहकारी संस्था बचत दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिले दिएको प्रतिवेदनका आधारमा गोर्खा मिडियासँग जोडिएका उनलाई प्रहरीले शुक्रबार काठमाडौंबाट पक्राउ गरी सडकमार्ग हुँदै पोखरा ल्याइएको थियो । शनिबार बिदाका कारण अदालत बन्द भएपछि लामिछानेलाई म्याद थपका लागि आइतबार प्रहरीले कास्की जिल्ला अदातमा पेस गर्ने भएको छ ।

संक्षेप

सत्य निरूपण र छानबिन आयोगमा पदाधिकारी सिफारिस गर्न समिति

काठमाडौं/ सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी सिफारिसका लागि समिति बनाएको छ । मन्त्रिपरिषद्को शुक्रबारको बैठकले पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको नेतृत्वमा पाँच सदस्यीय सिफारिस समिति गठन गरेको हो । यसअघि ३० चैत ०८० मा पनि सरकारले मिश्रको अध्यक्षतामा सिफारिस समिति गठन गरेको थियो । तर, मानवअधिकार आयोगले विचाराधीन विधेयक पारित गर्नुपर्ने सर्तसहित समितिमा सदस्यको प्रतिनिधित्व नगराउँदा सिफारिस भएको थिएन । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ३० साउनमा प्रतिनिधिसभा र ६ भदौमा राष्ट्रियसभाबाट पारित भइसकेकाले सरकारले पदाधिकारी नियुक्तिको प्रक्रिया अगाडि बढाएको हो । दुबै आयोगका अध्यक्षसहित पाँच सदस्य सिफारिस हुनेछन् । **दुबै** आयोग ३१ असार ०७९ देखि पदाधिकारीविहीन छन् । दुवै आयोगको म्याद पदाधिकारीविहीन अवस्थामै पाँचौंपटक थप गरिएको छ । कांग्रेस, एमाले र माओवादीका शीर्ष नेताको बिहीबारको बैठकले मात्र सिफारिस समितिलाई पूर्णता दिएर आयोगमा पदाधिकारी नियुक्त गर्ने निर्णय गरेको थियो ।

ट्राफिक प्रहरीले डिजिटल चिट सुरु गर्दै, नागरिक एपबाटै जरिवाना तिर्न सकिने

काठमाडौं/ अब भौतिक रूपमा सवारीचालक अनुमतिपत्र(लाइसेन्स) बोक्न नपर्ने भएको छ । नागरिक एपमै ट्राफिक प्रहरीले लाइसेन्स जाँच गर्न थालेको छ । नागरिक एपमै भएकै विवरणलाई आधिकारिक मानिने प्रहरीले जनाएको छ । यसअघि भौतिक रूपमा लाइसेन्स नबोकेमा ट्राफिक प्रहरीले जरिवाना तिराउने गरेको थिएन । सरकारलाई समयमा लाइसेन्स छापेर उपलब्ध गराउन नसकेकाले नागरिक एपमार्फत जाँच सुरु गरेको हो । साथै, अब जरिवाना पनि नागरिक एपमार्फत नै तिर्न सकिने भएको छ । यसका लागि नागरिक एपमा लाइसेन्स अद्यावधिक हुनुपर्दछ । ट्राफिक कारबाहीमा अब डिजिटल चिट प्रयोग हुने र नागरिक एपमार्फत तत्काल जरिवाना तिर्न मिल्ने व्यवस्था मिलाइएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख डिआइजी भरतबहादुर बोहराले बताए । डिजिटल लाइसेन्स जाँच र कारबाहीका लागि हालै सरकारले ट्राफिक प्रहरीलाई डिजिटल डिभाइस उपलब्ध गराएको छ । यसको सफल परीक्षणसँगै प्रयोगमा ल्याउन लागिएको हो । आइतबार गृहमन्त्री रमेश लेखकले यसको उद्घाटन गर्न लागेका छन् । पहिलो चरणमा काठमाडौं उपत्यकामा डिजिटल चिट र डिजिटल जाँच प्रणाली कार्यान्वयन गर्न लागिएको हो ।

'माओवादी एकताबद्ध भए ०६४ को नतिजा दोहोरिन्छ'

भरतपुर/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा महासचिव नेत्रविक्रम चन्द विप्लवले माओवादी एकताबद्ध गराई ०६४ को जस्तै परिणाम ल्याउने बताएका छन् । चितवनमा बेपत्ता योद्धा दण्डपाणि न्यौपाने स्मृति भवन निर्माणार्थ शनिबार आयोजित बृहत् जनसांस्कृतिक कार्यक्रममा उनीहरूले यस्ता कार्यक्रमले सहिद तथा बेपत्ताहरूको सपना पूरा गर्ने नयाँ संकल्प र प्रतिबद्धता व्यक्त गर्ने अवसर पनि मिलेको बताए । प्रचण्डले माओवादी आन्दोलनका नेताहरूलाई नयाँ ऊर्जा, नयाँ प्रेरणा, नयाँ संकल्पका लागि आधार तयार भएको बताउँदै भने, 'मैले आफ्नो ठाउँबाट गर्नुपर्ने सबै काम ०८४ लाई ०६४ मा फर्काउन प्रतिनिधिसभामा विश्वासको मत लिँदै गर्दा पनि संकल्प गरेको छु । आफ्नोतर्फबाट पार्टी एकताका लागि सम्पूर्ण काम पूरा गर्नेछु । फेरि एकपटक नयाँ अभियान, नयाँ आन्दोलन र एकताका निम्ति ठुलो छाती लिएर जाने विश्वास व्यक्त गर्न चाहन्छु ।'

कुनै वेला विचारको हिसाबले सही सोच्दासोच्दै पनि व्यवहारमा कार्यान्वयन गर्ने क्रममा कमीकमजोरी भएको उनले बताए । तर, एउटै स्कुलिङबाट आएर अहिले विभिन्न भंगालोमा रहेका माओवादीहरू एकताबद्ध हुनैपर्ने उनको भनाइ थियो । 'अहिले हामी सबै एकताबद्ध भएर समाजवादी क्रान्तिको तयारीमा लाग्नुपर्ने वेला आएको छ । यसबाटै समाजवादको आधार तयार गर्न सकिनेछ,' प्रचण्डले भने । विप्लवले जनताको जीवन बदल्ने अभिभारा अब माओवादीले मात्रै पूरा गर्न सक्ने भन्दै त्यसका लागि क्रान्तिकारीहरूको एकता आवश्यक रहेको बताए । माओवादी नेतृ पम्फा भुसालले अब माओवादी र वामपन्थी एकताबाट समाजवादी आन्दोलन अघि बढाउनुपर्ने बताइन् ।

प्रसूति गराएको शुल्क ६० हजार

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको गोलबजार नगरपालिका- २ गुरुधामस्थित माइतीघरमा बस्दै आएकी करिब ३१ वर्षीया सीता महतोले सामान्य प्रसूति गराउँदा उनको परिवारले धान बेचेर निजी अस्पताललाई ६० हजार रुपैयाँ शुल्क बुझाउन बाध्य हुनु परेको छ । कर्जन्हा नगरपालिका- २ बन्दीपुरका सुबोध महतोकी श्रीमती सीताले गत २५ असोजमा प्रसूति गराई डिस्चार्ज हुँदा परिवारले ६० हजार रुपैयाँ बुझाएको हो ।



उत्तिमलाल मेमोरियल हस्पिटलले नवजात शिशुलाई जन्डिस र सिजर भएकाले एनआइसियूमा राखेर उपचार गराएको र करिब ६० घण्टासम्म अक्सिजन लगाएको भन्दै ६० हजार रुपैयाँ शुल्क लिएको उनका आफन्त श्यामकुमार साहले बताए । 'त्यत्रो बिल कसरी उठ्यो भनेर प्रश्न गर्दा हस्पिटलका कर्मचारीहरूले कुरै गर्न चाहेनन्,' उनले भने, '७४ हजार तिर्न नसक्ने अवस्था भएकाले अन्तिममा ६० हजार रुपैयाँ लिन तयार भए ।' घरमा भएको १७ क्विन्टल धान बेचेर ५० हजार बुझाएर बाँकी १० हजार रुपैयाँ केही दिनमा बुझाउने कबुल गरेपछि मात्र नवजात शिशु र सुत्केरी आमालाई डिस्चार्ज गरेको उनले बताए ।

हस्पिटलकी सञ्चालिका डा. सुशीला सिंहले २५ असोजमा लहानस्थित प्रादेशिक अस्पतालबाट रेफर गरिएकी सीताको बच्चा करिब तीन घण्टासम्म अङ्किएकाले जोखिम मोलेर अस्पतालमा भर्ना गरिएको बताइन् । 'धेरै प्रयासपछि प्रसूति सामान्य नै भयो, तर तीन घण्टासम्म अङ्किएको नवजात शिशुको अवस्था जटिल भएकाले तत्काल एनआइसियूमा राखेर चार दिनसम्म उपचार गऱ्यौं,' उनले भनिन् 'शिशुलाई चार दिनको अवधिमा पटक-पटक गरी ५९ घण्टा अक्सिजन दिएर राख्यौं ।'

प्रसूति गराउन आएकी महिलालाई रक्तअल्पतासमेत भएकाले शल्यक्रिया नगरी धेरै प्रयास गरेर सामान्य प्रसूति गराइएको उनले बताइन् । 'एनआइसियू, औषधि, बेड, चिकित्सकको राउन्ड चार्जसहित त्यति रकम भएको हो,' उनले भनिन्, 'जन्मिनेबित्तिकै शिशुलाई जन्डिस भएकाले त्यसको पनि उपचार गराउँदा शुल्क बढेजस्तो लागेको हो ।'

मातृशिशु सुरक्षा कार्यक्रम लागू भएको निजी वा सरकारी स्वास्थ्य संस्थामा प्रसूति गराउँदा सामान्य र शल्यक्रियामार्फत् हुने प्रसूतिको क्रमशः दुई हजार पाँच सय र १० हजार रुपैयाँ शुल्क लिने व्यवस्था रहेको गोलबजार नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सरोज कर्णले जानकारी दिए । हस्पिटलले उपचारको नाममा बढी शुल्क लिएको विषयमा सम्बन्धित परिवारले उजुरी गरे स्वास्थ्य शाखाले आवश्यक छानबिन गर्ने उनले बताए । मातृशिशु सुरक्षा कार्यक्रम लागू भएको स्वास्थ्य संस्थामा प्रसूति गराउँदा यातायात खर्चबापत एक हजार रुपैयाँ, प्रोटोकलअनुसार चारपटक गर्भ जाँच गराएको आठ सय रुपैयाँ र न्यानो कपडासहितको झोला दिने व्यवस्था रहेको उनले बताए । 'सरकारी स्वास्थ्य संस्थाहरूमा भनेको वेलामा सेवा नपाउँदा बिरामीका आफन्तहरू निजीमा जान बाध्य छन्,' उनले भने ।

आइपुग्यो चिनियाँ कम्युनिस्ट पार्टीको प्रतिनिधिमण्डल

देउवा र प्रचण्डसँग भेटवार्ता, समझदारी कार्यान्वयनमा जोड

काठमाडौं/ चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)का केन्द्रीय सदस्य तथा छिङ्घाई प्रान्तीय समितिका सचिव चेन गाङ नेतृत्वको प्रतिनिधिमण्डल शनिबार काठमाडौं आइपुगेको छ । सिपिसी अन्तर्राष्ट्रिय विभागका पदाधिकारीसहित आएका नेता गाङ्ले शनिबारै कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग बेग्लाबेग्लै भेट गरेका छन् । तीनदिने औपचारिक भ्रमणका क्रममा प्रतिनिधिमण्डलले प्रधानमन्त्री केपी ओलीसँग सोमबार भेटवार्ता गर्ने र राजनीतिक दलका नेताहरूसँग सामूहिक अन्तर्क्रिया गर्ने कार्यक्रम छ ।

पूर्वप्रधानमन्त्री देउवा र प्रचण्डले एक चीन नीतिप्रति नेपालका सबै दल प्रतिबद्ध रहेको र चीनको विकासबाट नेपालले लाभ लिन चाहेको बताएका छन् । चिनियाँ नेता गाङ्ले पनि नेपालका सबै दल र सरकारसँग सम्बन्ध थप सुदृढ बनाउन सिपिसीले चाहेको उल्लेख गर्दै आफ्नो क्षमताले भ्याएसम्म नेपाललाई सहयोग गर्ने नीति सुनाए । पूर्वप्रधानमन्त्री प्रचण्डले नेपाल र चीनबिच शीर्ष तहमा भएका सबै समझदारी कार्यान्वयनमा जोड दिएका छन् ।

चिनियाँ नेता गाङले दुई देशबिचको मित्रता अझै बढाउनुपर्ने उल्लेख गर्दै चीन नयाँ विकासको चरणमा रहेकाले नेपालले पनि चिनियाँ विकासको लाभ लिन सक्ने बताएका थिए । चीनले अन्य मुलुकसँग सहअस्तित्वमा आधारित सम्बन्ध विकास गर्दै आएको उल्लेख गर्दै गाङले कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, तर पार्टी-पार्टीबिचको सम्बन्धलाई भने महत्त्व दिने नीति सुनाएका थिए ।

रुख कटान भएनन्, बिचबिचमा कालोपत्रे

मदन भण्डारी राजमार्गमा पर्ने १३ हजार रुख वन विभागले नहटाएकाले ठेक्काको म्याद सकिँदा पनि सडक बन्न सकेन

झापामा **चिरञ्जीवी घिमिरे**

दसैं मनाउन गृहजिल्ला झापा पुगेका भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले २३ असोजमा मदन भण्डारी राजमार्गको अनुगमनका क्रममा नयाँ पत्रिकाको प्रश्नमा आनाकानी गर्दै जवाफ दिए, 'सडकमा पर्ने रुख हट्छ, बाटो बन्छ ।' तर, मदन भण्डारी राजमार्गमा पर्ने रुख नहटेकै कारण ठेक्काको म्याद सकिँदा पनि सडक बन्न सकेको छैन ।

सरकारी निकायबिचकै समन्वय अभावले मदन भण्डारी राजमार्गमा पर्ने करिब १३ हजार रुख नहट्दा निर्माणको काम समयमा सकिएको छैन । विभिन्न सातवटा प्याकेजमा लगाइएको ठेक्काको म्याद सकिँदा पनि रुख हटाउन सरकारले चासो दिएको छैन । सरकारी बेवास्तापछि सडक निर्माणको जिम्मा लिएका निर्माण कम्पनीले रुख हटाउनका लागि थोरै खाली ठाउँ छाडेर सडक कालोपत्रे गर्न सुरु गरेको छ ।

मदन भण्डारी राजमार्गको पहिलो खण्ड सर्दु-भलुवा खोलाको २४.८ किलोमिटर सडक, दोस्रो खण्ड भलुवा-बेलडाँगीको २८ किलोमिटर सडक र मेचीडाँगी-शान्तिपुरको दश किलोमिटर सडक रुखकै कारण समयमा सकिएका छैनन् । ठेक्काको म्याद सकिएपछि पनि रुख नहटाएपछि निर्माण कम्पनीले रुखका लागि केही मिटर खाली ठाउँ छाडेर कालोपत्रे गर्न सुरु गरेको छ । 'हामी सडकको म्यादभित्रै काम सक्थ्यौं, तर रुखकै कारण सकेनौं । अहिलेसम्म पर्खिएको हो । रुख नहटाएपछि रुखका लागि बिचमा २० मिटर छाडेर कालोपत्रे सुरु गरेका छौं,' सडकको तीन प्याकेजको ठेक्का पाएको श्रेष्ठ-मोतीदान जेभीका इन्जिनियर प्रह्लाद ढुंगानाले भने, 'हामीलाई राज्यकै कारण घाटा लाग्यो । अब त्यो २० मिटरमा कालोपत्रे गर्न त्यति नै उपकरण लैजानुपर्छ । डबल खर्च हुन्छ ।'



मदन भण्डारी राजमार्गअन्तर्गत दमक- ३ मा बिचसडकमा रुख परेपछि २० मिटर छाडेर गरिएको कालोपत्रे ।

श्रेष्ठ-मोतीदान जेभीका इन्जिनियर ढुंगानाका अनुसार केही ठाउँमा रुखै कारण २० मिटर ठाउँ छाडिएको छ । कतै सात किलोमिटरसम्म ठाउँ छाडेर कालोपत्रे गरिएको उनले बताए । 'रुखकै कारण कल्भर्टसमेत बनाउन पाएका छैनौं । अहिले नदीजन्य सामग्रीको स्टक प्रमाणित नहुँदा काम रोकिएको छ । स्टक प्रमाणित नभएसम्म पर्खिने हो,' उनले भने, 'त्यसवेलासम्म पनि नभए हामी यसरी नै रुख छाड्दै कालोपत्रे गर्छौं । समयमा काम नसकिँदा झ्याम्रो खर्च बढिरहेको छ ।' यी तीनवटै सडकको ठेक्काको म्याद गत वर्ष नै सकिएको छ । पहिलोपटक थपिएको म्याद पनि आउँदो पुस मसान्तमै सकिँदै छ ।

मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकका सूचना अधिकारी इन्जिनियर सुवास दत्तका अनुसार ठेक्का लागेको ९५.८ किलोमिटर सडकमध्ये सातवटा प्याकेजमा रुखकै कारण करिब २४ किलोमिटर सडक मात्र कालोपत्रे भएको छ । उनका अनुसार सात प्याकेजमा १३ हजारहाराहारी रुख कटान गर्नुपर्नेछ । 'सुनसरी र मोरङ खण्डमा पर्ने रुख हटाउने प्रक्रिया अहिले मन्त्रालयमा पुगेको छ । अब मन्त्रालयले मन्त्रिपरिषद्मा लगेपछि रुख काट्ने निर्णय हुन्छ । झापा र इलाम खण्डको फाइल वन विभागमा छ । विभाग हुँदै मन्त्रालयबाट मन्त्रिपरिषद्मा जान्छ,' उनले भने, 'दसैंअघि भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहाल आएर अनुगमन गर्नु भएको छ । उहाँले वनको समस्यालाई नै प्राथमिकतामा राखेको बताउनुभएको थियो । समन्वय गरेर चाँडै मन्त्रिपरिषद्बाट निर्णय गर्ने भन्नुभएको छ । यसले केही आशा जगाएको छ ।'

■ रुखले नौवटा पुलको पहुँच मार्ग निर्माण हुन सकेन

मदन भण्डारी राजमार्गको पूर्वीखण्डअन्तर्गत झापादेखि सुनसरीसम्म ३७ वटा पुल निर्माणका लागि ठेक्का लागेको थियो । जसमध्ये २२ वटा पुलको पूर्ण रूपमा निर्माण सम्पन्न भइसकेको मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकका सूचना अधिकारी इन्जिनियर सुवास दत्तले बताए । उनका अनुसार नौवटा पुल निर्माणको काम सकिए रुख हटाउन नसक्दा पनि पहुँच मार्ग निर्माण हुन सकेको छैन । बाँकी ६ वटा पुलको निर्माण कार्य सुरुवाती चरणमा रहेको दत्तको भनाइ छ ।

दलित आन्दोलनका सन्दर्भमा

खण्डीकरण, दलीयकरण र बहिष्करणले गर्दा दलित आन्दोलन यस समुदायको एकीकृत तागत बन्न सकिरहेको छैन



● सञ्जीव कार्की

अग्रलेख

दलित आन्दोलनको साझा नाम र परिचय बने पनि दलितलाई शिल्पी समुदाय भनेर सम्बोधन गरिनु उचित हुने तर्क पनि छन्। दलित र शिल्पी नाममा विवाद भए पनि दलितको पीडा र मुक्तिको विषय सबैको साझा विषय हो। मानव मर्यादा कुनै एक अमुक समूहको मात्र विषय बन्न सक्दैन। दलित शब्दको प्रथम प्रयोक्ता भारतीय गैरदलित सामाजिक अभियन्ता (१८२७- १८९०) ज्योति राव फुलेले 'अछुत'हरूको सामूहिक परिचयका रूपमा प्रयोग गरेको पाइन्छ भने दलित शब्दलाई दलित आन्दोलनको प्रमुख हिस्सा र परिचयका रूपमा डा. भीमराव अम्बेडकरले स्थापित गराएका हुन्। नेपालमा पनि ०२४ देखि 'दलित' शब्द दलित आन्दोलनको साझा नाम रहेको स्विकारिन्छ।

'मान्छे' बन्नुपर्ने कसले ? : दलितलाई मान्छे बन्न देऊ, मान्छेको हैसियत देऊ भन्ने गलत भाष्य सुनिन्छ। वास्तवमा मान्छे बन्नुपर्ने दलितलाई दलन गरी दलितलाई अन्याय र अत्याचारको जाँतोमा पिस्ने र ढिकीमा कुट्नेले हो। आफूजस्तै मान्छेलाई वञ्चित या निषेध गर्ने व्यक्ति समूह र समुदायले मान्छेले जस्तो व्यवहार गर्न अग्रसर हुनुपर्छ। दलितलाई मान्छे बन्न देऊ भन्ने भाष्य खारेजयोग्य छ। त्यसैले, 'तिमी मान्छे बन' भन्ने नयाँ भाष्य स्थापित गर्नु सान्दर्भिक हुन्छ। आफूलाई मान्छे बनाउन दलितले निवेदन दिने र अर्को कुनै अमुक समूहले सदर गर्ने विषयको रूपमा यसलाई बुझ्नुहुँदैन। अतः दलितलाई मान्छे बनाऊ भन्ने भाष्य खारेज गर्दै जुन वैचारिकीले विपक्षीलाई हीनताबोध होस् र आफूलाई आत्मगौरवको अनुभूति होस्, त्यस्तो भाष्यलाई दलित समुदायले प्रयोग गरेर आफ्नो समूहको आत्मबल उच्च बनाएर राख्नुपर्छ। छुवाछुत र जातीय भेदभाव गर्नेलाई मान्छे बन, उन्नत सोच राख, मानवताको ख्याल गर भन्नु एक प्रकारको वैचारिक प्रत्याक्रमण पनि हो।

आरक्षण, दलितलाई शोधभर्ना : दलितले आजको गणतान्त्रिक व्यवस्थामा खोजेको हक भनेको विगतदेखि आजपर्यन्त खेपेको सास्ती, भोगेको अपमान, लामो समयसम्म इतिहासमा गरिएको उत्पीडन र विभिन्न राजनीतिक परिवर्तनमा गरिएको बलिदानको आफ्नो भागको अंश दाबी हो। राजनीतिक सामाजिक सांस्कृतिक धार्मिक र मानवीय रूपमा गडबड गरिएको हिसाब सच्याएर 'सामाजिक अडिट'अनुसार राज्य र सरकारको व्यवहारको अपेक्षा खोजेको हो। थाती राखिएको सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, मनोवैज्ञानिक हिसाबको बेरुजु मिलान गर्न आग्रह गरेको हो। यसरी सामाजिक हिसाब अन्योलग्रस्त गराएर समाज अगाडि बढ्न र सभ्य बन्न सक्दैन भनेर हिसाब फरफारक गरी अगाडि जाऊँ भनेको हो। अन्याय सहनु पनि न्यायशास्त्रको मर्म र सिद्धान्तविपरीत हो भनेर न्यायको खोज र उत्खनन गर्न चाहेको हो। असभ्य समाजले गरेको घोटाला चुक्ता गरेर दलितको आत्मसम्मान र स्वाभिमानमा पुऱ्याएको ठेसको शोधभर्नास्वरूप निश्चित समयसम्म आरक्षण र अवसर प्रदान गरिरहनुपर्छ। अन्यथा सबैका लागि समान अवसर भन्दैमा समानता र स्वतन्तत्रताको प्रयोग न्यायपूर्ण र विवेकसम्मत बन्न सक्दैन। दलितलाई समानता र स्वतन्त्रता संवैधानिक ग्यारेन्टी हो भन्दैमा दलित र गैरदलितलाई एकै किसिमको व्यवहार न्यायोचित हुँदैन। प्रत्येकको क्षमता र आवश्यकताअनुसारको व्यवहार र अवसर मात्र समतामूलक समाजको परिचायक हो। समानता र समताको अभ्यासलाई सँगसँगै लैजानुपर्छ। जसले गर्दा स्रोत, साधन, पहुँच र सिपको समान वितरण हुन सक्छ। प्रतिनिधित्वको सवालमा पनि समताको अवधारणा अत्यावश्यक छ। दलितलाई क्षतिपूर्ति राहत र शोधभर्ना दिन कन्जुस्याइँ गरियो भने बदला र प्रतिशोधको भावना बाँकी रहन्छ। दलित र गैरदलितबिच द्वन्द्व बढ्ने, विभाजनको खाडल फराकिलो बन्ने, समाज विखण्डित रहने र उँचनिचको दृष्टि कायम रहने सम्भावना ज्यादा रहन्छ। आधुनिक ज्ञान निर्मितिमा गरिएको वञ्चितिकरणको एकमुष्ट हिसाब र उपचारात्मक विधि, हक र शोधभर्ना हो, आरक्षण। दलितको सार्वांगीण विकासमा पुगेको क्षति र बाधाको हिसाब फर्स्योट हो आरक्षण। यसर्थ, दलितले पाएको आरक्षण विवाद र विरोधको विषय बन्नु अशोभनीय तर्क हो।

दलित पहिचान : दलित बनाइनु गर्वको विषय र पहिचानको विषय होइन, तर दलित समुदायअन्तर्गत रहेका विविध समुदायको पैतृक पेसागत सिप, साधना, कला, श्रम र इतिहास विशिष्ट परिचय र देश निर्माण गर्ने श्रमजीवी समुदायको पहिचान हो। दलित समुदायसँग सभ्यता, आविष्कार, निर्माण, कला, साधना, पसिना र अनवरत श्रमको इतिहास स्मरणीय छ। राज्यको मूल प्रवाहीकरणबाट वञ्चित, बहिष्कृत, उपेक्षित, भएर बाँच्न विवश रहँदा पनि आफ्नो चौतर्फी प्रगति उन्नति, औपचारिक शिक्षा प्राप्त गर्नबाट रोकिए पनि देशको माया गरेर बसेको राष्ट्रभक्तिको नमुना



इतिहास छ। देश विकासका लागि भुइँ तहमा बसेर सबैभन्दा बढी रगत, पसिना, आँसु र मिहिनेतको खोलो बगाएको छ, दलित समुदायले। यस समुदायसँग शिल्पी हुनुको गौरवबोध छ। त्यसैले, दलित पहिचान हीनताको विषय होइन।

खाँचो एकीकृत दलित आन्दोलन : खण्डीकरण, दलीयकरण र बहिष्करणले गर्दा दलित आन्दोलन यस समुदायको एकीकृत तागत बन्न सकिरहेको छैन। सबै तह तप्काबिच एकता गरेर साझा मोर्चा बनाएर न्यूनतम सहमतिको अवधारणासहित सहकार्य गर्ने र दलितको विषय र मुद्दालाई जो जहाँ रहे पनि समर्थन गर्ने, दलितमाथिको ज्यादतीमा बोल्न आआफ्ना राजनीतिक पार्टीको इसारा पर्खनु नपर्ने तथा संसद् (प्रतिनिधिसभा र राष्ट्रिय सभा) मा दलित मुद्दामा कम्तीमा दलित समुदायबाट प्रतिनिधित्व गर्ने सांसदले विषयगत एकता प्रदर्शन गर्दै जाने अवस्था जुन दिन सिर्जना हुन्छ, मान्नुस् दलित आन्दोलन आधा सफल हुनेछ। आजसम्म जुन तागत र ऊर्जाले दलित आन्दोलन अगाडि बढ्नुपर्ने र संविधानको शतप्रतिशत पालना गराउनुपर्ने र प्राप्त सफलतालाई ग्रहण गर्दै अतिरिक्त प्राप्तिका लागि अगाडि जानुपर्ने हो, त्यो हुन सकिरहेको छैन। त्यसभित्रका अनेक कारण रुढता, संकुचन, अस्तित्वको अस्वीकार, सौन्दर्य चिन्तनको अभाव, दलितमुक्तिको वैचारिकी, दलित मुक्तिको बहुआयामिकता आदि र दलितले गैरदलितलाई हेर्ने दृष्टिकोण, उपयोग गर्ने नीतिमा अस्पष्टता आदिले दलित आन्दोलन मजबुत बन्न नसकिरहेको तथ्य छर्लंग छ। सत्ताको कराहीमा कर्कलो, जलुको, साग र सिस्नो गलेझैं गल्ने नेतृत्व र सत्ताको जुठोपुरोमा लोभिने आमराजनीतिक प्रवृत्तिगत विशेषता दलित आन्दोलनका लागि घातक बनिरहेको तथ्य भुल्नुहुँदैन। दलित जनसंख्या राज्यसत्ता उलटपुलट पार्ने तागतको छ, तर सो तागत प्रयोग गर्न दलित आन्दोलन चुकिरहेको छ।

> आफ्नो आन्दोलनलाई सशक्त बनाउन दलित समुदायबिचको आन्तरिक एकताका साथै सुधारवादी गैरदलितलाई पनि आन्दोलनको हिस्सा बनाएर उपयोग गर्न दलित समुदायले हिच्किचाउनु हुँदैन

दलितको आन्तरिक एकता : फुटाऊ र राज गर भन्ने सत्तासीनहरूको रणनीतिक चातुर्य बुझ्न नसक्नु दलित मुक्तिको एउटा बाधक तत्त्व हो। ब्राह्मणवादले हुलिदिएको उँचनीचको जरोले दलित समुदाय आफैंमा आक्रान्त र विभाजित छ। 'भाइ फुटे गँवार लुटे'को स्थितिलाई दलित समुदायमा चरितार्थ गरेर संघीय मन्त्रिपरिषद्मा दलित निषेधको स्थिति, मन्त्री नै दिए पनि राज्यमन्त्रीको भाग र अन्य प्रदेशमा पनि दलितको प्रतिनिधित्व सन्तुलित नहुनु दलित समुदायको 'बार्गेनिङ' क्षमता कमजोर भएर हो। दलित समुदायभित्र पनि ब्राह्मणवादको पकड दरो छ। जसले गर्दा छुवाछुत बारना, बन्देज र निषेध चरम रूपमा रहेको पाइन्छ। पढेलेखेका दलितले समेत आफ्नै समुदायभित्र एकले अर्कालाई स्वीकार गर्न सकिरहेका छैनन्। सानो उपलब्धिमा पनि जस लिने होड देखिन्छ भने कसैले उपलब्धिलाई पनि नजरआन्दाज गरेका छन्। सर्वमान्य नेतृत्व र दलित सौन्दर्य चिन्तन र एजेन्डामा अधिकतम सहमतिको अभाव छ। दलित आन्दोलनका निसाना तय गर्न दलित स्वयं अलमलमा छन्। कसैले मार्क्सवाद दलितमुक्तिको आधार भन्छन्, कसैले धर्मसंस्कृति सुधार भन्छन्, कसैको तर्क र वर्ग उन्मूलन, कोही थर उन्मूलन आदिको विविध विश्वासमा दलितमुक्ति आन्दोलन अलमलिएको छ। आन्तरिक एकतामा ध्यान दिन सके दलित आन्दोलनलाई उचाइ लिन गाह्रो छैन। त्यसैले आन्तरिक एकता निर्माण गर्न दलित समुदाय लाग्नुपर्छ। दलितको सबैभन्दा ठुलो मुक्तिको विषय आत्मसम्मान र मर्यादाको हो। राज्यले आत्मसम्मान र मर्यादा त्यतिन्जेलसम्म दिन कञ्जुस्याइँ गर्छ, जतिन्जेल दलितले आफ्नो तागत निर्माण गरेर सत्तासँग प्रश्न गर्ने ह्याउ राख्दैन, सत्ताको जुठोमा लोभिने मनसाय त्याग्दैन र आन्तरिक एकता मजबुत बनाउँदैन।

साझा मोर्चा र कार्यगत एकता : दलित समुदाय सबै एकै छातामुनि दलितमुक्तिको सवालमा एक भएर जानु आवश्यक छ। त्यसका लागि न्यूनतम साझा कार्यक्रम र एजेन्डा तय गरेर जाने, वैचारिक रूपमा पनि एउटा मार्गदर्शन निर्माण गर्ने, दलित मुक्तिका बहुआयाम र क्षेत्रको पहिचान गरी जहाँ र जसरी हुन्छ, त्यता निसाना लगाउने, दलित मुक्तिका लागि सहयोगी बन्ने कार्य गर्ने, धर्म संस्कृति सुधार तथा दलितको आर्थिक उन्नतिका विषयमा काम गर्ने, विरासतमा गरिएका कामलाई व्यावसायिक बनाएर आयआर्जन र आत्मनिर्भरताको बाटो लिनेजस्ता विषयमा दलित समुदाय परस्पर एकता गर्न सक्छन्।

गैरदलितसँग एकता : दलितका मुद्दा दलितको पीडाको विषय भए पनि आममान्छेको सभ्यता र मानवाधिकारसँग जोडिने विषय हो। मानव अधिकारको यो विषय विश्व राजनीतिक रंगमञ्चको विषय पनि हो। सन् १९४८ को मानवाधिकार घोषणापत्रको पक्ष हो। त्यसैले अब मुद्दा बोक्न दलित मात्र होइन, गैरदलित र राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय समुदाय पनि मानवाधिकारको प्रश्नमा सहयोगी बन्न आइपुग्छ। यसर्थ सुधारवादी गैरदलितलाई पनि दलित समुदायले आफ्नो आन्दोलनको हिस्सा बनाएर उपयोग गर्न हिच्किचाउनु हुँदैन।

स्थिर र रुढिवादी समाजलाई परिवर्तनको पक्षमा लान सहयोग पुऱ्याउने ब्राह्मण समुदायका व्यक्ति, जसले पशुपति कोटीहोममा कृष्ण दमाईंलाई व्यासासनमा राखेर धर्म सुधारको संकेत गरे, तिनलाई प्रेरणाको खाँचो छ। त्यस्तै, दलितको मुद्दा र विषयमा संवेदनशील विभिन्न तह र तप्काका व्यक्ति, संस्था, राजनीतिक पार्टीका नेताकार्यकर्ता मानव मर्यादाका पहरेदार बन्न सक्छन्। युग परिवर्तनको संकेत र मानकलाई प्रेरित गर्दै परिवर्तनको पक्षमा अझ इँटा थप्न सुधारवादी गैरदलितसँगको एकता आजको दलित आन्दोलनको पूरक भाग बन्न सक्छ।

(कार्की अनुसन्धाता हुन्)

---

३ प्रश्न



राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई

रवि लामिछानेको पत्राउ प्रतिशोधको राजनीति हो कि यसको अन्य राजनीतिक अर्थ पनि छन् ?

सामान्यतः जो राजनीतिक रूपमा सक्रिय हुन्छ ऊसँग जोडिएका हरेक विषय चर्चामा आउँछन् नै। रविजीको राहदानीको विषय पनि विगतमा उठेकै हो। उहाँको ठाउँमा मधेस या जनजाति समुदायको कोही हुन्थ्यो भने उसको विषय फरक ढंगले उठेको हुने थियो। सहकारीको सवालमा रविजीमाथि केही प्रश्न उठेका छन्। तिनको निरूपण हुनुपर्छ। राजनीतिक प्राणी हो भन्दैमा कसैले पनि यस्ता प्रश्नबाट कानुनी रूपमा उन्मुक्ति पाउनुहुँदैन। त्यति हो, राजनीतिक मुद्दा कतिखेर उठाइन्छन्, कसरी उठाइन्छन्, तिनको भने फरक अर्थ हुन सक्छ।

साना दलको लोकप्रियताबाट ठुला दल डराएका त होइनन् ?

ठुला भनिएका तीन दल साना दलको अस्तित्वबाट तर्सिएका पक्कै हुन्। साना दलको आन्दोलन या आक्रामकताबाट उनीहरू आत्तिएका छन्। ठुला दलको भोटको आधार यिनै जनता हुन्, जो साना भनिएका भर्खरै उदाएका दलहरूले बिस्तारै खोसिरहेका छन्। त्यसैले, यस प्रकरणमा कसैलाई फसाइदिऊँ भन्ने नियत राखिएको पनि हुन सक्छ। तर, उहाँको पार्टीको अंकगणितका आधारमा आफूलाई अनुकूल हुन्जेल मौन बस्नु र आफूलाई प्रतिकूल हुनासाथ आक्रामक बन्नुले भने राम्रो संकेत गर्दैन।


यसबाट नेपालको राजनीतिक भविष्यमा कस्तो प्रभाव पर्ला ?

०४६ यताको राजनीतिक इतिहास हेर्ने हो भने विधिको शासन लागू गर्ने सवालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रजस्ता संस्थालाई दलहरूले राजनीतिक स्वार्थ र दाउपेचअनुरूप उपयोग गरे। त्यस्ता संस्थाले कसैको रुचि, प्रवृत्ति र स्वार्थअनुरूप काम गर्ने अपसंस्कार झाँगिँदै गयो भने राजनीतिमा नकारात्मक प्रभाव पर्ने निश्चित छ।

प्रेरक प्रसंग

डा. कलामको सोच

भारतका प्रख्यात परमाणु वैज्ञानिक तथा पूर्वराष्ट्रपति डा. एपिजे अब्दुल कलाम बडो मानवीय स्वभावका थिए। उनी मान्छेलाई मात्र होइन, सम्पूर्ण प्राणीलाई माया सम्मान गर्थे।



यो अलि पहिलेको प्रसंग हो। त्यतिखेर डा. कलाम 'डिफेन्स रिसर्च एन्ड डेभलपमेन्ट अर्गनाइजेसन (डिआरडिओ) मा कार्यरत थिए। त्यही समयमा उनी कार्यरत भवनको सुरक्षा स्थितिबारे अध्ययन गरिरहेको सुरक्षा विशेषज्ञहरूको टोलीले सो भवनको चारैतिर रहेको अग्लो पर्खालको माथिल्लो भागमा सिसाका तिखातिखा टुक्रा लगाउनुपर्ने सुझाब दियो। टोलीको सुझाबअनुसार बजेट निकासा पनि भयो र योजना कार्यान्वयनको चरणमा पुग्यो। काम सुरु हुनै लागेको थियो। यस योजनाबारे डा. कलामलाई जानकारी भयो। तब उनले तत्कालै यो काम रोक्ने आदेश दिए।

उनको आदेश पाउनासाथ काम त रोकियो। तर, सुरक्षा विशेषज्ञहरूको टोलीले भवन र त्यहाँ कार्यरत अधिकारी तथा कर्मचारीको सुरक्षाका लागि त्यो काम अत्यावश्यक रहेको भन्दै डा. कलामलाई मनाउने प्रयास गरे। तर, डा. कलामले भने- तपाईंहरू सुरक्षासम्बन्धी जानकार हुनुहुन्छ। तर, त्यसरी हाम्रो सुरक्षाका लागि पर्खालमा सिसाका टुक्रा राख्दा त्यहाँ बस्न आउने पक्षीहरू घाइते हुन्छन्। त्यसैले, हाम्रो सुरक्षाका नाममा म निर्दोष पक्षीलाई घाइते बनाउन सक्ने काम गर्न दिन्नँ। भनिरहनुपरेन, डा. कलामले अड्डी लिएपछि त्यसरी पर्खालमा सिसाका टुक्रा लगाउने योजना सदाका लागि रद्द भयो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अरूमाथि पनि छानबिन गर

सरकारले सहकारी ठगी प्रकरणमा छानबिन गर्ने नाममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई पक्राउ गरेको छ। सहकारी ठगीमा उनी संलग्न छन् भन्ने कुरो तथ्य प्रमाणबाट स्थापित भएमा उनले कसुरअनुसार कानुनी सजाय भोग्नैपर्छ। अन्यथा, यो पक्राउ प्रकरण उनका लागि निर्दोष साबित हुने सुनौलो अवसर पनि हो। यहींनेर सरकारले राजनीतिक जोडघटाउ हेरेर काम गरिरहेको छ। यस्तै सहकारी ठगी प्रकरणमै जोडिएका कांग्रेस उपसभापति धनराज गुरुङ र सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जला पोखरेलमाथि भने छानबिनसम्म गरेको छैन। यस प्रकरणका सबै आरोपीमाथि तत्काल छानबिन गरियोस्।

● **बलराम झा**, जनकपुर-४, धनुषा

वृद्धभत्तामा पनि भ्रष्टाचार ?

सामाजिक सुरक्षा भत्ता लिइरहेका दुई लाख ३६ हजार लाभग्राही दुई महिनामै गायब भएको समाचार पढियो। यो गायब भएको होइन, पक्कै पनि वृद्धवृद्धा, एकल महिलालगायतलाई सरकारले दिँदै आएको भत्ता पचाउने सम्बन्धित अधिकारीको चाल हुनुपर्छ। साथै, दोहोरो सुविधा लिएर राज्यकोषमा अतिरिक्त भारत थपेर अख्तियारको दुरुपयोग गर्नेहरूका कारण यस्तो समस्या देखिएको हुन सक्छ। यस विषयमा सरकारले गम्भीरतापूर्वक छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न ढिलो गर्नुहुँदैन।

● **भूमिका चाम्लिङ**
कपुरधारा, काठमाडौं

कोष किन पछि हट्यो ?

पशुपति क्षेत्र विकास कोषअन्तर्गतको गौशाला धर्मशाला मारवाडी सेवा समितिले प्रयोग गर्दै आएको जगजाहेर छ। समितिले कौडीको भाउमा कोषबाट लिएर आफूले मनोमानी ढंगले चर्को भाडामा लगाउँदै आएको पनि सबैलाई थाहा छ। यतिखेर फेरि पनि धर्मशाला पुनः चर्चामा आइरहेको छ। विकास कोषले सो धर्मशाला सञ्चालनको जिम्मा अबदेखि काठमाडौं महानगरलाई दिने निर्णय गरेर सम्झौतासमेत गरिसकेपछि पनि कोष पुनः आफ्नो निर्णयबाट पछि हटेको देखिँदै छ, किन ?

● **सुविज्ञ सापकोट**
नयाँबानेश्वर, काठमाडौं

रवि र धनराजमा फरक के ?

कुनै पनि सरकारको वैधता र विश्वास केवल संसद्को गणितले मात्र पुष्टि गर्दैन, उसमाथि जनताको भरोसा पनि हुनुपर्छ। त्यसका लागि हरेक सरकारले आफू निष्पक्ष भएको र कुनै पूर्वाग्रह राखेर काम नगरेको जनतामा विश्वास दिलाउन सक्नुपर्छ। जुन दिन सरकारप्रति जनताको भरोसा टुट्छ, त्यसै दिनदेखि सरकार नाम मात्रको रहन्छ। सरकार को पहिलो दायित्व नै आफू हरेक नागरिकका लागि समान भएको र सबैलाई समान व्यवहार गरिरहेको जनतालाई विश्वास दिलाउनु भएकाले वर्तमान ओली सरकार यसमा कत्तिको खरो उत्रन सक्छ ? जनताले सूक्ष्म ढंगले हेरिरहेका छन्।

पछिल्ला कतिपय काम-कारबाही हेर्दा सरकारले समान व्यवहार नगरेको आभास जनताले गरिरहेका छन्। सरकारले सहकारी ठगी प्रकरणमा छानबिन गर्ने नाममा रास्वपा सभापति रवि लामिछानेलाई पक्राउ गरी अदालतमा बुझाएको छ। तर, सोही प्रकृतिको ठगी प्रकरणमा जोडिएका कांग्रेस उपसभापति धनराज गुरुङलाई भने सत्ताको आडमा उन्मुक्ति दिएको छ। के यहाँनेर सकारले रवि र धनराजको काममा फरक के छ भनेर जनतालाई चित्तबुझ्दो जवाफ दिन सक्छ ? दुवै नेतामाथि सहकारीको रकम अपचलनको आरोप लागेको छ। दुवै सांसद हुन्। अनि यस्तोमा एउटालाई पक्राउ गर्ने तर अर्कालाई छाती फुकाएर हिँड्न दिने ? सरकारको यो असमान व्यवहारले सरकारप्रति नै जनताको विश्वास गुम्न पुगेको छ। यसबाट सत्तारुढ कांग्रेस र एमाले दुवै पार्टीलाई आगामी दिनमा प्रतिकूल असर पर्ने निश्चित छ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

सिनवारको हत्याले थप प्रतिरोध निम्त्याउनेछ

इजरायलले प्रमुख यहुदी सर्वोच्चतावादी राष्ट्रवादविरोधी व्यक्तिको हत्या गरेको हुन सक्छ, तर यसले थप प्रतिरोधलाई उत्तेजित गरिरहेको छ



देश/विदेश

● बेलेन फर्नान्डेज

बिहीबार १७ अक्टोबरका दिन इजरायलले गाजापट्टीमा हमास नेता याह्या सिनवारको हत्या गरेको छ। यो नरसंहारकारी युद्धका दौरान सिनवार केही समययतादेखि 'उच्च महत्त्वको निसाना'मा रहेका थिए। स्मरण रहोस्, नरसंहारमा एक वर्षमा ४२ हजारभन्दा बढी प्यालेस्टिनीले ज्यान गुमाएका छन्। र, यो युद्ध अहिले लेबननमा पनि फैलिएको छ। निःसन्देह सिनवारको सफायाले चलिरहेको नरसंहार अन्त्यको संकेत गर्दैन। यसलाई इजरायलका प्रधानमन्त्री नेतन्याहुले हत्यापश्चात्को घोषणामा पनि जनाएका छन्। 'आज हामीले हिसाब बराबर गरेका छौं। आज राक्षसी तत्त्वलाई झट्का लागेको छ। तथापि, हाम्रो कार्यभार समाप्त भएको छैन,' नेतन्याहुले भनेका थिए। इजरायली सत्ताको अस्तित्व नै अनन्त नरसंहारमा निहित छ र यस अवस्थामा इजरायलले सम्पन्न गर्नुपर्ने 'कार्यभार' कहिल्यै पूरा हुनेछैन। अर्थात्, यो कार्यभार कम्तीमा तबसम्म सकिनेछैन, जबसम्म प्यालेस्टिनी र अरबका जनता इजरायलको रक्तपातपूर्ण प्रयासको प्रतिरोध गर्न प्रतिबद्ध रहिरहनेछन्। यद्यपि सिनवारको हत्यापछि पनि युद्ध जारी राखे इजरायललाई यस युद्धको औचित्य पुष्टि गर्न भने गाह्रो हुनेछ। तर, यो औचित्यले इजरायलको प्राथमिक अन्तर्राष्ट्रिय समर्थक अमेरिकाका लागि भने कुनै महत्त्व राख्दैन। नरसंहारमा पहिल्यैदेखि अमेरिकाको भूमिका रहँदै आएको छ। अमेरिका केही समययतादेखि सिनवारको खोजीमा संलग्न थियो। अगस्टमा न्युयोर्क टाइम्सले रिपोर्ट गरेअनुसार बाइडेन प्रशासनले इजरायललाई 'ग्राउन्ड पेनिट्रेटिङ रडार' (जमिनमुनि पनि खोज गर्ने रडार) र सिनवारको सञ्चार संवादलाई निगरानी गर्ने जासुसी एजेन्सीको सहयोग उपलब्ध गराएको थियो। हेजबुल्लाहका प्रतिष्ठित महासचिव हसन नसरल्लाहको बेरुतमा सेप्टेम्बरमा इजरायलले गरेको हत्याझैं सिनवारको हत्या पनि निःसन्देह प्रतीकात्मक छ। यो विशेषतः इजरायलको घातक प्रयासविरुद्ध प्रतिरोध गरेको सिनवारको इतिहासलाई हेर्दा सत्य लाग्छ।

गत वर्षयता सिनवार गाजामै बसे र इजरायलविरुद्ध सैन्य कारबाहीको नेतृत्व गरे। उनले इजरायली नेताभन्दा धेरै साहस देखाएका थिए। स्मरण रहोस्, इजरायली नेताले नरसंहारका लागि समर्थनको अभावको गुनासो गर्दै विश्व भ्रमण गरेका थिए। पश्चिमा मिडियाले निःसन्देह इजरायललाई 'कार्यभार' पूरा गर्न अनुमति दिने भाष्यलाई सुदृढ गरेका थिए र यसक्रममा यी मिडियाले सिनवारलाई इजरायललाई ध्वस्त पार्ने एक हत्यारा खलनायकका रूपमा चित्रण गर्न कुनै कसर बाँकी राखेका थिएनन्।

वास्तवमा सिनवारसँगको सन् २०१८ को अन्तर्वार्ताको अंशले हमास नेता सिनवार नष्ट गर्नेभन्दा पनि प्यालेस्टाइनको भविष्य निर्माण गर्ने उद्देश्यमा थिए भन्ने देखाउँछ। 'म आइन्दा संघर्ष गर्दिनँ भनेर भन्दिनँ वा म युद्ध चाहन्नँ त भन्दिनँ। म गाजामाथिको इजरायली कब्जा अन्त्य गर्न चाहन्छु। तपाईं सूर्यास्तका समयमा समुद्री तटमा टहलिनुस्, तपाईं त्यहाँ ती तमाम किशोर-किशोरी समुद्रपारिको त्यो विश्व कस्तो होला भनेर कुरा गर्दै गरेको भेट्नुहुन्छ ? यी किशोर-किशोरी जीवन कस्तो होला भनेर गमिरहन्छन्। यसले विचलित बनाउँछ। वास्तवमा यसले सबैलाई विचलित बनाउनुपर्छ। म यिनलाई स्वतन्त्र बनाउन चाहन्छु,' सिनवारले अन्तर्वार्तामा भनेका थिए। गाजाको शरणार्थी शिविरमा जन्मेका सिनवारलाई



तस्बिर : मोहम्मद सलेम/रोयटर्स

आफूले हिंस्रक रूपमा कब्जा गरेको प्यालेस्टिनी भूमि फिर्ता गर्न संघर्ष गरेका कारण दुई दशकभन्दा बढी समयसम्म इजरायलले कैद गरेको थियो। उनको लामो कारावासले उनलाई प्यालेस्टिनी 'स्वतन्त्रता'मा इजरायलले लगाएको गम्भीर प्रतिबन्धबारे गहिरो ढंगले सजग बनाएको थियो।

स्वतन्त्रतामा लगाइएका यी सीमा अहिले पहिलेभन्दा पनि धेरै चरम अवस्थामा पुगेका छन्। गाजाका किशोर-किशोरीले सूर्यास्त हेर्ने दिन र इजरायलको निरन्तर घेराबन्दी एवं बमबारीबाहिर जीवनको सपना देख्ने दिन अब गए। अहिले यी किशोर-किशोरी इजरायली आक्रमणको सिकार हुने दिन कुरिरहेका छन्, अर्थात् अस्पतालमा समेत जिउँदै जल्न अभिशप्त छन्। इजरायलले एक प्रमुख जायनिस्ट (यहुदी सर्वोच्चतावादी राष्ट्रवाद) विरोधी व्यक्तिको हत्या गरेको हुन सक्छ, तर यसले थप प्रतिरोधलाई उत्तेजित गरिरहेको छ। बिडम्बना, यो उत्तेजना इजरायलको हिंसात्मक र लाभदायक एजेन्डा फस्टाउन जारी राख्न आवश्यक तत्त्व हो।

माथि उल्लेख गरिएको न्युयोर्क टाइम्सको अगस्टमा आएको रिपोर्टअनुसार याह्या सिनवारको हत्या गर्दा वा कब्जा गर्दा नेतन्याहुलाई ठुलो सैन्य विजयको दाबी गर्ने ठाउँ मिल्ने र गाजामा कारबाही अन्त्य गर्न प्रोत्साहित गर्न सक्नेमा अमेरिकी अधिकारी विश्वस्त थिए। यद्यपि नेतन्याहुले हालै भनेअनुसार इजरायलले सिनवारसँग 'हिसाब बराबर' गरेको छ तैपनि 'कार्यभार अझै पूरा' भएको छैन। इजरायलले जुलाईमा सिनवारका पूर्ववर्ती इस्माइल हानियको हत्या गर्दा रोयटर्सले हानियलाई हमासका अन्य नेताभन्दा बढी उदार मानिएको तथ्य औंल्याएको थियो। र, इजरायल अशान्ति अन्त्य गर्न चाहन्न भन्ने मनसायमा जोड दिएको थियो।

सिनवारको हत्यापछि अमेरिकी राष्ट्रपति बाइडेनले गाजामा सिनवार र अन्य हमास नेतालाई पत्ता लगाउन इजरायलसँग नजिकबाट काम गरेकोमा अमेरिकी विशेष कारबाही र गुप्तचर टोलीको प्रशंसा गर्दै एक बयान जारी गरेका छन्। बाइडेनले यसलाई सन् २०११ मा ओसामा बिन लादेनको हत्यासँग तुलना गरेका छन् र यसलाई 'इजरायल, अमेरिका र विश्वका लागि राम्रो दिन'को संज्ञा दिएका छन्। तर, नरसंहारका लागि राम्रो भनिएको दिन वास्तवमै राम्रो दिन भने होइन।

(फर्नान्डेज लेखक एवं अल जजिराकी स्तम्भकार हुन्)
अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

द्वन्द्वग्रस्त क्षेत्रमा यसकारण जलवायु कार्य अपरिहार्य

आगामी वर्षमा खडेरी, पानीको कमी र चरम मौसमी घटनाले विस्थापन दरमा तीव्र वृद्धि ल्याउनुका साथै कमजोर सार्वजनिक प्रणालीमा थप दबाब दिने र लाखौँको जीवन अवस्था बिग्रने सम्भावना



● ओथमान बेल्बेसी

बेल्बेसी इन्टरनेसनल अर्गनाइजेसन फर माइग्रेसनमा मध्यपूर्व र उत्तर अफ्रिकाका लागि क्षेत्रीय निर्देशक हुन् ।



विगत केही साता असामान्य देखिएको मौसमले सुडानमा विनाशकारी बाढी निम्त्यायो । बाढीले सुडानी गृहयुद्धबाट विस्थापित भएका मानिस प्रभावित भए । अविरल वर्षापछिको बाढीले घरबार बगाउँदा दसौँ हजारभन्दा बढी विस्थापित भए । यसले अप्रिल २०२३ मा द्वन्द्व सुरु भएदेखि नै खाद्यान्न, औषधि, आश्रय र अन्य आधारभूत चिजको चरम अभावको सामना गरिरहेका सुडानी जनतामा पीडा थप्यो । अर्कोतर्फ गाजामा स्वच्छ पिउने पानी र उचित सरसफाइको अभावले युद्धबाट विस्थापित करिब २० लाख प्यालेस्टाइनीको जीवन कष्टकर बनाएको छ । गर्मी मौसमले पनि सहजै सरुवा रोग फैलाएको छ ।

सुडान र गाजाका यी गम्भीर घटनाक्रमले जलवायु परिवर्तनले द्वन्द्वका कारण उत्पन्न गम्भीर मानवीय संकटलाई कसरी तीव्र ढंगले बढाउन सक्छ भन्ने दृष्टान्तलाई स्पष्ट पार्छ । सन् २०२३ को अन्त्यमा विश्वभर ११७.३ मिलियन मानिस विस्थापित भएका संयुक्त राष्ट्र संघले अनुमान गरेको छ । तीमध्ये ६८.३ मिलियन आन्तरिक रूपमा विस्थापित भएका छन् । विस्थापनको मुख्य कारण द्वन्द्व हो । तर, जलवायु परिवर्तनसम्बन्धी प्रकोपहरू जस्तै- आँधी, बाढी, खडेरी र डढेलोले पनि गत वर्ष करिब २०.३ मिलियन मानिस घरबारविहीन भएका थिए । लाखौँले आफ्नो भूमि छाडेर सुरक्षित क्षेत्रतर्फ गएका थिए ।

जलवायु परिवर्तनले संसाधन प्रतिस्पर्धालाई तीव्र बनाउँछ, द्वन्द्वलाई झनै उक्साउँछ, सामाजिक र आर्थिक असमानतालाई गहिरो बनाई जोखिम बढाउँछ । त्यसैले जलवायु परिवर्तन पहिलेदेखि नै कमजोर समाजलाई थप अस्थिर बनाउने अपेक्षा गरिएको मध्यपूर्वजस्ता द्वन्द्वग्रस्त क्षेत्रमा विश्वभर एकीकृत मानवीय र विकास रणनीतिको एक हिस्सा बनेको छ । आगामी वर्षमा खडेरी, पानीको कमी र चरम मौसमी घटनाले विस्थापन दरमा तीव्र वृद्धि ल्याउनुका साथै कमजोर सार्वजनिक प्रणालीमा थप दबाब दिने र लाखौँको जीवन अवस्था बिग्रने सम्भावना छ । आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन आइओएमको एक अनुमानअनुसार बारम्बारको खडेरीले मार्च २०२४ सम्म इराकमा लगभग एक लाख ४० हजार मानिसलाई विस्थापित गरायो । हजारौँ मानिस अनिकालमा बाँच्न बाध्य भए । त्यसैगरी, यमनमा सन् २०२३ मा थप दुई लाख ४० हजार मानिस विस्थापित भए । उनीहरूमध्ये कतिपय बाढीले विस्थापित भएका थिए । यमनमा हालसम्म सबैभन्दा बढी (करिब ४५ लाख) मानिस जारी द्वन्द्वबाट विस्थापित भएका छन् । जलवायुसम्बन्धी पेरिस सम्झौताअनुसार जलवायु परिवर्तनको प्रभावलाई कम गर्न द्रुत गतिमा अघि बढ्नु आवश्यक छ । तर, कमजोर समुदायका लागि लचिलोपन र अनुकूलन क्षमता विकासका लागि मद्दत गर्नु उत्तिकै महत्त्वपूर्ण छ । तसर्थ, हामी विस्थापन र जबर्जस्ती बसाइँसराइलाई न्यूनीकरण गर्न वा रोक्न सक्छौँ ।

भर्खरै सम्पन्न आस्वान फोरमले जलवायु र द्वन्द्वका असरलाई तत्काल सम्बोधन गर्नुपर्ने आवश्यकता उजागर गरेको छ । यो विषय इजिप्टमा सम्पन्न कोप २७ र संयुक्त अरब इमिरेट्स युएईमा भएको कोप २८ सम्मेलनको छलफलको प्रमुख मुद्दा बनेको थियो । अजरबैजानमा हुने आगामी कोप २९ पनि यही विषय प्रमुख हुनेछ । अरब क्षेत्रमा ६ वटा उदीयमान देश (जसमध्ये तीन वटा देश द्वन्द्व प्रभावित छन्)ले गत दशकमा अरब क्षेत्रका लागि प्रदान गरिएको जलवायु वित्त सहायताको ६ प्रतिशत मात्र प्राप्त गरेका छन् । कमजोर शासन प्रणाली, असमानता र वातावरणीय ह्रासका कारण विश्वभर अझ विशेषगरी मिडिल इस्ट एन्ड नर्थ अफ्रिका अर्थात् मिना (एमइएनए) क्षेत्रमा भइरहेका द्वन्द्व अझ लामा र झनै जटिल बन्दै गएका छन् । ती द्वन्द्वका नतिजा पनि डरलाग्दो बन्दै गएका पछिल्ला घटनाक्रमहरूले पुष्टि गरेका छन् ।

बारम्बारको खडेरीले मार्च २०२४ सम्म इराकमा लगभग एक लाख ४० हजार मानिसलाई विस्थापित गरायो । त्यसैगरी, यमनमा सन् २०२३ मा थप दुई लाख ४० हजार मानिस विस्थापित भए । जलवायुसम्बन्धी पेरिस सम्झौताअनुसार जलवायु परिवर्तनको प्रभावलाई कम गर्न द्रुत गतिमा अघि बढ्नु आवश्यक छ ।

गृहयुद्धको पृष्ठभूमिबाट आएका देशलाई आर्थिक रूपमा सुधार गर्न औसत १४ वर्ष र प्रणाली तथा संस्थाहरूको पुनर्निर्माण गर्न २५ वर्ष लाग्छ । यी द्वन्द्व प्रभावित देशमा बढ्दो मानवीय आवश्यकता र जारी जलवायु चुनौतीले शान्ति निर्माण र विकासलाई अझ चुनौतीपूर्ण बनाउनेछ । अन्तर्राष्ट्रिय समुदायमा थप सक्रिय र रोकथामात्मक दृष्टिकोण आवश्यक छ । तसर्थ, यस्ता प्रभावित देशका विशेष क्षेत्रहरूमा हामीले लगानी गर्नुपर्छ र रोकथामलाई पनि प्राथमिकता दिनुपर्छ ।

हामीले प्रविधिको प्रयोग गरी जिम्मेवार नवप्रवर्तनको फाइदा उठाउनैपर्छ । त्यस्तै, हामीले शान्तिपूर्ण र समावेशी समाजलाई प्रवर्द्धन गर्न, सबैका लागि न्यायमा पहुँच प्रदान गर्न तथा शान्ति र विकासको शक्तिलाई उपयोग गर्न प्रभावकारी, जवाफदेही संस्थाहरूको निर्माण गर्न आवश्यक छ । प्रभावकारी शान्ति र विशेषगरी अफ्रिकामा यति ठूलो संख्यामा मानिसहरूको विस्थापन गराउने लामो समयदेखि चलिरहेको र बारम्बार दोहोरिने द्वन्द्वको अन्त्यविना हामी सबै जलवायु परिवर्तनका प्रभावसँग साँच्चै नै अनुकूल हुनेछैनौँ । यदि विश्वका राष्टहरू २०३० दिगो विकास लक्ष्य पूरा गर्न साँच्चै गम्भीर छन् भने विश्वका नेताहरूले युद्ध अन्त्य गर्न मद्दत गर्नुपर्छ । उनीहरूले तत्कालै ठोस कदम चाल्न आवश्यक छ ।

जलवायु परिवर्तन, द्वन्द्व र विस्थापनको सम्बन्ध जटिल र बढ्दो चुनौती हो, जसका लागि समन्वित विश्वव्यापी प्रतिक्रिया आवश्यक छ । प्रारम्भिक कार्य गरेर, लचिलोपनमा लगानी गरेर, सरकारी क्षमता वा संरचना निर्माण गरेर र मानवीय र विकास प्रयाससँग जलवायु कार्यलाई एकीकृत गरेर हामी भविष्यमा काम गर्न सक्छौँ, जहाँ बसाइँसराइ एक विकल्प हो, आवश्यकता होइन ।

- अलजजिराबाट

नेतन्याहुको निवासलाई निसाना बनाएर ड्रोन हमला

जेरुसेलम/ इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको निजीनिवासलाई निसाना बनाई शनिबार लेबनानबाट ड्रोन हमला भएको छ । इजरायलको प्रधानमन्त्री कार्यालयले एक विज्ञप्तिमार्फत उक्त जानकारी दिएको हो ।

विज्ञप्तिमा नेतन्याहु र उनकी पत्नी सारा हमलाको समयमा घरमा नभएको उल्लेख गरिएको छ । टाइम्स अफ इजरायलको रिपोर्टअनुसार शनिबार बिहान लेबनानबाट उडाइएका अन्य दुई ड्रोन इजरायलको हवाई सुरक्षाद्वारा खसालिएको थियो । इजरायल र हमासबिच चलिरहेको द्वन्द्वका बिचमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले शुक्रबार गाजाका जनतालाई सम्बोधन गर्दै भने, 'यदि हमासले हतियार छोड्न र बन्धकहरूलाई फिर्ता गर्न सहमत भएमा युद्ध भोलि समाप्त हुन सक्छ ।' इजरायलले हमास प्रमुख र अक्टोबर ७ मा भएको आक्रमणका मास्टरमाइन्ड याह्या सिनवारको हत्या भएको पुष्टि गरेको केही घण्टापछि उनले यस्तो टिप्पणी गरेका हुन् । यसैबीच, उत्तरी गाजापट्टीमा भएको इजरायली हवाई आक्रमणमा कम्तीमा ३३ जना प्यालेस्टिनीको मृत्यु भएको छ ।

आवश्यक्ता

प्रथम पटक प्रकाशित मिति २०८१/०७/०४

रसुवा जिल्ला आमछोदिङ्मो गा पा वाड नं ५, तातोपनी स्थित Salasungi Power Private Limited को लगानीमा निर्माणाधीन Sanjen Khola Hydropower Project 78 MW छिट्टै नै सन्चालनमा आउने भएको हुँदा उक्तआयोजनाको Management and Opertion Maintenance Service लागि निम्न दक्ष जनशक्तिहरूको आवश्यकता परेको हुँदा ईच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ ।

सिं नं	पद	योग्यता	माग संख्या	अनुभव
1	Electrical Engineer	BE	३	सम्बंधित काममा कम्तिमा ७ वर्षको कार्य अनुभव भएको, कम्प्युटर, अंग्रेजी र चिनियाँ भाषामा दक्षा भएको ।

१ **गर्नु पर्ने कामको विवरण :** आयोजनाको आवश्क्ता अनुसार
२ **कार्य क्षेत्र र स्थल :** आयोजना स्थल अनुसार
३ **कार्यरत रहने अवधि :** १ वर्ष
४ **संलग्न कागजतहरू :** शैक्षिक प्रमाण-पत्र र अनुभवका कागजहरू

China International Water and Electric Cooperation

बालुवाटार, काठमाडौं, सम्पर्क नं: ९८५११५४२२३, ईमेल : cwenepal@info.com.np

जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको शेयर लिलाम बढाबढ प्रक्रियाद्वारा बिक्री गर्न विद्यमान संस्थापक तथा सर्वसाधारणहरुलाई शिलबन्दी बोलपत्र आव्हानको सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरू मिति : २०८१/०७/०४
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०७/१४

जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापकहरुको नाममा रहेको संस्थापक समूहतर्फको कुल ३,३४,५०० कित्ता शेयर प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०७९ को निर्देशन नं. १०/०७९ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्थाको अधिनमा रही संस्थापक समूहको शेयर सोही समूहमा नै रहने गरी लिलाम बढाबढद्वारा बिक्री गर्न वित्तीय संस्थाको संचालक समितिको निर्णयबाट स्वीकृति प्राप्त भई सम्बन्धित संस्थापक शेयरधनीहरुबाट उक्त शेयरहरु लिलाम बढाबढको माध्यमबाट विद्यमान संस्थापक तथा अन्य व्यक्ति वा संस्थाहरुलाई बिक्री गर्न यस कम्पनीलाई बिक्री प्रबन्धकमा नियुक्त गरेकोले उक्त शेयरहरु खरीद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनी लगायत अन्य ईच्छुक व्यक्ति तथा संगठित संस्थाले **मिति २०८१/०७/१४ गते अपरान्ह ३:०० बजेभित्र जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्ग वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौं**मा आइपुग्ने गरी प्रतिकित्ता के कति दर रेटमा खरीद गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

क्र.सं.	कोड नम्बर	बिक्रीकर्ता	बिक्री गरिने जम्मा शेयर संख्या	न्यूनतम आवेदन दिनुपर्ने शेयर संख्या	प्रस्ताव गरिएको न्यूनतम प्रति शेयर मूल्य
१.	A-०८१/८२	बिक्रीकर्ता नं. १	२,००० कित्ता	२५० कित्ता	रु. ६००/-
२.	B-०८१/८२	बिक्रीकर्ता नं. २	४,००० कित्ता	२५० कित्ता	रु. ६००/-
३.	C-०८१/८२	बिक्रीकर्ता नं. ३	६,००० कित्ता	२५० कित्ता	रु. ६००/-
४.	D-०८१/८२	बिक्रीकर्ता नं. ४	१०,००० कित्ता	२५० कित्ता	रु. ६००/-
५.	E-०८१/८२	बिक्रीकर्ता नं. ५	२६,५०० कित्ता	२५० कित्ता	रु. ६००/-
६.	F-०८१/८२	बिक्रीकर्ता नं. ६	३६,००० कित्ता	२५० कित्ता	रु. ६००/-
७.	G-०८१/८२	बिक्रीकर्ता नं. ७	१,००,००० कित्ता	२५० कित्ता	रु. ६००/-
८.	H-०८१/८२	बिक्रीकर्ता नं. ८	१,५०,००० कित्ता	२५० कित्ता	रु. ६००/-

ईच्छुक आवेदकले आफुले आवेदन गर्दा कुन बिक्रेताको शेयर खरीद गर्न आवेदन गरेको हो सो को कोड नम्बर सहित आवेदन फाराममा तथा शिलबन्दी खाम बाहिर समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

शर्तहरुः

१. बोलपत्र आवेदन फाराम जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्ग वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ । आवेदकले फाराम खरीद गर्दा जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेडबाट छाप लगाएको आवेदन फाराम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको वा फोटोकपी गरी पेश गरिएको आवेदन फारामलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।
२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. ६००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एउटा व्यक्ति वा कम्पनीले एउटा वा अन्य बिक्रीकर्ताको शेयर खरीद गर्न बोलपत्र मार्फत छुट्टाछुट्टै आवेदन दिन सक्नेछ । तर एउटा बिक्रीकर्ताको शेयर खरीद गर्न आवेदकले एउटा मात्र बोलपत्र मार्फत आवेदन दिन सक्नेछ । साथै, बोलपत्र फाराम लाहाछाप लगाई शिलबन्दी गरिएको हुनुपर्नेछ ।
३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर संख्या तथा आफूले कबोल गरेको प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । कबोल गर्ने दर दशमलव पछिको दुई अंक मात्र मान्य हुनेछ ।
४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, मोबाईल नम्बर, आफ्नो खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।
५. संस्थापक शेयर खरीद गर्न ईच्छुक सम्पूर्ण बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूची ३) को विवरण (फोटो सहित), कर्जा सूचना केन्द्र लिमिटेडबाट प्राप्त कालोसूचीमा समावेश नभएको प्रमाणित हुने कागजात (कम्तिमा २०८१ मंसिर मसान्तसम्म तीन महिना अवधि कायम रहेको), आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, पछिल्लो आर्थिक वर्षका कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, आफ्नो नाममा वा आफ्नो नाममा रहेको व्यवसायको स्थायी लेखा नम्बरका साथै नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
६. बोलपत्र पेश गर्दा न्यूनतम २५० कित्ता र सो भन्दा बढीका लागि १०० (एक सय) अंकको गुणाङ्कमा आवेदन दिनु पर्नेछ । रु.५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।
७. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा BOID मा भएको विवरणसँग हुबहु मिल्ने गरी पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्य तथा शेयर नामसारी गरिलिंदा तिर्नु/बुझाउनुपर्ने ब्रोकेरेज शुल्क, सेबोन कमिशन र डिपोजिटरी दस्तुर समेत गरी हुन आउने सम्पूर्ण रकम मिति २०८१/०७/१४ गतेसम्म तल उल्लेख गरे बमोजिमको बैंक खातामा धरौटी बापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) वा IPS मार्फत रकमान्तरण गरिएको भए सो को Transaction Copy संलग्न गर्नुपर्नेछ । IPS मार्फत रकम जम्मा गर्दा लाग्ने शुल्क आवेदक स्वंयले नै व्यहोर्नुपर्नेछ ।

क्र.सं.	बैंक	खाताको नाम	खाता नं.
१.	एनएमबि बैंक लिमिटेड	NMB CAPITAL LIMITED - OPERATION	0010005401000042

८. आवेदनका साथ देहायका कागजात संलग्न गर्नुपर्नेछ :
क. आवेदकले आवेदनका साथ तीन प्रति फोटो, आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात ।
ख. आवेदक संगठित संस्था/कम्पनी भएमा कम्पनीको दर्ता प्रमाणपत्र, कारोबार गर्न इजाजत पाएको प्रमाणपत्र, शेयरधनी/संचालक लगत, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, शेयर खरीद गर्ने सम्बन्धमा संचालक समितिको निर्णय, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि, संस्थाको विगत दुई वर्षको वित्तीय विवरण, संस्थाको तथा संचालकहरुको कर्जा सूचना केन्द्रबाट प्राप्त कालोसूचीमा नरहेको प्रमाणित हुने कागजात (कम्तिमा २०८१ मंसिर मसान्तसम्म तीन महिना अवधी कायम रहेको), कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात ।
ग. प्रहरी प्रतिवेदनमा अपराधिक पृष्ठभूमीमा नदेखिएको पत्र (Police Clearance Report) वा देखिएको व्यक्ति भए सजाय भुक्तानी गरी सफाई पाएको ५ वर्ष व्यतित भएको प्रहरीको प्रतिवेदन ।
घ. माथि उल्लेखित कागजात बाहेक अन्य कुनै कागजात आवश्यक परेमा सो समेत आवेदकले जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा बिक्री प्रबन्धकको कार्यालयमा उपलब्ध गराउनुपर्नेछ ।
९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "**जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड - शेयर खरीद आवेदन (संस्थापक समूह) कोड नम्बर**" उल्लेख भएको हुनुपर्नेछ ।
१०. बोलपत्र मिति २०८१/०७/१४ गते बुधबार अपरान्ह ३:०० बजेभित्र जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड वा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा दर्ता भई सक्नुपर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईनेछैन । साथै, बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिनेछैन ।
११. प्राप्त शिलबन्दी बोलपत्रहरु मिति २०८१/०७/२५ गते आइतबार बिहान १०:०० बजे एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा बोलपत्रदाता वा निजद्वारा लिखित रुपमा नियुक्त प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोहि समयमा सोहि स्थानमा बोलपत्र खोलिनेछ ।
१२. प्राप्त बोलपत्रहरुको छानविन तथा जाँच गरी रितपूर्वक पेश गरेका आवेदकहरुलाई बाँडफाँड प्रक्रियामा समावेश गरी प्रारम्भिक बाँडफाँड गरिनेछ । प्रारम्भिक बाँडफाँडमा परेका बोलपत्रदाताहरुको विवरण सहित स्वीकृतिका लागि जीवन विकास लघुवित्त वित्तीय संस्थाको संचालक समितिमा पठाईनेछ र सो वित्तीय संस्थाको संचालक समितिबाट बाँडफाँडको स्वीकृति प्राप्त भए पश्चात् तथा नेपाल राष्ट्र बैंकको स्वीकृति आवश्यक पर्ने बोलपत्रदाताहरु भएमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भए पश्चात् मात्र बाँडफाँडको अन्तिम स्वीकृत भएको मानिनेछ । कथंकदाचित जीवन लघुवित्त वित्तीय संस्था लिमिटेड वा नेपाल राष्ट्र बैंकबाट बाँडफाँडका लागि स्वीकृति प्राप्त नभएमा वा माग गरेको शेयरमध्ये आंशिक शेयरकालागि मात्र स्वीकृति प्राप्त भएमा सोहि बमोजिमको शेयर बाँडफाँड गरिनेछ । यसरी गरिएको बाँडफाँड बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ । बाँडफाँडको अन्तिम स्वीकृति प्राप्त भए पश्चात् मात्र शेयर नामसारीको प्रकृया अगाडि बढाईनेछ ।
१३. बाँडफाँडमा परेका आवेदक संस्थापक शेयरधनीहरुलाई निजको नाममा बाँडफाँडमा परेको शेयर निजको हितग्राही खातामा जम्मा गर्नका लागि धितोपत्र दलाल (स्टक ब्रोकर) मार्फत कारोबार गराई जम्मा गरिने भएकाले सो कारोबार गर्दा प्रचलित कानून बमोजिम लाग्ने शुल्क तथा कमिशन सम्बन्धित खरीदकर्ताले नै व्यहोनुपर्नेछ । बिक्रेताको लागि लाग्ने उपरोक्त शुल्क, कमिशन तथा पूँजीगत लाभ कर भने बिक्रेता स्वयंले नै व्यहोर्नुपर्नेछ ।
१४. माथि बुँदा १२ बमोजिम वित्तीय संस्थाको संचालक समिति वा नेपाल राष्ट्र बैकको स्वीकृति बमोजिम शेयर बाँडफाँड गर्दा शेयर बाँकी रहन गएमा बाँडफाँडमा नपरेका रितपूर्वकको आवेदन पेश गर्ने बोलपत्रदाताहरुमध्ये प्रति शेयर अधिकतम मूल्य कबोल गर्ने बोलपत्रदाताहरुलाई क्रमशः बाँकी रहेको शेयर वित्तीय संस्थाको संचालक समितिको स्वीकृति लिई बाँडफाँड गर्न सकिनेछ ।
१५. दरखास्त फारामसाथ बुझाएको अन्य शुल्क तथा दस्तुर नपुग भएमा वा केही कारणवश परिवर्तन हुन गएमा सो पुनः माग गर्न कुनै बाधा पर्ने छैन ।
१६. बोलपत्र आवेदनहरुमध्ये बाँडफाँडमा नपरेको आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम अन्तिम बाँडफाँड पश्चात् धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा तोकिएको समयावधिभित्रमा IPS मार्फत आवेदकहरुले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै फिर्ता भुक्तानी गरिनेछ । साथै, यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
१७. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि बाँडफाँडमा परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरिनेछ र बाँकी रहेको शेयर सम्बन्धित बिक्रेताको स्वीकृतिमा पुनः लिलाम बढाबढ गरी बिक्री गर्न सकिनेछ ।
१८. शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा नियमनकारी निकायको राय सुझाव लिई सोही बमोजिम विवादको समाधान गरिनेछ र सो निर्णय खरीदकर्ता तथा बिक्रेता दुबैलाई मान्य हुनुपर्नेछ ।
१९. सम्बन्धित बिक्रेताको नाममा रहेको शेयर खरीदकालागि प्राप्त योग्य आवेदनलाई मात्र सोहि बिक्रेताको शेयर बाँडफाँडमा समावेश गरिनेछ ।
२०. एउटा बिक्रीकर्ताको शेयर खरिदका लागि दिइएको आवेदन अर्को बिक्रीकर्ताको शेयर बाँडफाँडमा समावेश गरिनेछैन ।
२१. यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी-२, मोरङ्गमा वा बिक्री प्रबन्धकको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी लिन सकिने छ ।

बिक्री प्रबन्धक:

NMB CAPITAL एनएमबि क्यापिटल
एनएमबि क्यापिटल लिमिटेड
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ९७७-०१-४५३७९६०
इमेलः info@nmbcl.com.np वेबसाइटः www.nmbcl.com.np

इतिहासमा आज अक्टोबर २०



सन् २०११ : लिबियामा चलिरहेको गृहयुद्धका क्रममा फरार रहेका राष्ट्रप्रमुख मुअम्मर गद्दाफी विद्रोहीको फन्दामा परे । आफ्नै गृहनगर सिर्तेमा पक्राउ परेलगत्तै गद्दाफीलाई भिडले मारेको थियो ।

सन् १८१८ : क्यानडामा शासन गरिरहेको बेलायत र अमेरिकाबिच ४९औँ प्यारलेललाई क्यानडा र अमेरिकाको सिमाना मान्ने सहमति भयो ।

सन् १९०४ : बोलिभिया र चिल्लीबिच 'प्यासिफिक युद्ध' अन्त्य गर्ने एक सन्धिमा हस्ताक्षर भयो । सन्धिले विवादित समुद्री किनारको भूभागमाथि चिल्लीको नियन्त्रण कायम गऱ्यो । तथापि, सन्धिमा चिल्लीले बोलिभियालाई समुद्रसम्म पहुँच दिने रेलमार्ग निर्माणका लागि जमिन दिने उल्लेख छ ।

सन् १९३५ : चिनियाँ कम्युनिस्ट पार्टीले सुरु गरेको 'लङ मार्च' साङ्ची प्रान्तको यनानमा अन्त्य गऱ्यो । यो यात्रा अभियानको नेतृत्व गरेका माओत्सेतुङ पार्टीभित्र शक्तिशाली नेताको रूपमा उदाए ।

सन् १९३८ : नाजी जर्मनीको प्रभावमा परेको चेकोस्लोभाकिया सरकारले नाजी नीति अनुसरण गर्दै देशको कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो । त्यस्तै उसले देशभित्रका यहुदीको नरसंहार सुरु गऱ्यो ।

सन् १९४५ : इजिप्ट, सिरिया, इराक र लेबनानले अरबी प्रायद्वीपको प्यालेस्टाइनमा यहुदी राज्य निर्माणका लागि चलिरहेको प्रयासलाई संयुक्त रूपमा विरोध गर्ने उद्देश्यले एक गठबन्धन बनाए ।

सन् १९४७ : अमेरिकाको एक संसदीय समितिले हलिउडमा कम्युनिस्ट पहुँच बढेको आरोपमा सार्वजनिक सुनुवाइ सुरु गऱ्यो । क्याथरिन हेप्बर्न, चार्ली च्याप्लिन र एडवार्ड जी. रोबिनसनजस्ता हस्तीलाई समेत कम्युनिस्टप्रति नरम रहेको आरोप लागेको थियो । सो समितिले भविष्यका देशका राष्ट्रपति रोनाल्ड रेगनसँग पनि सोधपुछ गरेको थियो ।

सन् १९६८ : अमेरिका पूर्व'फस्ट लेडी' ज्याकलिन क्यानेडी (जोन एफ. केनेडीकी श्रीमती)ले ग्रिक धनाढ्य एरिस्टोटल ओनासिससँग विवाह गरिन् । उनी श्रीमान् (पूर्वराष्ट्रपति)को मृत्युपछि पुनः विवाह गर्ने एक मात्र अमेरिकी फर्स्ट लेडी हुन् ।

सन् १९७३ : इजरायल-अरब युद्धमा अमेरिकाले इजरायललाई साथ दिएको विरोधमा तेल उत्पादक अरब मुलुकले अमेरिकालाई तेल आपूर्ति बन्द गरे । अमेरिकामा त्यसले ठुलो हाहाकार निम्त्याएको थियो ।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०७/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय शाखा कार्यालय बनेपा, काभ्रेबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति	बोलपत्र खोलिने मिति/समय
२०८१/०७/२० गते/स्थान : शाखा कार्यालय बनेपा, काभ्रे	२०८१/०७/२३ गते, शुक्रबार दिनको १ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : अधिकारी भाडा पसल एण्ड स्टोर** प्रदेश सरकार, प्रदेश नं. ३, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रे प्रा.फ.र.नं. ५१९०/०७६/०७७, दर्ता मिति : २०७६/०९/०७, पान नं. ६१२७००१४३, दर्ता मिति : २०७६/१०/२३ ठेगाना : बनेपा न.पा. वडा न १०, काभ्रेपलाञ्चोक, **प्रोप्राइटर : कुविर अधिकारी**

ऋणी तथा जमानतकर्ताको विवरण

नाम : कुविर अधिकारी
ना.प्र.नं. ९४६६, जि.प्र.का. धादिङ, जारी मिति : २०६०/१०/०८
बाबुको नाम : लछुमन अधिकारी, बाजेको नाम : जोदार सिं अधिकारी
ठेगाना : धादिङ जिल्ला, कुम्पुर गा.वि.स. वडा नं. ६, हाल : काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १०

जमानतकर्ताको विवरण

१. नाम : शुशिला अधिकारी	२. नाम : राजेन्द्र बानिया
ना.प्र.नं. २६३०३४/४६४, जि.प्र.का. धादिङ	ना.प्र.नं. ४६९४, जि.प्र.का. सिन्धुपाल्चोक
जारी मिति : २०६३/१०/१४	जारी मिति : २०५४/०७/२९
पतिको नाम : कुविर अधिकारी	बाबुको नाम : निल वहादुर बानिया
ससुराको नाम : लछुमन अधिकारी	बाजेको नाम : चन्द्र वहादुर बानिया
ठेगाना : धादिङ जिल्ला, कुम्पुर गा.वि.स. वडा नं. ६	ठेगाना : सिन्धुपाल्चोक जिल्ला, ईन्द्रावती गा.पा. वडा नं. ३
हाल : काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १०	हाल : काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. १०

धितोको विवरण

कुविर अधिकारीको नाममा मालपोत कार्यालय, धादिङ दर्ता कायम रहेको धादिङ जिल्ला, कुम्पुर वडा नं. ६ स्थित कित्ता नं. ७०, १६२, १५९, १६५, १६४ को क्षेत्रफल क्रमशः ३-६-३-०, ०-९-१-३, १-१५-३-०, २-१५-२-०, ०-३-३-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बनेपा, काभ्रे, फोन नं. ०११-६६०१३०
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ४ कात्तिक ०८१

माथिल्लो तामाकोशी बन्द हुँदा असोजमा मात्रै ८५ करोड नोक्सानी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बाढीपहिरोले क्षति पुऱ्याएको देशकै ठुलो चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशी बन्द हुँदा असोजमा मात्रै ८५ करोडभन्दा बढी आम्दानी गुमेको छ। १०-१२ असोजको वर्षासँगै आएको पहिरोले परियोजनाको बाँध क्षेत्रका संरचना क्षतिग्रस्त हुँदा अहिले उत्पादन बन्द छ।

प्रवर्द्धक कम्पनी अपर तामाकोशी हाइड्रोपावरले बर्खामा प्राधिकरणलाई विद्युत् बिक्री गरेबापत प्रतियुनिट तीन रुपैयाँ ५० पैसा र हिउँदमा चार रुपैयाँ ६ पैसा प्राप्त गर्छ। यो परियोजनाले गत आव ०८०/८१ मा विद्युत् बिक्री गरेर आठ अर्ब ७५ करोड २० लाख रुपैयाँ आम्दानी गरेको थियो। कम्पनीले विद्युत् बिक्री गरेर मासिक औसत ७३ करोड रुपैयाँ आम्दानी गर्छ। बर्खाको समयमा विद्युत् उत्पादन धेरै हुँदा आम्दानी पनि मासिक अर्ब रुपैयाँभन्दा बढी हुन्छ। तर, पहिरोले बाँध क्षेत्रका संरचना क्षतिग्रस्त हुँदा विद्युत् उत्पादन रोकिएर असोजमा मात्रै ८५ करोड ६ लाख ४७ हजार नौ सय ३० रुपैयाँबराबरको आम्दानी गुमेको कम्पनीका अध्यक्षसमेत रहेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। उक्त कम्पनी प्राधिकरणकै सहायक कम्पनी हो। 'यो त प्रवर्द्धक कम्पनीले गुमाएको आम्दानी मात्रै हो। त्यही विद्युत् बिक्री गरेर प्राधिकरणले प्राप्त गर्ने खुद आम्दानी पनि गुमेको छ। त्यस्तो आम्दानी कति गुम्यो भनेर तथ्यांक तयार भइसकेको छैन। प्राधिकरणको मात्रै थप ६० करोड रुपैयाँभन्दा बढी आम्दानी गुमेको अनुमान छ,' उनले भने, 'यही कारण निर्यातसमेत प्रभावित भएको छ।'

यसअघि नेपालबाट आठ सय मेगावाटभन्दा बढी विद्युत् भारतमा निर्यात हुन्थ्यो। अहिले त्यो चार-पाँच सय मेगावाटमा सीमित भएको छ। आम्दानी नै गुमेपछि माथिल्लो तामाकोशी कम्पनीलाई ऋणको किस्तासमेत भुक्तानी गर्न चुनौती हुने जोखिम बढेको छ। ऋण धेरै भएका कारण अहिले परियोजनाले नाफा कमाउन सकेको छैन।

१२ असोजमा माथिबाट ढुंगासहित खसेको पहिरोले बिगु गाउँपालिका- १, लामाबगरस्थित परियोजनाको बाँध क्षेत्रका संरचना (हेडवर्क्स)मा ठुलो क्षति पुगेको थियो। बाँधस्थलभन्दा केही तल दायाँतर्फ रहेको नियन्त्रण कक्ष (कन्ट्रोल रुम)को दुईतले भवनमा माथिबाट ठूला-ठूला ढुंगा बजारिएका थिए। त्यसले गर्दा कन्ट्रोल रुममा कार्यरत कम्पनीका दुई कर्मचारी र सुरक्षाका लागि खटिएका दुई सैनिक गरी चारजनाको मृत्यु पनि भएको थियो। उक्त भवन र त्यहाँ रहेका उपकरणहरू पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्।

यसैगरी, बालुवा थिग्रिघाउने दुई पोखरी (डिस्यान्डर) र बाँधबाट डिस्यान्डरसम्म पानी पुऱ्याउने दुई भूमिगत नहर (कल्भर्ट)मा ठुलो क्षति पुगेको थियो। डिस्यान्डरमा रहेका दुईवटा पोखरीमा लेदो, गेग्रिघान, ठुल्ठूला ढुंगा थुप्रिएका थिए। दुईवटा पोखरी प्रत्येकमा ७५-७५ हजार घनमिटर लेदो, ढुंगालगायत थुप्रिएको अनुमान गरिएको थियो। फलस्वरूप विद्युतृगृहसम्म पानी पुऱ्याउन सक्ने अवस्था नभएपछि परियोजना अहिले बन्द अवस्थामा छ। त्यसले गर्दा परियोजनामा दुई अर्ब रुपैयाँमाथिको क्षति भएको छ। साथै, आम्दानीसमेत नमज्जाले प्रभावित भएको छ। अहिले क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्ने काम भइरहेको छ।

अर्धजलाशय प्रकृतिको यो परियोजना सरकारी स्वामित्वमा निर्माण गरिएको थियो। खुद ५२ अर्ब रुपैयाँ र ब्याजसहित ८४ अर्ब रुपैयाँ लागतमा असार ०७८ देखि यो परियोजना सञ्चालनमा थियो। ०६७ देखि परियोजनाको निर्माण सुरु भएको थियो।

राष्ट्रिय ग्रिडको कुल जडित क्षमता ३३ सय मेगावाट हाराहारी हुँदा तामाकोशीको मात्रै चार सय ५६ मेगावाट योगदान छ। सबैभन्दा ठुलो र अर्धजलाशय प्रकृतिको भएकाले हिउँदको समयमा यसको महत्त्व धेरै छ। हिउँदमा दिनभरि पानी जम्मा गरी पिक आवरमा पूर्ण क्षमतामा यो परियोजना सञ्चालन गर्न सकिन्छ। यसले राष्ट्रिय विद्युत् आपूर्तिमा ठुलो योगदान छ। यही परियोजना बन्द हुँदा इकोनोमिक नोक्सानी भएको प्राधिकरणको भनाइ छ।



आंशिक रूपमा सञ्चालनमा आए हट्नेछ लोडसेडिङको जोखिम

परियोजना आंशिक रूपमा सञ्चालनमा आएमा लोडसेडिङको सम्भावित जोखिम हट्नेछ। अहिले नै यो परियोजना बन्द भएकाले भारतमा गरिने विद्युत् निर्यात कटौती भएको छ। साथै, कम्पनीको दैनिक चार करोड रुपैयाँको आम्दानी गुमेको छ। हिउँदमा परियोजना सञ्चालनमा ल्याउन नसकेमा विद्युत् आयात बढाउनुपर्ने जोखिम छ। साथै, लोडसेडिङ नै गर्नुपर्ने बाध्यता पनि आउन सक्थ्यो।

साथै, परियोजना बन्द हुँदा आर्थिक रूपमा पनि थप क्षति हुने थियो। विद्युत् आयात बढाउँदा थप खर्च हुने थियो। तर, एक महिनामा उक्त परियोजना सञ्चालनमा ल्याएमा त्यस्तो जोखिम हट्नेछ। कार्यकारी निर्देशक घिसिङका अनुसार पानी भएको अवस्थामा एउटा डिस्यान्डर प्रयोग गर्दा पनि पूर्ण क्षमता (४५६ मेगावाट)मै विद्युत् उत्पादन गर्न सकिन्छ।

निरीक्षण गर्दै ऊर्जामन्त्री खड्काले भने- पुनर्निर्माणमा मन्त्रालयले सहयोग गर्छ

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बाढीपहिरोले क्षति पुऱ्याएको दोलखाको अपर तामाकोशी जलविद्युत् आयोजनाको स्थलगत निरीक्षण गरेका छन्। मन्त्री खड्काले शनिबार आयोजनाको ड्याम साइड, पावरहाउस, सडकलगायतका भागमा भएको क्षतिको स्थलगत निरीक्षण गरेका हुन्।

त्यसक्रममा उनले आयोजनामा क्षति पुग्दा राज्यलाई दैनिक ठुलो घाटा भएको बताउँदै यथाशक्य चाँडो यसलाई मर्मत-सम्भार गरी सञ्चालनमा ल्याउनुपर्ने बताए।

'आयोजना बन्द हुँदा भोलिका दिन देखिन सक्ने ऊर्जा संकटलाई ध्यान दिएर आयोजना निर्माणको काम द्रुत गतिमा गर्नुहोस्, मन्त्रालय आवश्यक सहयोग गर्न तयार छ,' उनले बताए। निरीक्षणमा ऊर्जामन्त्री खड्कासँगै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, दोलखाका प्रमुख जिल्ला अधिकारी टुबराज पोखरेललगायतको उपस्थिति थियो।

तीन हप्ताभित्र आंशिक सञ्चालनमा ल्याइने

परियोजनालाई तीन हप्तामा आंशिक सञ्चालन गर्ने तयारी गरिएको छ। परियोजनाको बायाँ डिस्यान्डरलाई सामान्य मर्मत गरेर अल्पकालीन (आंशिक) रूपमा सञ्चालन गर्न सकिने देखिएको छ। हाल त्यसको मर्मत-सम्भार गर्ने काम भइरहेको छ। तीन हप्तामा आंशिक रूपमा सञ्चालनमा ल्याउने गरी काम भइरहेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मोहनप्रसाद गौतमले बताए। तीन हप्ताभित्र नै थोरै भए पनि विद्युत् उत्पादन थाल्ने गरी काम गरिरेहको उनको भनाइ छ।

उनका अनुसार अहिले हेडवर्क्स क्षेत्रमा थुप्रिएको ढुंगा, माटो र गेग्रिघान हटाउने काम भइरहेको छ। तर, दोलखादेखि लामाबगर सडकखण्डस्थित काभ्रेभिरआसपासमा ठुला ढुंगा खसेकाले बाटो अवरुद्ध छ। त्यसले पुनर्निर्माणलाई चाहिने सामग्री ढुवानी गर्न समस्या परेको उनले बताए। बाढीले परियोजनाको विद्युत् राष्ट्रिय ग्रिडमा जोड्ने तामाकोशी-खिम्ती प्रसारणलाइनको एउटा टावर पनि प्रभावित बनाएको छ। त्यसको पनि एक महिनाभित्र पुनर्निर्माण गर्ने प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बताए। 'बायाँ डिस्यान्डर तत्काल मर्मत गरेर सञ्चालन गर्न सकिने देखिएको छ। त्ययसलाई तत्काल मर्मत गरेर सञ्चालन गर्छौं,' उनले भने, 'अर्को दायाँ डिस्यान्डरमा भने धेरै नै क्षति पुगेको छ। त्यो बनाउन भने समय लाग्छ। त्यसको पुनर्निर्माण सकिएपछि बाँध डिस्यान्डरलाई विस्तृत रूपमा पुनर्निर्माण गर्नेछौं।'

असोजमा साढे ५३ हजार नेपाली वैदेशिक रोजगारीमा



नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को असोज महिनामा ५३ हजार पाँच सय २५ जना नेपाली कामदार वैदेशिक रोजगारीका लागि बिदेसिएका छन्। बडादसैँको रमझममा रम्नुपर्ने महिनामा पनि ५३ हजार पाँच सय २५ जना नेपाली वैदेशिक रोजगारीमा गएको वदेशिक रोजगार विभागबाट प्राप्त तथ्यांकले देखाएको छ। त्यसमा ३४ हजार एक सय ६९ जना नेपाली नयाँ श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा गएका छन्।

गत आवको असोजमा ५६ हजार दुई सय ३५ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए। त्यसमा ३८ हजार नौ सय ४२ जना नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए।

समीक्षा महिनामा विभिन्न ९८ मुलुकमा नेपाली कामदार रोजगारीका लागि गएका छन्। सबैभन्दा धेरै युएईमा १७ हजार सात सय २४ जना नेपाली कामदार रोजगारीका लागि गएका छन्। दोस्रो नम्बरमा साउदी अरबमा असोजमा मात्रै १० हजार चार सय ६८ जना नेपाली कामदार गएका छन्। तेस्रो स्थानमा रहेको कतारमा भने असोज महिनामा नौ हजार सात सय ९८ जना नेपाली गएको विभागको तथ्यांकमा उल्लेख छ।

यसैगरी, कुवेतमा तीन हजार आठ सय सात, रोमनियामा दुई हजार दुई सय चार, मलेसियामा एक हजार तीन सय १४, जापानमा एक हजार दुई सय ९९, कोरियामा एक हजार तीन, माल्दिभ्समा आठ सय ५८ र क्रोएसियामा सात सय ८३ जना नेपाली कामदार गएका छन्। अन्य मुलुकका तुलनामा धेरै नेपाली कामदार गएका मुलुक यिनै हुन्।

यसैगरी, बहराइनमा सात सय २६, ओमनमा पाँच सय नौ, साइप्रसमा चार सय ८५, मौरिटिअस मा तीन सय ८३, माल्टामा दुई सय २७, पोर्चुगलमा एक सय ८७, सर्भियामा एक सय ४६, जोर्डनमा एक सय १८, ब्रुनाई दरुस्सालामा एक सय तीन र लन्डनमा सयजना नेपाली रोजागरीका लागि गएका छन्। अन्य मुलुकमा जाने नेपाली कामदारको संख्या सयभन्दा कम छ।

तीन महिनामा एक लाख ६२ हजारभन्दा बढी बिदेसिए

चालू आवको पहिलो त्रैमासमा एक लाख ७० हजार पाँच सय ९३ जना नेपाली वदेशिक रोजगारीमा गएका छन्, त्यसमा एक लाख १० हजार ६ सय ५४ जना नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको विभागको तथ्यांकमा उल्लेख छ।

त्रैमासको कुल तथ्यांकका आधारमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या पाँच प्रतिशतले बढेको छ। गत आवको पहिलो त्रैमासमा एक लाख ६२ हजार ६ सय ९४ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए। त्यसमा एक लाख १३ हजार तीन सय ९७ जना नेपाली नयाँ श्रम स्वीकृत लिएर गएका थिए। पहिलो त्रैमासमा बिदेसिने कुल कामदारको संख्या बढे पनि नयाँ कामदारको संख्या २.४१ प्रतिशतले घटेको देखिन्छ। गत आवभरमा सात लाख ४१ हजार दुई सय ९७ नेपाली वैदेशिक रोजगारीमा गएका थिए।

चालू आवको पहिलो महिना साउनमा ५९ हजार पाँच सय ७५ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए, त्यसमा ३६ हजार नौ सय २८ जना नेपाली नयाँ श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा गएको देखिन्छ। गत आवको साउन महिनामा भने ५५ हजार पाँच सय ७५ जनाले वैदेशिक रोजगारका लागि स्वीकृति लिएका थिए। त्यसमा ३९ जना एक सय ५२ जना नयाँ श्रम स्वीकृति लिएका नेपाली कामदार थिए।

यसैगरी, भदौ मा ५७ हजार चार सय ९३ जना नेपालीले विभागबाट श्रम स्वीकृत लिएका छन्, त्यसमा ३९ हजार पाँच सय ५७ जना नयाँ श्रम स्वीकृत लिएर गएका थिए। गत आवको भदौमा ५० हजार आठ सय ८४ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए, त्यसमा ३५ हजार तीन सय तीनजना नेपाली नयाँ श्रम स्वीकृति लिएर गएका थिए।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 8.99% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

Gandaki Provincial Government
Ministry of Health
Province Health Logistics Management Centre
Pokhara, kaski

Invitation for Electronic Bids
Single Stage Two Envelope procedures

Date of publication: 20 October, 2024 (Kartik 04, 2081)
IFB No: PHLMC/G/NCB-5.1/2081-82

1. The **Province Health Logistics Management Center, Gandaki** invites electronic bids from eligible bidders for the Procurement Supply and installation of Tablet type portable USG under **National competitive bidding-Single Stage Two Envelope procedures.**

IFB no:	Item Description	Bid Security in NPR	Bid Security Validity
PHLMC/G/NCB-5.1/2081-82	Procurement Supply and installation of Tablet type portable USG	120000	19 March, 2025

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Province Health Logistics Management Center** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
4. Bidder who chooses to submit their bid electronically may purchase bid electronically from PPMO's e-GP system **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **NPR 3000** in the following Rajaswa (revenue) account as specified below.
   Name of the Bank: Rastriya Banijya Bank, Pritihivi Chowk,
   Name of Office: Province Health Logistics Management Center
   Office Code no.: 3500539014
   Office Account no.: 1000100200010000
   Rajaswa (revenue) Shirshak no: 14229
5. Pre-bid meeting shall be held at **Province Health Logistics Management Center, Pokhara** at **11:00 am** on **11 November, 2024 (kartik 26, 2081)**
6. Electronic bids must be submitted to the office **Province Health Logistics Management Center** by through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00(local time) on 19-Novembere, 2024 (Mangsir 04, 2081).** Bids received after this deadline will be rejected.
7. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hour (Local Time) on 19-November, 2024 (Mangsir 04, 2081)** at the office of **Province Health Logistics Management Center, Gandaki, Pokhara**. Bids must be valid for a period of **90 Days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for **30 days** beyond the validity period of the bid.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Director General

Invitation for Bids
Jagarnathpur Rural Municipality
Jagarnathpur, Parsa
Madhesh Province

Date of publication: 20th October 2024 (2081/07/04)

1. **Jagarnathpur Rural Municipality invites electronic bids from eligible Nepalese bidders for** Construction of Cold Store Building **as mentioned below:-**

❖ ***Under National Competitive Bidding- Single Stage, Single Envelope Bidding Procedures.***

Contract ID No.	Project Name	Esstimated Amount Nrs.(Exclusive V.A.T & Contigency)	Bid Security	Bid documents Costs
02/JRM/NCB/ WORKS/2081/082	Construction of Cold Store Building	6848335.73/-	2,10,000/-	3000/-

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents on ***PPMO website www.bolpatra.gov.no/egp.***
3. Eligible Bidder can bid electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non-refundable fee mentioned above for the project of the bidding document fee in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy of bank deposit voucher shall be uploaded by the bidders at time of electronic submission of the bids.
   Information to deposit the cost of Bid document Fee in Bank:
   Name of Bank : NIC Asia Bank Ltd.
   Name of Bank : Jagarnathpur Rural Municipality
   Account Name : **GA 1.1- Antarik Rajsaw Khata Jagarnathpur Gaupalika.**
   Account Number : **2312050004880007**
4. Pre-bid meeting shall be held at Office of ***Jagarnathpur Rural Municipality, Parsa*** at ***13:00 hours on 2024/11/11.***
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 Hrs Noon on 19th *November 2024.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hours*** **on 19th *November 2024 at*** the office of Jagarnathpur **Rural *Municipality, Jagarnathpur, Parsa***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security amounting to as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.

   For Bid Security Purpose:
   Name of Bank **: NIC Asia Bank Ltd.**
   Name of Bank : **Jagarnathpur Rural Municipality**
   Account Name : **GA 3-DHARAUTI KHATA- JAGARNATHPUR-GAUPALIKA**
   Account Number : **2312050004880012**
7. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

तरकारी खेतीमा आत्मनिर्भर पर्यटकीय भुस्मे गाउँ

लमजुङमा **शान्ता कमली**

लमजुङको मर्स्याङ्दी गाउँपालिका- ८, भुस्मेका स्थानीयले अहिले घरैपिच्छे तरकारी लगाएका छन् । केही वर्षअघि बजारमा र छिमेकीसँग तरकारी किन्दै आएका पर्यटकीय गाउँ भुस्मेका स्थानीय केही वर्षअघि बाँझो रहेको जग्गा यतिवेला भने तरकारी खेतीले हरियाली भएको छ । भुस्मेको सिङ्गो गाउँ नै अहिले तरकारी खेतीमा लागेको छ ।

किसानले काउली, बन्दा, गोलभेँडालगायत मौसमी तथा बेमौसमी तरकारी लगाएका छन् । स्थानीय अगुवा होमराज तामाङले गाउँका ५५ घरपरिवार नै तरकारी खेतीमा लागेको बताए । 'पहिले किनेर काम चलाउने गरेका थियौँ, अहिले आफैँले गर्नुपर्छ भन्ने बुझेपछि घर-घरमा टनेल बनाएका छौँ,' उनले भने, 'आफैँले तरकारी फलाउन थालेपछि आफूलाई पनि भयो । बिक्रीसमेत गरेका छौँ ।' तामाङले गाउँ तरकारीमा



आत्मनिर्भर भएको बताए ।

गाउँलेको दैनिकी तरकारी खेतीमै बिल्ने गरेको छ । ०७१ सालदखि तरकारी खेती गर्दै आएकी नीलमाया तामाङले आठ रोपनी जग्गामा अहिले व्यावसायिक तरकारी खेती गरेकी छिन् । उनले ५-६ वटा टनेल निर्माण गरी मौसमी तथा बेमौसमी तरकारी खेती गर्दै आएको बताइन् । उनले भनिन्, 'पहिलेका दिनमा दुई-चार पैसा देख्न नि रहरै हुन्थ्यो, अहिले त महिनामा नै ५० हजार आम्दानी हुन्छ ।'

नीलमायाजस्तै तरकारी फलाउन हौसिएकी छिन्, गाउँकै सुनसरी तामाङ । तरकारी खेती सुरु गरेसँगै घरखर्च र छोराछोरी पढाउन तरकारी बिक्रीबाट आएको रकम चलाउने गरेको उनले बताइन् । 'तरकारी राम्रो बिक्री हुन्छ, घरखर्च र छोराछोरीलाई उच्च शिक्षा पढाउन सहज भएको छ,' उनले भनिन् ।

भुस्मे गाउँलाई तरकारी पकेट क्षेत्र नै घोषणा गरी सञ्चालन समिति गठनसमेत गरिएको छ । गाउँलेले एक सय ५० रोपनी जग्गामा तरकारी खेती गर्दै आएका छन् । तरकारी खेतीका लागी मर्स्याङ्दी गाउँपालिका र कृषि ज्ञानकेन्द्र लमजुङले समेत सहयोग गर्दै आइरहेको छ ।

वन्यजन्तु संरक्षणमा अरिटले थाल्यो पहल

काठमाडौं/ अरिट इन्टरनेसनलले कर्पोरेट सामाजिक उत्तरदायित्वअन्तर्गत वन्यजन्तु संरक्षणमा काम गर्ने भएको छ । अरिटले ग्राहकलाई चितवन, नेपालमा संकटापन्न प्रजाति र तिनीहरूको आवासको संरक्षणका लागि गरिने पहलमा समर्थन गर्ने अवसर प्रदान गर्न लागेको हो ।

अरिटले प्रत्येक सवारीसाधन बिक्रीमा खाद्य तथा शिक्षा प्रदान गर्ने फुड फर लाइफ र होस्टे-हैँसेसँगको साझेदारीमा ग्राहकलाई शिक्षा, पोषण वा वन्यजन्तु संरक्षणमा योगदान दिने विकल्प प्रदान गर्ने जनाएको छ । यस पहलले चितवनको धनी वन्यजन्तुजस्तै बंगाल टाइगर, एकसिँगे गैँडा र एसियाली हात्तीको संरक्षण गर्न लक्ष्य राख्ने बताइएको छ ।

'हाम्रो कार्यक्रमलाई वन्यजन्तु संरक्षणमा समावेश गर्नु भनेको सबैका लागि दिगो भविष्य सुरक्षित गर्ने कुरा हो,' अरिटका क्रिएटिभ सल्लाहकार रोहन अदुकियाले भने, 'ग्राहकले अब मानिस र पृथ्वी दुवैमा अर्थपूर्ण प्रभाव पार्न सक्नेछन् ।'

मनहरीका दुग्ध उत्पादकलाई महिनाको दुईपटक भुक्तानी



मकवानपुरमा **पोष्टराज अधिकारी**

मकवानपुरको मनहरी गाउँपालिकाका दुग्ध उत्पादक किसानले अबदेखि महिनाको दुईपटक भुक्तानी पाउने भएका छन् । बिक्री गरेको दुधको रकम समयमै नपाएर समस्या भेल्दै आएका किसानले अबदेखि महिनाको दुईपटक भुक्तानी पाउने भएका हुन् ।

> भुक्तानीको जिम्मेवारी पालिकाले लिने, पुरानो बक्यौता पनि १० मंसिरभित्रै फर्स्योट

गाउँपालिकाले हेटौँडा- १९, नेवारपानीमा रहेको निजी डेरी उद्योग हेटौँडा डेरी इन्डस्ट्रिज र दुग्ध उत्पादक सहकारीसँग सम्झौता गर्दै यस्तो व्यवस्था गरेको हो । सम्झौताअनुसार १ कात्तिकदेखि लागू हुने गरी किसानलाई महिनाको दुईपटक भुक्तानी दिइने भएको छ ।

शुक्रबार मनहरी- ८ मा रहेको साना किसान कृषि सहकारी संस्थामा औपचारिक कार्यक्रमबिच सेवाको शुभारम्भसमेत गरिएको छ । गाउँपालिकाभित्र रहेका दुग्ध उत्पादक सहकारीसँगको पटक-पटकको छलफलपश्चात् सेवा शुभारम्भ गरिएको गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिए । उनले कृषकले उत्पादन गरेको दुधको भुक्तानीको सुनिश्चितताँसँगै पालिकाले नै सहकारीमार्फत दुध खरिद गरी उद्योगसँग बजारीकरणको व्यवस्था मिलाएको बताए । किसानले बेचेको दुधको भुक्तानी समयमै पाउने गरी कार्यविधि बनाइएको अध्यक्ष कालाखेतीको भनाइ छ । यसअघि मनहरीका किसानले उत्पादन गरेको दुध जिल्ला दुग्ध उत्पादक सहकारीमार्फत बिक्री हुँदै आएको थियो ।

गाउँपालिका अध्यक्ष कालाखेतीले अब दुधको भुक्तानीका लागि किसानले चार-पाँच महिना कुर्नुपर्ने अवस्थाको अन्त्य भएको बताए । 'दुधको भुक्तानी कहिले आउँछ भन्ने प्रश्नको अब हल भएको छ । पहिलेजस्तो भुक्तानीका लागि अब ५-६ महिना कुर्नुपर्दैन,' उनले भने, 'दुध उत्पादक किसान र दुध संकलन गर्ने सहकारीसँग विभिन्न चरणको छलफल गरेर यहाँसम्म आइपुगेका हौँ ।'

सम्झौताबमोजिमकै समयमा भुक्तानी हुने जानकारी दिँदै त्यसको जिम्मेवारी पालिकाले लिने दाबी गरे । किसानले पाउनुपर्ने दुधको पुरानो बक्यौतासमेत १० मंसिरभित्र भुक्तानी हुने उनको भनाइ छ । मनहरी गाउँपालिकाबाट दैनिक ६ हजार पाँच सयदेखि सात हजार लिटरसम्म दुध उत्पादन हुँदै आएको साना किसान सहकारीकी अध्यक्ष विमला कार्कीले जानकारी दिइन् । उनले वर्षौंदेखि किसानले झेल्दै आएको रकम भुक्तानीको समस्या अब समाधान हुने विश्वास व्यक्त गरिन् ।

वार्षिकोत्सवमा सिटिजन लाइफको साताव्यापी कार्यक्रम

काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी आठौँ वर्षमा प्रवेश गरेको छ । सो अवसरमा इन्स्योरेन्सले सप्ताहव्यापी कार्यक्रम सुरु गरेको छ । कम्पनीले हरेक वर्षझैँ यस वर्ष पनि संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रम गरी वार्षिकोत्सव मनाउन लागेको हो ।

इन्स्योरेन्सले यस वर्ष बिमा सचेतना कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । अझै पनि जीवन बिमासम्बन्धी जानकारी एवं चेतनाको कमी रहेको जनाउँदै यसप्रति जनचेतना वृद्धि गर्न विभिन्न ठाउँमा भव्य रूपमा सडक च्याली, घरदैलो कार्यक्रम सञ्चालन गर्ने भएको हो । यसका साथै कम्पनीका कैयौँ शाखा अन्य थुप्रै संस्थासँग आबद्ध भएर जीवन बिमासम्बन्धी कक्षासमेत सञ्चालन गर्ने इन्स्योरेन्सको भनाइ छ ।

वार्षिकोत्सवकै दिन जातीय विविधतालाई मनाउने अवसरका रूपमा लिँदै कम्पनीले यस वर्षदेखि 'विविधता र समावेशीकरण' विशेष कार्यक्रमसमेत सुरुवात गरेको छ । विविधतामा एकतालाई प्रवर्द्धन गर्ने र संस्थामा रहेका कर्मचारीबिचमा आत्मीयताको भावना विकास गर्ने साथै एक-अर्काको संस्कृतिबारे ज्ञान बढाउने यस कार्यक्रमको मुख्य लक्ष्य रहेको बताइएको छ ।

त्यस्तै, हालैको बाढीपहिरोजस्ता प्राकृतिक प्रकोपबाट पीडित परिवारलाई खाद्यान्न, न्यानो कपडालगायत अन्य राहत सामग्री वितरण गर्ने । यसै सन्दर्भमा प्राकृतिक प्रकोपलाई सामना गर्न तथा ग्लोबल वार्मिङजस्ता ठुला समस्यालाई केही हदसम्म रोक्नका लागि सिटिजन लाइफले लिएको 'गो ग्रिन' पहलअन्तर्गत विभिन्न ठाउँमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने भएको छ ।



त्यसैगरी, कम्पनीले हरेक वर्ष आयोजना गर्ने गरेको रक्तदान कार्यक्रम यसपालि पनि प्रधान कार्यालयलगायत देशभरिका विभिन्न शाखा कार्यालयमा गरिने भएको छ । 'समृद्धि तपाईंको, साथ हाम्रो' भन्ने नारासहित ०७४ कात्तिक २ बाट व्यावसायिक करोबार सुरु गरेको इन्स्योरेन्सले प्रधान कार्यालयसमेत गरी एक सय ३६ शाखा-उपशाखा कार्यालयमार्फत सेवा प्रदान गरिरहेको छ ।

जनता क्याम्पस पुनर्वास

पुनर्वास नगरपालिका-६, त्रिभुवनवस्ती कन्चनपुर

बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मिति : २०८१/०७/०४

यस जनता क्याम्पस पुनर्वासको आ. व. २०८१/०८२ अन्तर्गत तपसिल बमोजिमको कार्यको लागि मिति २०८१/०५/१२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

ठेक्का न.	कामको विवरण	फर्म/कम्पनी	कबोल रकम
JC/WORKS/NCB/1/2081/082	Construction of Library Building of Janata Campus Punarbas	श्री पवन निर्माण सेवा धनगढी, कैलाली	रु. ४५,४५,१४१/२० मु.अ.क. बाहेक

क्याम्पस प्रमुख

आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८१/०७/०४)

कास्की जिल्ला सिल्दुजुरे गा.वि.स. हाल मादी गाउँपालिका स्थित सञ्चालनमा रहेको २५ मेगावाटको माथिल्लो मादी जलविद्युत् आयोजनाका लागि निम्न दक्ष कामदाहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ ।

सि.नं	पद	योग्यता	माग संख्या	अनुभव
1	General Manager	Mechanical Engineer (ME)	१	सम्बन्धित काममा (Management teams) कम्तिमा १० वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको
2	Chief Finance Officer	BBA/BBS	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको
3	Hydraulic Engineer	BE (Hydraulic Engineer)	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको
4	Mechanical Engineer	ME (Electrical)	१	सम्बन्धित काममा कम्तिमा ७ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
5	Director	BE	१	सम्बन्धित काममा कम्तिमा ५-७ वर्ष को अनुभव भएको चिनियाँ र अङ्ग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको

१. गर्नु पर्ने कामको विवरण : आयोजनाको आवश्यकता अनुसार
२. काम गर्नु पर्ने क्षेत्र तथा स्थल : आयोजना स्थल
३. कार्यरत रहने अवधि : १ वर्ष
४. संलग्न कागजातहरू : शैक्षिक प्रमाण-पत्र र अनुभवका कागजातहरू

मादी पावर प्रा. लि.
बालुवाटार, काठमाडौं
इमेल : madipower2gad@gmail.com

कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०७/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

सुर्खेत शाखा

ऋणीहरूको विवरण	धितो सुरक्षणको विवरण
१. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०४/१९ मा दर्ता नं. २२०३३७/०७६/०७७ कायम भई दर्ता रहेको सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **कर्णाली मल प्रा.ली.** **संचालक अध्यक्ष - धर्मराज ढकाल** २. प्रदेश व्यापार व्यवसाय (दर्ता तथा संचालन) ऐन, २०७८ बमोजिम, कर्णाली प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वीरेन्द्रनगर सुर्खेतमा मिति २०८०/०६/०२ मा निजी फ.द.नं.१६७१०/०८०/०८१ कायम भई दर्ता रहेको सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **कर्णाली सप्लायर्स** **प्रोप्राईटर- यामुना ढकाल** ३. **धर्मराज ढकाल** ना.प्र.नं.- ३०४१४/६७४ जारी मिति - २०५४/०७/०७, जि.प्र.का. सुर्खेत बाबु - भरत प्रसाद ढकाल बाजे - चेतनाथ ढकाल स्थायी ठेगाना- सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ०६ हालको ठेगाना- ऐ.ऐ	१. **भरत प्रसाद ढकाल**को नाममा मालपोत कार्यालय, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. १०८६ को क्षे.फ. ०-२-० (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । २. **खड्ग देवी ढकाल**को नाममा मालपोत कार्यालय, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स./न.पा., वडा नं. ५ स्थित कित्ता नं. १७२, १७७, २४६, २६०, १९३ र १८२ को क्षे.फ. क्रमश ०-३-९, ०-३-९$^{१/२}$, ०-१-४$^{३/४}$, ०-५-०, ०-४-० र ०-३-३$^{१/४}$ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । ३. **खड्ग देवी ढकाल**को नाममा मालपोत कार्यालय, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स./न.पा., वडा नं. १ स्थित कित्ता नं. ५९९ र ६०० को क्षे.फ. क्रमश ०-१-४ र ०-१-३$^{१/२}$ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । ४. **खड्ग देवी ढकाल**को नाममा मालपोत कार्यालय, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स./न.पा., वडा नं.३ स्थित कित्ता नं. ५०३, ४३०५ र ४३०४ को क्षे.फ. क्रमशः ०-०-१०, ०-०-५ र ०-०-५ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । ५. ऋणी **कर्णाली मल प्रा.ली.** र **कर्णाली सप्लायर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **धर्मराज ढकाल**
ना.प्र.नं.- ३०४१४/६७४
जारी मिति - २०५४/०७/०७, जि.प्र.का. सुर्खेत
बाबु - भरत प्रसाद ढकाल
बाजे - चेतनाथ ढकाल
स्थायी ठेगाना- सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ०६
हालको ठेगाना- ऐ.ऐ

२. **भरत प्रसाद ढकाल**
ना.प्र.नं.- ७१५१-३५८४
जारी मिति - २०४२/१०/१४, जि.प्र.का. सुर्खेत
बाबु - चेतनाथ ढकाल
बाजे - रघुनाथ ढकाल
स्थायी ठेगाना- सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ०६
हालको ठेगाना- ऐ.ऐ

३. **खड्ग देवी ढकाल**
ना.प्र.नं.- ४५८९
जारी मिति - २०३७/०५/१३ जि.प्र.का. सुर्खेत
बाबु - भवानी प्रसाद देवकोटा
बाजे - गोविन्द प्रसाद देवकोटा
स्थायी ठेगाना- सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ०६
हालको ठेगाना- ऐ.ऐ

४. **यामुना ढकाल**
ना.प्र.नं.- ६४१०१७/९०१५४
जारी मिति - २०६६/०१/१७ जि.प्र.का. सुर्खेत
बाबु - बल बहादुर थापा
बाजे - नर बहादुर थापा क्षेत्री
स्थायी ठेगाना- सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ०६
हालको ठेगाना- ऐ.ऐ

बिर्तामोड शाखा

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
१. **तुलसी राम कडरीया** ना.प्र.नं.- ६४३८१०८८ जारी मिति - २०५५/०६/२७ जि.प्र.का. झापा बाबु - शेखर कडरीया बाजे - प्रतिमान कडरीया स्थायी ठेगाना- झापा जिल्ला, बिर्तामोड गा.वि.स., वडा नं. ०५ हालको ठेगाना - ऐ.ऐ	१. **तुलसी राम कडरीया**को नाममा मालपोत कार्यालय, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ६२, ९३७५ र ९३७६ को क्षे.फ. क्रमश ०-३-०, ०-१-१६.५ र ०-०-३.५ (वि.क.धु० जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **तुलसा पाठक**
ना.प्र.नं.- ४१००८।१७४८
जारी मिति - २०६८/०२/२२ जि.प्र.का. झापा
बाबु - टिका प्रसाद पाठक
पति- तुलसी राम कडरीया
स्थायी ठेगाना- झापा जिल्ला, बुधबारे गा.वि.स वडा नं. ०५
हालको ठेगाना- झापा जिल्ला, बिर्तामोड नगरपालिका, वडा नं. ०५

विराटनगर, मोरङ्ग शाखा

ऋणीहरूको विवरण	धितो सुरक्षणको विवरण
१. **राधा श्याम लुईटेल** ना.प्र.नं.- ५४५/१५८१ जारी मिति - २०४२/०८/१९, जि.प्र.का.ओखलढुंगा बाबु - तिलक बहादुर लुईटेल बाजे- बखत बहादुर लुईटेल स्थायी ठेगाना- ओखलढुंगा जिल्ला कोलचौर गा.वि.स. वडा नं. ०५ हालको ठेगाना- मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. ०२....१ र **कल्पना लुईटेल** ना.प्र.नं.- ११३/२१ जारी मिति - २०४६/०१/२२, जि.प्र.का. मोरङ्ग बाबु - तिलक बहादुर कार्की बाजे- कृष्ण बहादुर कार्की स्थायी ठेगाना- मोरङ्ग जिल्ला थलाहा गा.वि.स. वडा नं. ०५ हालको ठेगाना- मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. ०२....१ को संयुक्त	१. **कल्पना लुईटेल**को नाममा मालपोत कार्यालय, विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कटहरी गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ७७९ को क्षे.फ.२३७.०२ (व.मि.) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **सुमन लुईटेल**
ना.प्र.नं.- ७४०८६-५६५९४
जारी मिति - २०६०/०२/०५ जि.प्र.का. काठमाडौं
बाबु - राधा श्याम लुईटेल
बाजे - तिलक बहादुर लुईटेल
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, थलाहा गा.वि.स.., वडा नं. ५
हालको ठेगाना-मोरङ्ग जिल्ला कटहरी गा.पा.वडा नं. २

२. **सुमित लुईटेल**
ना.प्र.नं.- ९३६५
जारी मिति - २०६४/१०/२७ जि.प्र.का. मोरङ्ग
बाबु - राधा श्याम लुईटेल
बाजे - तिलक बहादुर लुईटेल
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, थलाहा गा.वि.स.., वडा नं. ५
हालको ठेगाना-मोरङ्ग जिल्ला कटहरी गा.पा.वडा नं. २

३. **सुभास लुईटेल**
ना.प्र.नं.- ७४२३४
जारी मिति - २०६०/०२/०८ जि.प्र.का. मोरङ्ग
बाबु - राधा श्याम लुईटेल
बाजे - तिलक बहादुर लुईटेल
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, थलाहा गा.वि.स.., वडा नं. ५
हालको ठेगाना-मोरङ्ग जिल्ला कटहरी गा.पा.वडा नं. २

४. **सुसिला खड्का**
ना.प्र.नं.- ०९३०२०/१६३
जारी मिति - २०६३/११/०४ जि.प्र.का. भोजपुर
बाबु - कृष्ण बहादुर खड्का
बाजे - लाल बहादुर खड्का
स्थायी ठेगाना- भोजपुर जिल्ला, प्याउली गा.वि.स., वडा नं. ९
हालको ठेगाना- मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. ०२

५. **टिका प्रसाद निरौला**
ना.प्र.नं.- ४८४१३/५०४१३
जारी मिति - २०५६/०४/१८ जि.प्र.का. सुनसरी
बाबु - खगराज निरौला
बाजे - उमा प्रसाद निरौला
स्थायी ठेगाना- सुनसरी जिल्ला, डुम्राहा गा.वि.स.., वडा नं. ३
हालको ठेगाना- मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०३

पुरानो पर्सा, चितवन शाखा

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
सैलेश तिमिल्सीना ना.प्र.नं.- २२१८/०४४ जारी मिति - २०५९/०९/०९, जि.प्र.का. चितवन बाबु - प्रेमलाल तिमल्सीना बाजे - गोपीलाल जैशी स्थायी ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ हालको ठेगाना- ऐ.ऐ	१. **प्रेमलाल तिमिल्सीना**को नाममा मालपोत कार्यालय, खैरहनीमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी न.पा ०९,, (साविक खैरहनी गा.वि.स/न.पा वडा नं. ३) स्थित कित्ता नं. ७६१ को क्षे.फ. ०-१-१६ (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **प्रेमलाल तिमिल्सीना**
ना.प्र.नं.- ८२३
जारी मिति - २०३६/०६/०४
जि.प्र.का. चितवन
बाबु - गोपीलाल जैशी
बाजे - नितुलाल
स्थायी ठेगाना- चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. ०७
हालको ठेगाना-चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९

२. **रोशनी शर्मा तिमिल्सीना**
ना.प्र.नं.- ३५१०१०/१५४९
जारी मिति - २०७०/०१/०९
जि.प्र.का. चितवन
बाबु - युवराज शर्मा
बाजे - खडा नन्द शर्मा
स्थायी ठेगाना- चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं. ०७
हालको ठेगाना-चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सदैका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(नयाँ पत्रिका दैनिक - प्रकाशित मिति २०८१ साल कार्तिक महिना ४ गते)

सुकु महर्जनको छोरी वंश नारायण डंगोलको श्रीमती, बागमती प्रदेश काठमाडौं जिल्ला का.म.न.पा. १६ बस्ने वर्ष ७३ को चन्द्रमाया डंगोलको मिति २०८१/ १०/ २९ मा मृत्यु भएकोले निजको नाममा यस जयश्री माता नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि.को आवधिक बचत खातामा भएको निक्षेपमा कोही कसैको हकदावी भए वित्तिय संस्था सम्बन्धी ऐन बमोजिम अग्राधिकरवाला हकदारले यो सूचाना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकरी संस्थाको कार्यालय बालाजुमा सबुत प्रमाण सहित दावी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको र रित नपुगेको निवेदन उपर कुनै कार्वाही नहुने र म्याद भुक्तान पश्चात कसैको दावी परेमा मान्य नहुने यसै सूचानाद्वारा जानकारी गराइन्छ ।

जयश्री माता नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि.
बालाजु-१६, बाईपास, काठमाडौं, ०१-४९५२३६६

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

सिजन २०२४/२५

धेरै कमाउने फुटबल खेलाडी

एजेन्सी/ पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो सन् २०२४/०२५ सिजनमा सर्वाधिक कमाउने खेलाडी बनेका छन्। फोर्ब्सले वर्षभरि सर्वाधिक रकम आर्जन गरेका दश खेलाडीको सूची सार्वजनिक गरेको छ। खेलाडीले क्लबसँग गरेको सम्झौताअनुसार पाउने तलब, बोनस, इमेज राइट्स, स्पोन्सरलगायतबाट जोडेर वार्षिक आम्दानी गणना गरिएको फोर्ब्सले जनाएको छ। सर्वाधिक कमाउने खेलाडीमा साउदी प्रो लिग खेलेका चार खेलाडी छन्। पछिल्लो समय साउदीले सर्वचर्चित खेलाडीमा पैसाको खोलो बगाउने गरेको छ। रोनाल्डोसँगै साउदी लिग खेलिरहेकोमा नेयमार, करिब बेन्जेमा, र साडियो माने छन्। साउदी प्रो लिगले विश्व चर्चित इंग्लिस प्रिमियर लिगलाई पछि पार्‍यो। प्रिमियर लिगबाट तीन खेलाडी छन्। एर्लिङ हाल्यान्ड, मोहम्मद सलाह र केभिन डी ब्रुयना रहँदा स्पेनिस ला लिगाबाट भिनिसियस जुनियर र केलिएन एम्बाप्पे छन्। लियोनल मेसी एक्लैले अमेरिकी मेजर लिग सकरको प्रतिनिधित्व गरेका छन्। युरोपको उत्कृष्ट लिग मानिएका इटालियन सिरी 'ए' र जर्मन बुन्डेसलिगाबाट कुनै पनि खेलाडी शीर्ष दशभित्र स्थान बनाउन सकेनन्।

क्रिस्टियानो रोनाल्डो (वर्ष ३९)

क्लब– अल नासर (साउदी अरेबिया)

कमाइ– २८५ मिलियन डलर

पोर्चुगलका ३९ वर्षीय कप्तान हाल साउदी प्रो लिग क्लब नल नासरमा आबद्ध छन्। पछिल्लो तीन सिजन नल आसनरमा रहेका उनी अझै पनि पहिलो ट्रफी उचाल्ने दाउमा छन्। तर, उनी फोर्ब्सले सार्वजनिक गरेको सर्वाधिक कमाउने खेलाडीको सूचीमा शीर्ष स्थानमा छन्। उनले वर्षभरिमा कुल २८५ मिलियन डलर कमाएका छन्। जसमा मैदानभित्रको सम्झौताबाट २२० मिलियन र स्पोन्सरबाट ६५ मिलियन कमाइ रहेको छ। सामाजिक सञ्जालमा सर्वाधिक रुचाइएका खेलाडीमा पर्ने रोनाल्डोले अगस्टमा मात्रै युट्युब लन्च गरेका थिए। जसमा ९० मिनेटमै एक मिलियन सब्स्क्राइब पुगे। रोनाल्डो विश्वचर्चित स्पोर्टस् कम्पनीहरू नाइक, हर्बालाइफ र हुपसँग जोडिएका छन् जसबाट उनले ठूलो धन आर्जन गर्छन्।

लियोनल मेसी (३७ वर्ष)

क्लब– इन्टर मियामी (अमेरिका)

कमाइ– १३५ मिलियन डलर

मेसीले यसै सिजन अर्जेन्टिनाका लागि १६औँ कोपा अमेरिकाको उपाधि जिताएका थिए। करिअरमा उनको यो दोस्रो कोपा अमेरिकाको उपाधि थियो। त्यसअघि उनी सन् २०२२ मा कतारमा भएको फिफा विश्वकप उपाधि जित्न सफल भए। स्पेनिस क्लब बार्सिलोनाबाट युरोपका अधिकांश चर्चित उपाधि उचालेका मेसी मेजर लिग सकर पुगेसँगै फिफा विश्वकप नै जित्न सफल भएका हुन्। फ्लोरिडाको क्लबबाट खेलिरहेका उनले यस वर्ष १३५ मिलियन डलर कमाएका छन्। जसमा मैदानभित्रको कमाइ ६० मिलियन डलर छ। स्पोन्सरबाट ७५ मिलियन डलर कमाउँछन्। मेसी एडिडास, एप्पल टिभी र कोनामीजस्ता विश्वचर्चित ब्रान्डसँग आबद्ध छन्। जसबाट ठुलो आम्दानी आर्जन गर्दै आएका मेसीले सन् २०२५ सम्म इन्टर मियानीमै रहने गरी सम्झौता गरेका छन्।

नेमार (वर्ष ३२)

क्लब– अल हिलाल (साउदी अरेबिया)

कमाइ – ११० मिलियन डलर

फ्रेन्च लिग पेरिस सेन्ट जर्मेन (पिएसजी) छाडेर सन् २०२३ को सिजनमा नेमार साउदी प्रो लिग क्लब अल हिलालमा जोडिएका हुन्। तर, उनका लागि साउदी प्रो लिग सुखद रहन सकेको छैन। ३२ वर्ष लागिसकेका नेमार एक वर्षदेखि मैदानबाहिर छन्। घुँडामा चोटका कारण विश्राम लिएका अब उनी छिट्टै मैदान फर्कने तयारीमा छन्। यस क्रममा उनले साउदी प्रो लिगमा मात्र पाँच खेल खेले। ब्राजेलियन स्टारका लागि अल हिलालले ठुलो लगानी गरेको छ। सन् २०१७ मा स्पेनिस क्लब बार्सिलोनाबाट पिएसजी आउँदा उनको मूल्य २६३ मिलियन डलर थियो। अहिले नेमारको मैदानभित्रको कमाइ ८० मिलियन तथा मैदानबाहिरको कमाइ ३० मिलियन डलर रहेको छ। नेमार पुमा, रेड बुल, स्किम्स, कोनामीजस्ता ब्रान्डसँग जोडिएका छन्।



करिम बेन्जेमा (३६ वर्ष)

क्लब– अल इत्तिहाद (साउदी अरेबिया)

कमाइ – १०४ मिलियन डलर

घाइते भएका करिम बेन्जेमाले अल इत्तिहादका लागि पहिलो सिजनमा जम्मा २१ खेल खेले। सन् २००९/०१० सिजनपछि उनी पहिलोपटक एक सिजनमा ९ गोल गर्ने खेलाडीमा झरे। बालोन 'डी' ओर विजेता ३६ वर्षीय खेलाडी अहिले भने लयमा छन्। यो सिजन ६ खेलमा सात गोल गर्न सफल भइसकेका छन्। टिमले पाँच जित निकालेको छ। वर्षभरि सर्वाधिक कमाइ गर्ने फुटबल खेलाडीको सूचीमा चौथो स्थानमा छन्। उनका लागि साउदीको अल इत्तिहादले एक सय मिलियन डलर खर्च गरेको छ। फ्रान्स र रियल मड्रिडका पूर्वखेलाडीले स्पोन्सरबाट ४ मिलियन डलर कमाउँदै आएका छन्। उनी फ्रान्सले सन् २०१८ को फिफा विश्वकप र सन् २०२१ मा नेसन्स लिग उपाधि जित्दाका मुख्य खेलाडी हुन्।

केलियन एम्बाप्पे (२५ वर्ष)

क्लब– रियल म्याड्रिड (स्पेन)

कमाइ– ९० मिलियन

युरोपियन च्याम्पियन्स लिग उपाधि जित्ने सपना बोकेका युवा स्टार केलियन एम्बाप्पे यसै सिजन रियल म्याड्रिडमा अनुबन्ध भएका छन्। सन् २०१७ मा मोनाकोबाट पिएसजी अनुबन्ध भएका एम्बाप्पेले च्याम्पियन्स लिग उपाधि जित्न सकेका छैनन्। सपना पूरा नभएपछि उनी यसै सिजन स्पेन पुगेका हुन्। २५ वर्षीय खेलाडीले फ्रान्सका लागि फिफा विश्वकप जितिसकेका छन्। बाल्यकालदेखि नै रियलमा खेल्ने सपना देखेका एम्बाप्पेलाई क्लबले ८० हजार समर्थकमाझ सार्वजनिक गरेको थियो। पिएसजीले फुकुवा नगरेपछि क्लबसँग सम्बन्ध नै सुमधुर हुन सकेन। त्यसैले अहिले कोर्टमा पुगेका छन्। हाल उनी नाइक, हुब्लट, फिफा ई-स्पोर्टस्सँग आबद्ध छन्। उनी सन् २०१८ मा १९ वर्ष हुँदा डेब्यु गर्दै पेलेपछि विश्वकप खेल्ने कम उमेरको खेलाडी बनेका थिए।

सर्वाधिक कमाउने १० खेलाडी

नाम	क्लब	सम्झौताबाट	स्पोन्सर	जम्मा कमाइ
क्रिस्टियानो रोनाल्डो	अल नासर	२२० मिलियन	६५ मिलियन	२८५ मिलियन डलर
लियोनल मेसी	इन्टर मियामी	६० मिलियन	७५ मिलियन	१३५ मिलियन डलर
नेमार	अल हिलाल	८० मिलियन	३० मिलियन	११० मिलियन डलर
करिम बेन्जेमा	अल इत्तिहाद	१०० मिलियन	४ मिलियन	१०४ मिलियन डलर
केलियन एम्बाप्पे	रियल म्याड्रिड	७० मिलियन	२० मिलियन	९० मिलियन डलर
एर्लिङ हाल्यान्ड	म्यानचेस्टर सिटी	४६ मिलियन	१४ मिलियन	६० मिलियन डलर
भिनिसियस जुनियर	रियल म्याड्रिड	४० मिलियन	१५ मिलियन	५५ मिलियन डलर
मोहम्मद सलाह	लिभरपुल	३५ मिलियन	१८ मिलियन	५३ मिलियन डलर
साडियो माने	नल नासर	४८ मिलियन	४ मिलियन	५२ मिलियन डलर
केभिन डी ब्रुयना	म्यानचेस्टर सिटी	३५ मिलियन	४ मिलियन	३९ मिलियन डलर

खेल संक्षेप

वीरगन्जको विजयी सुरुवात

काठमाडौं/ श्री कुमारी क्लबलाई ३-२ ले पराजित गर्दै वीरगन्ज युथ एकेडेमीले दोस्रो भेट्रान्स फुटबल प्रतियोगितामा विजयी सुरुवात गरेको छ। शनिबार भक्तपुरको मध्यपुर युथ एसोसिएसन मैदानमा वीरगन्जलाई जिताउन चक्रधर चौधरी, सञ्जयकुमार मण्डलले गोल गरेका थिए। श्रीकुमारीका हरिशंकर महर्जनले आत्मघाती गोल गरेका हुन्। श्रीकुमारीका लागि सुधीर महर्जनले दुई गोल गरेका थिए। फुटबलर्स मिसन दुगेदरले आयोजना गरेको प्रतियोगिताको उद्घाटन खेलमा वीरगन्जका सञ्जय नै प्लेअर अफ दी म्याच घोषित भए। दोस्रो खेलमा सरस्वतीनगर भेट्रान्स क्लबले गण्डकी प्रदेश फुटबल संघलाई पराजित गऱ्यो। निर्धारित समयको खेल १-१ को बराबरी भएपछि खेलको नतिजा पेनाल्टीमा आएको थियो। पेनाल्टीमा टोली २-० ले विजयी भएको हो। यसअघि प्रतियोगिताको उद्घाटन नागार्जुन नगरपालिकाका प्रमुख मोहनबहादुर बस्नेतले गरेका थिए। प्रतियोगितामा आइतबार तीन खेल हुनेछन्। पहिलो खेलमा विजय युथ क्लब हेटौंडाविरुद्ध महावीर क्लब, फ्रिडम फाइटरविरुद्ध विआर ब्रदर्स र धरान भेट्रान्सविरुद्ध वीरगन्ज युथ एकेडेमीबिचको खेल हुनेछ।

एएफसी यू-१९ खेल्ने खेलाडीको बिदाइ

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)ले एएफसी यू-१७ एसियन कप छनोटमा सहभागी हुन कतार जाने टोलीको बिदाइ गरेको छ। टोलीलाई बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामा, एन्फा अध्यक्ष पंकजविक्रम नेम्बाङ, महासचिव किरण राई, सदस्य मनीष जोशी र मणिराज विष्टलगायतले बिदाइ गरे। छनोटको समूह 'एफ'मा नेपालसँगै बलिया टोली जापान, कतार र मंगोलिया छन्। सनोज श्रेष्ठको प्रशिक्षणमा रहेको नेपालले अक्टोबर २३ मा जापानसँग खेल्दै प्रतियोगिताको सुरुवात गर्नेछ। यसैगरी, नेपालले अक्टोबर २५ मा घरेलु टोली कतार र अक्टोबर २७ मा मंगोलियाको सामना गर्नेछ। सुवास बम कप्तान रहेको टोलीमा पेम्बा नुर्बुभोट, रामबहादुर बोहरा, विशेष बानियाँ, प्रशान्त मोक्तान, सुजलमान घले, निशान राजलवट, भुवन कामी, एकराज विश्वकर्मा, जोन विष्ट, सविन कटवाल, अनुभव पुरी, लक्ष्मण थामी, विज्ञान खड्का, आलिक श्रेष्ठ, सविनकुमार लुंगेलीमगर, रोहित श्रेष्ठ, सन्तोष गोंगबा, रञ्जित लामा, तेन्जिङ शेर्पा र दिग्विजय शाही छन्।

चित्लाङ क्वार्टरफाइनलमा

काठमाडौं/ चित्लाङ फुटबल क्लब सातौं बेलबारी गोल्डकपको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। शनिबार बेलबारी-११ लक्ष्मीमार्गस्थित लक्ष्मी खेल मैदानमा आयोजक एलएक्स सिटी फुटबल क्लबलाई ३-२ ले हराउँदै चित्लाङले अन्तिम आठ पक्का गऱ्यो। चित्लाङको जितमा सनम धिमाल तथा विदेशी खेलाडी कार्लोस र हेनरीले समान एक गोल गरे। आयोजकका तर्फबाट सुशील राई र प्रदीप लामाले गोल गरे। सुरुवाती अग्रता जोगाउन नसक्दा आयोजक एलएक्स सिटी पहिलो खेलबाटै बाहिरिन बाध्य भयो। खेलको म्यान अफ दी म्याच कार्लोस घोषित भए। उनले नगद पाँच हजार पाएका छन्।

गण्डकीले ट्यालेन्ट हन्ट गर्ने

पोखरा/ नेपाल प्रिमियर लिग (एनपिएल)को फ्रेन्चाइज टिम पोखरा एभेन्जर्सले ट्यालेन्ट हन्ट गर्ने भएको छ। खुला छनोटबाट स्थानीय क्रिकेट र युवा खेलाडीको विकासका लागि पोखरा एभेन्जर्सले गण्डकी हिरोजको अवधारणा अघि सारेको छ। पोखरा एभेन्जर्समा रहने गण्डकी हिरोजले स्थानीयसँगै प्रदेशस्तरबाट विभिन्न प्रतियोगितामा वर्षभरिनै प्रशिक्षण र प्रतिस्पर्धामा सहभागी हुनेछ। खुला छनोटबाट गण्डकी हिरोजमा उत्कृष्ट ५ खेलाडी छानिनेछन्। छनोट भएका खेलाडीलाई पोखरा एभेन्जर्सको बन्द प्रशिक्षणमा समावेश गर्नेछ। छनोटबाट आएका उत्कृष्ट पाँचमध्ये एक जनालाई आइकोनिक खेलाडीको रूपमा गण्डकी प्रदेशको प्रतिनिधित्व गरिरहेको पोखरा एभेन्जर्सबाट एनपिएल खेल्ने अवसर प्राप्त गर्नेछन्। फ्रेन्चाइज क्रिकेटमार्फत घरेलु क्रिकेट विकासमा ठोस योगदान गर्ने उद्देश्यले गण्डकी हिरोजको अवधारणामा काम गरिएको पोखरा एभेन्जर्सका मालिक सुबोध त्रिपाठीले बताए। पोखरा एभेन्जर्सले मार्की खेलाडीको रूपमा कुशल भुर्तेल र मुख्य प्रशिक्षकमा पूर्वभारतीय क्रिकेटर तथा प्रशिक्षक राजीव कुमारलाई अनुबन्ध गरिसकेको छ।

महिला टी-२० विश्वकप

आज नयाँ च्याम्पियनको टुंगो लाग्ने

सर्वाधिक ६ पटकको अस्ट्रेलिया र एकपटकको उपाधि विजेता वेस्ट इन्डिज सेमिफाइनलबाट बाहिरिएपछि नवौं संस्करणले नयाँ च्याम्पियन पाउने पक्का भएको थियो



एजेन्सी/ आइसिसी महिला टी-२० विश्वकपले आज नयाँ च्याम्पियन पाउँदै छ। उपाधिका लागि न्युजिल्यान्ड र दक्षिण अफ्रिकाबिच दुबईमा प्रतिस्पर्धा हुँदै छ। सर्वाधिक ६ पटकको अस्ट्रेलिया र एकपटकको उपाधि विजेता वेस्ट इन्डिज सेमिफाइनलबाट बाहिरिएपछि नवौं संस्करणले नयाँ च्याम्पियन पाउने पक्का भयो। एकपटकको विजेता इंग्ल्यान्ड भने समूह चरणबाटै बाहिरिएको थियो।

न्युजिल्यान्ड १४ वर्षपछि फाइनलमा स्थान बनाएको हो। यसअघि सन् २००९ र सन् २०१० मा लगातार फाइनल पुगेको न्युजिल्यान्ड त्यसयता कहिल्यै सेमिफाइनलबाट माथि बढ्न सकेन। दक्षिण अफ्रिका भने लगातार दोस्रोपटक फाइनलमा स्थान बनाउन सफल भयो। पछिल्लो संस्करण भएको फाइनलमा अस्ट्रेलियाले १९ रनको जित निकालेको थियो। त्यही हारको बदला लिँदै दक्षिण अफ्रिकाले फाइनलमा स्थान बनायो।

न्युजिल्यान्डकी कप्तान सोफी डेभिन तथा लौरा वोल्भार्ड दुवैले उपाधि जित्ने दाबी गरेका छन्। दुवै टोलीले पछिल्लो पाँच खेलमा समान चार खेल जितेका छन्। दुई टोलीबिचको पछिल्लो पाँच खेलमा समान एक जित निस्केको छ। तीन खेल भने रद्द भएका थिए।

यसअघि समूह 'ए'बाट न्युजिल्यान्ड र समूह 'बी'बाट दक्षिण अफ्रिका उपविजेता हुँदै सेमिफाइनलमा प्रवेश गरेका थिए। न्युजिल्यान्डले वेस्ट इन्डिजलाई ८ रनले हरायो। पहिला ब्याटिङ गरेको न्युजिल्यान्डले ९ विकेट गुमाउँदै १२८ रन बनाएको थियो। प्रत्युत्तरमा वेस्ट इन्डिजले ८ विकेट गुमाउँदा मात्र १२० रन बनाउन सक्यो। यसअघि पहिलो सेमिफाइनलमा दक्षिण अफ्रिकाले अस्ट्रेलियालाई ८ विकेटले हराएको थियो। पहिला ब्याटिङ गरेको अस्ट्रेलियाले कमजोर सुरु गर्दै पाँच विकेट गुमाएर १३५ रनको लक्ष्य दिएको थियो। प्रत्युत्तरमा दक्षिण अफ्रिकाले २ विकेट गुमाउँदै जित निकालेको हो।

फाइनलअघि दक्षिण अफ्रिकाकी कप्तान लौराले सर्वाधिक १९० रन बनाएकी छिन्। दक्षिण अफ्रिकाकै ताजमिन ब्रिट्सले १७० रन बनाउँदै दोस्रो स्थानमा छिन्। यता, सर्वाधिक विकेट लिने खेलाडीमा न्युजिल्यान्डकी अमेलिया केर छिन्। उनले पाँच इनिङ्समा १२ विकेट लिइन्। दक्षिण अफ्रिकाकी २४ वर्षीय नोनकुलुलेको लाबाले १० विकेट लिँदै केरलाई पछ्याइरहेकी छिन्।

हालसम्मका विजेता र उपविजेता

मिति	विजेता	उपविजेता
सन् २००९	इंग्ल्यान्ड	न्युजिल्यान्ड
सन् २०१०	अस्ट्रेलिया	न्युजिल्यान्ड
सन् २०१२	अस्ट्रेलिया	इंग्ल्यान्ड
सन् २०१४	अस्ट्रेलिया	इंग्ल्यान्ड
सन् २०१६	वेस्ट इन्डिज	अस्ट्रेलिया
सन् २०१८	अस्ट्रेलिया	इंग्ल्यान्ड
सन् २०२०	अस्ट्रेलिया	भारत
सन् २०२३	अस्ट्रेलिया	दक्षिण अफ्रिका

निर्मलाले जितिन् पाँचपोखरी महिला ट्रेल रेस


नयाँ पत्रिका

पाँचपोखरी महिला ट्रेल रेसको उपाधि निर्मला राईले जितेकी छिन्। नेपालमा पहिलोपटक आयोजना भएको चार हजार मिटरभन्दा बढी उचाइको रेस निर्मलाले दुई घण्टा २८ मिनेटमा पूरा गरिन्। २८ किलोमिटर दौड पूरा गरेकी निर्मलाले जनही ५० हजार प्राप्त गरिन्।

विश्व समावेशी साहसी संस्था र सिन्धुपाल्चोकका १२ वटै पालिकाको सहकार्यमा 'पाँच पोखरी महिला ट्रेल रेस २०८१' सम्पन्न भएको हो। पाँचपोखरी थाङपाल गाउँपालिका उपाध्यक्ष सुनिता अधिकारीको नेतृत्वमा सम्पन्न ट्रेल रेसमा ५१ जनाले भाग लिएका थिए।

यसैगरी, दुई घण्टा ४९ मिनेटमा रेस पूरा गरेर दोस्रो भएकी ओखलढुंगाकी लाक्पा निग्मा शेर्पाले २५ हजार प्राप्त गरिन्। हेलम्बुकी नितु तामाङले दुई घण्टा ५८ मिनेटमा रेस पूरा गरेर तेस्रो स्थान हासिल गरिन्। उनले १५ हजार प्राप्त गरेकी छिन्। तीन घण्टा ११ मिनेटमा रेस पूरा गरेकी सिन्धुपाल्चोककै अस्मिता भुजेल चौथो भइन्। उनले १० हजार पाइन्। तीन घण्टा १८ मिनेटमा रेस पूरा गरेकी रोल्पाकी आस्मा विक पाँचौं भइन्। रेस जित्ने तथा सहभागी महिला धावकलाई उपसभामुख इन्दिरा रानाले पुरस्कार तथा मायाको चिनो वितरण गरेकी थिइन्।

पुरस्कार वितरण समारोहमा बोल्दै पाँचपोखरी गाउँपालिका अध्यक्ष टासी लामाले सन् २०१७ मा गाउँपालिकालाई पर्यटनको हब बनाउन म्याराथन प्रारम्भ गरेको बताए। उपसभामुख इन्दिरा रानाले यो म्याराथनले महिला सशक्तीकरण, पर्यटनमा टेवा पुऱ्याउने बताइन्।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com